# सुगतिको सुनिश्चितताको लागि अभिधर्म




लेखकः आर.बि.वन्द्य

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# सुगतिको सुनिश्चितताको लागि अभिधर्म

(Abhidhamma for the Assured Attainment of Sugati - the Happy States)

लेखक / Author
आर. बि. वन्द्य / R. B. Vandya

Dhamma.Digital

प्रकाशक
ज्ञान ज्योति कंसाकार
लक्ष्मीप्रभा कंसाकार

बुद्ध सम्बत्·२५४७ (2547 B.E.)
विक्रम सम्बत् २०६० (2060 B.S.)
नेपाल सम्बत् ११२४ (1124 N.E.)
ईस्वी सम्बत् २००४ (2004 A.D.)

Downloaded from http://dhamma.digital

प्रकाशक
ज्ञानज्योति कंसाकार
लक्ष्मीप्रभा कंसाकार
क्वापुखू, ठंहिटी, काठमाडौं ।

यो पुस्तक धम्मदानको लागि हो, विक्रीको लागि होइन ।

प्रथम संस्करण : १,२०० प्रति

सर्वाधिकार © : लेखकमा सुरक्षित

ISBN No. 99933-876-8-1

बुद्ध सम्बत् : २५४७
नेपाल सम्बत् : ११२४
विक्रम सम्बत् : २०६०
ईस्वी सम्बत् : २००४

आवरण डिजाइन : स्वयम्भू रत्न बज्राचार्य

मुद्रक :
स्पेक्ट्रम अफसेट प्रेस
गणबहाल, काठमाडौं
फोन नं. ४२६६८९२

Downloaded from http://dhamma.digital

"यो धम्मं पस्सति सो मं पस्सति ।"

(जसले धर्मलाई देख्तछ उसले मलाई देख्तछ ।)

– भगवान् बुद्ध

Downloaded from http://dhamma.digital


तत्थ वुत्ताभिधम्मथा चतुधा परमत्थतो।
चित्तं चेतसिकं रूपं, निब्बान मिति सब्बथा॥

अभिधम्मत्थ सङ्गहो।

*(अभिधर्मका सातवटा ग्रन्थहरूमा कुशल र स्कन्धादि सम्पूर्ण भेद गरी तथागतहरूले देशना गर्नु भएका अभिधर्मार्थ यथार्थ रूपले र उत्तम स्वभावका हिसावले विज्ञान स्कन्ध (चित्त), वेदनादि तीनवटा स्कन्ध समूह (चैतसिक), भूत र उपादा रूपबाट भेद भइरहेका स्कन्ध (रूप) र मार्ग र फलका आलम्बन रहिआएका असंस्कृत धर्म निर्वाण – यस प्रकारले चार प्रकारका रहिआएका छन्।)*

Downloaded from http://dhamma.digital





दिवंगत पिताश्री
श्री चिढीरत्न शाक्य

दिवंगत माताश्री
श्री सानुमाया शाक्य

# समर्पण

जिन शासनमा अनन्त श्रद्धा, आस्था र विश्वास राखी
आजीवन सद्धर्मको धारण र पालनमा
पवित्र र सरल जीवन व्यतीत गर्नु भएका
प्रातः स्मरणीय महोपकारी पूजनीय
दिवंगत पिताश्री श्री चिढी रत्न शाक्य
एवम्
माताश्री श्री सानु माया शाक्यका
युगल चरण कमलमा उहांहरुको
स्वर्ग, सुगति र निर्वाण कामना गर्दै
सादर साञ्जली समर्पित

-आर. बि. वन्द्य

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# प्राक्कथन

महाकारूणिक तथागत शाक्यमुनि बुद्धले देव ब्रम्हा मनुष्य सहितका लोकजनमाथि असीमित अनुकम्पा राखी सम्यक् सम्बोधि लाभ पश्चात् ४५ वर्षसम्म गाउँ गाउँ, नगर नगर, जनपद जनपद, देश देशान्तर र स्वर्ग मर्त्य ब्रम्हलोक समेतमा निरन्तर चारिका गर्दै थरी थरकि ज्ञान, बुद्धि, विवेक, समझ, प्रज्ञा, ऋद्धि, सिद्धि, शक्ति, संस्कार र क्षमता भएका देव ब्रम्हा र मनुष्य लोकका अनेक प्रकारका सत्वहरूलाई सद्धर्ममा आकर्षित गरी धर्मावबोध गराउने पुनित उद्देश्यले ती विभिन्न सत्वहरूका ध्यान, ज्ञान, मन मश्तिष्क, मनोवृति र बुद्धिका स्तरलाई बिचार गरी अनेक शैली, तरीका र उपायबाट सुहाउंदा उपमाहरू सहित तिनीहरूका मन जित्ने ढंगले धर्मोपदेश गर्दै मध्यम प्रतिपदा युक्त व्यवहारिक धर्म र दर्शनको आख्यान, व्याख्यान र देशना गर्नु भएको छ। त्यसैले अनेक विविधताका साथ निर्वाणगामिनी रसको एकतामा केन्द्रित रहेको बुद्धोपदेशित धर्ममा निश्चल श्रद्धा र अटल आस्थाका साथ सम्पादन गरिने त्रिशरण गमनका अनन्त गुण उपकार र आनिशंसका चित्ताकर्षक वर्णनका साथै श्रद्धालु उपासकोपासिकाहरूले धर्मानुसारका सरल, सहज र निष्पाप गार्हस्थ जीवन पद्धतिलाई अपनाई इह लोक र परलोकलाई सुधार्न सकिने अत्यन्त सरल शील सदाचारयुक्त नैतिक शिक्षाका उपदेशहरू मनग्गे पाइन्छन् भने संसारको प्रज्ञप्ति र परमार्थ धर्म स्वभावका सूक्ष्म विश्लेषण, दृष्य र अदृष्य चतुर्महाभूत धातुहरू र अष्ट कलाप धर्महरूको गम्भीर विवेचना, ६ धातुहरू, द्वादश आयतनहरू र १८ धातु स्वभावहरूका अनित्य, दुःख र अनात्म धर्म स्वभावको विशिष्ट व्याख्यान, सम्पूर्ण ससंस्कारिक परमार्थ धर्महरू जस्तै २८ प्रकारका रूपहरू, १२१ प्रकारका चित्तहरू, ५२ प्रकारका चैतसिकहरूदेखि लिएर असंखत असंस्कारिक अक्षय, अविनाशी, परम सुख शान्ति उपशमयुक्त निर्वाण धर्मधातु स्वभावको पहिचान र प्राप्तिका उपायको विश्लेषण र विवेचनासम्मको अति सूक्ष्माति सूक्ष्म, गम्भीराति गम्भीर कठीन प्रज्ञा ज्ञानको सारगर्भित उपदेश पनि समाविष्ट भएको पाइन्छ।

यस संसारमा बुद्धहरूको उत्पत्ति हुने कुरा अत्यन्त दुर्लभ हुन्छ। मनुष्य जुनी पनि अत्यन्त दुर्लभ हुन्छ भने बुद्ध शासन कालमा मनुष्य जुनी प्राप्त गर्ने अवसर लाभ गर्नु पनि निकै दुर्लभ सौभाग्यको बिषय ठहरिन्छ। सद्धर्मको श्रवण गरी, सद्धर्मको छलफल र साकच्छा गरी निर्वाणगामिनी सद्धर्मको सार्थक आचरण र अभ्यास गर्ने सुखद् अवसर सहजै उपलब्ध हुने बुद्ध शासनकालमा सम्पूर्ण दुःखबाट सदाको लागि मुक्ति दिलाउने निर्वाण धर्मको मार्गमा अप्रमादी पूर्वक दृढ चित्त भई लाग्न बुद्ध धर्ममा ठूलो प्रेरणा र प्रोत्साहन दिइएको छ।



Downloaded from http://dhamma.digital

दुर्लभ रूपमा प्राप्त हुने मनुष्य जुनीलाई प्रमादवश अकुशल कर्महरूमा लगाई भविष्यमा अपाय दुर्गति विनिपात र नरक गतिमा जानु पर्ने अवस्था आउनु निश्चय पनि मानव जातिका लागि दुःख, शोक र दुर्भाग्यको बिषय हुनेछ। तसर्थ यस मानव जन्मलाई सकेसम्म यसै जुनीमा निर्वाण धर्मलाई नै साक्षात्कार गर्न सकिने गरी कुशल पुण्य कार्यहरूमा सदुपयोग गरी उपयुक्त ध्यान ज्ञान प्रज्ञाको विकासमा लगाउनु जीवनको लक्ष्य हुनुपर्दछ। विभिन्न कारण र परिस्थितिवश कथं कदाचित् यसै मनुष्य जुनीमा आर्य मार्ग र फल प्राप्त गर्न सकिनेसम्मको सद्धर्मको अभ्यास गर्न नसकिने भएमा संसारको त्रि-लक्षण धर्म स्वभाव र कर्म र विपाकको नियमलाई बुझी हेतु र प्रत्ययको सिद्धान्तलाई आत्मसात गर्दै लोभ, द्वेष र मोह जस्ता अकुशल कर्महरूको दुष्प्रभाव र अलोभ, अद्वेष र अमोह जस्ता कुशल मूलहरूका गुण धर्महरूलाई राम्ररी जानी बुझी हृदयङ्गम गरी दैनिक जीवनमै दान शील भावना र शील समाधि प्रज्ञाको यथासम्भव बढ्दो अभ्यास र आचरण गर्दै भवचक्र संसारमा घुमिरहन परूञ्जेल अपाय गतिबाट बच्दै सुगति लोकमा मात्र विचरण गरीकन सदैव सद्धर्मको आचरण र अभ्यास गर्न पाइने भविष्य गतिसम्मलाई सुनिश्चित गर्न सकिने गरी बुद्धधर्मको मार्गदर्शन अनुरूप निर्दोष निष्पाप र कुशल पुण्यात्मा जीवन पद्धतिलाई अवलम्वन र अनुशरण गर्दै जानु भने अत्यन्त जरूरी हुन्छ। यसैमा मानव जातिको सदुपयोग हुन्छ, मनुष्य जुनीको सार्थकता हुन्छ र बुद्धिमानी हुन्छ।

भगवान् बुद्धले भन्नुभएको छः-

**कोनु हासो किमा नन्दो निच्चं - पज्जलिते सति।**
**अन्धकारेन ओनद्धा पदीपं न - गवेस्सथ॥**

*अर्थात्* चारैतिर आगो दन् दन् बलिरहेको छ, कसरी हाँस्नु, कसरी आनन्द लिनु ?। अन्धकारले चारैतिर घेरिसकेर पनि किन आलोक (प्रकाश) खोज्दैनौ ?॥

त्यसैले वर्तमान बुद्ध शासन कायम रहेकै अवस्थामा दुर्लभ मनुष्य जुनी ग्रहण गर्न आइपुगेका हामीहरूले हंसी खेल, ठट्टा, मनोरञ्जन, आमोद प्रमोद, रीस राग र अविद्या मोहमा मनुष्य जुनीलाई व्यर्थमा खेर नफाली महाकारूणीक तथागतले लोकका उपर अत्यन्त अनुकम्पापूर्वक देखाएर जानुभएको सन्मार्गको अनुशीलन र सद्धर्मको अवलम्वन अनुशरणमा जीवनलाई उपयोग गरी वर्तमान जीवनमा सुख शान्ति र भावी जीवनमा सुगति र कल्याणको प्राप्त गर्ने प्रयासमा लाग्नु आवश्यक छ।

विद्वान् लेखक श्री आर. बि. वन्द्यज्यूले बुद्धधर्मका अनन्त सागरबाट अनमोल मोतीहरूलाई छानी छानी संगाली सर्वसाधारण श्रद्धालु उपासकोपासिकाहरूदेखि सद्धर्ममा अभिरूची लिने सबैखालका बुद्धिजीवीहरूका लागि समेत उपयोगी हुने किसिमको प्रस्तुत पुस्तक तयार गर्नुभएको छ। यस



Downloaded from http://dhamma.digital

पुस्तकमा लेखकले बुद्ध धर्मका चित्ताकर्षक केही सरल उपमा कथाहरूको वृतान्तदेखि लिएर अभिधर्मका केही गम्भीर धार्मिक बिषयहरूका सार संक्षेपलाई पनि समावेश गरी बुद्धधर्मको चिन्तन मनन, अनुशरण र अनुकरणको माध्यमबाट कसरी वर्तमान मनुष्य जुनीलाई सार्थक र सफलिभूत बनाउंदै जन्मजन्मान्तरसम्म पनि सुगतिको भविष्यलाई सुनिश्चित गर्न र गराउन सकिने हुन्छ भन्ने मार्मिक धर्मपक्षलाई अत्यन्त सरल, सहज र आकर्षक शैलीमा प्रस्तुत गर्नुभएको छ। तसर्थ प्रस्तुत पुस्तक सद्धर्ममा श्रद्धा, आस्था र निष्ठा राख्ने सबै लोकजनका लागि अत्यन्त उपयोगी हुने कुरामा कुनै सन्देह छैन। "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग", "पञ्च आलोक" र "धातु भेदानुपस्सना" जस्ता गम्भीर अभिधर्मका ग्रन्थहरूका अनुवाद गर्दै "बुद्ध धर्म र आधुनिक विज्ञान" र "आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म" जस्ता समसामयिक गम्भीर पुस्तकहरू रचना गरी बुद्धधर्मको सेवाको क्षेत्रमा आफ्नो विशिष्ट स्थान र नाम कायम राख्दै आउनु भएका विद्वान् लेखक श्री वन्द्यज्यूको सिद्धहस्त कलमबाट तयार भएको प्रस्तुत पुस्तक आकारमा सापेक्षिकतया सानो भए पनि अर्थ, मर्म र उपयोगको दृष्टिबाट निकै गरिमायुक्त र महत्वपूर्ण रहेको छ भन्न पाउंदा मलाई अत्यन्त हर्ष र धर्मप्रीतिको अनुभव भएको छ। तसर्थ म यस्तो बहुउपयोगी एवं महत्वपूर्ण पुस्तकका लागि लेखकलाई हार्दिक साधुवाद र मंगल कामना व्यक्त गर्न चाहन्छु।

प्रस्तुत पुस्तकले नेपाली भाषी सद्धर्म प्रेमीहरूका लागि अत्यन्त खाँचो रहेको श्रद्धा, भक्ति र प्रज्ञाको अभ्यासको लागि आवश्यक सामग्रीहरू पनि समावेश भएको एउटा सारपूर्ण सद्धर्मको पुस्तकको अभावको पूर्ति गर्ने कार्यमा सहयोग पुग्ने कुरामा म विश्वस्त छु। भविष्यमा पनि यसरी नै अमूल्य बुद्धधर्मका ग्रन्थहरू लेख्ने कार्य गर्दै जान सकोस् भनी म लेखकलाई हार्दिक सुभेच्छा प्रकट गर्दछु।

चिरं टिट्ठतु शासना।

भिक्षु बुद्धघोष महास्थविर
धर्मानुशासक
अखिल नेपाल भिक्षु महासंघ
एवम्
शिक्षाध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षा

श्री सुमंगल विहार,
लुखुसी, ल.पु.उ.म.न.पा. वडा नं. ६,
ललितपुर



Downloaded from http://dhamma.digital

# शुभेच्छा

बुद्धभूमि नेपाल अधिराज्यमा बुद्ध, बुद्धधर्म, बौद्ध संस्कृति, दर्शन, इतिहास एवम् साहित्यिक विषयमा एकपछि अर्को गर्दै उपयोगी कृतिहरू प्रकाशित हुँदै जानु सम्पूर्ण सुखकामी शान्तिकामीहरूका लागि धर्मप्रीति एवम् सुखकर विषय हो । "बुद्धधर्म र आधुनिक विज्ञान" नामक गम्भीर एवम् अर्थपूर्ण कृति लेखन, अनुवाद तथा सम्पादकको रुपमा सद्धर्मका पाठकबीच ख्यातिप्राप्त श्री आर. बि. वन्द्यज्यू बुद्धधर्म, विज्ञान र अभिधर्म विषयतिर सिद्धहस्त लेखक एवम् प्रखर वक्ताका रुपमा परिचित व्यक्तित्व हुन् । विशेषत: बुद्धधर्मलाई विज्ञान, चित्त वा अभिधर्मसंग गम्भिर भएर लेख्ने क्षेत्रमा अगाडि देखिनु हुने उपासक वन्द्यको "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" पुस्तक अनुवाद विधाको बौद्ध साहित्यमा एक उत्कृष्ट ग्रन्थ मानिन्छ । "आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म" नामक उहाँको अनुसन्धानात्मक पुस्तक पनि नेपालका बुद्धिजीवीहरूमा साह्रै नै लोकप्रिय रहिआएको पाइन्छ । निरन्तर रुपमा लेख रचना लेख्न, अनुवाद गर्न, सम्पादन गर्न लागिपरेका उपासक वन्द्यको नयाँ कृति "सुगतिको निश्चितताको लागि अभिधर्म" पढ्ने सुअवसर प्राप्त गरें । पुस्तकको शिर्षक नै व्यवहारिक तथा समसामयिक लाग्यो ।

प्रस्तुत पुस्तक "सुगतिको निश्चितताको लागि बुद्धधर्म, भाग-१" शिर्षक अन्तर्गत २५ वटा स-साना शिर्षक दिई छोटो-मिठो शैलीमा लेखिएको पुस्तकको भाग-१ वस्तुत: पुस्तकाकार रुपमा सानो लाग्लान्, तर विषयवस्तु गहकिला छन्, गम्भीर छन् भने बुद्धधर्मको अभिप्राय एवम् उद्देश्य, लक्ष्य र गन्तव्यलाई निर्दिष्ट गराउन सक्ने भाव समाहित भएको पक्षलाई नकार्न सकिदैन । सुखकामी प्रत्येक सद्धर्मप्रेमीका लागि यस पुस्तकले व्यवहारिक, सामाजिक, मानसिक एवम् आध्यात्मिक चेतनाको विकासमा सजग एवम् सतर्कता अपनाउन ठूलो सन्देशात्मक तथा अभिप्रेरणात्मक भावना उत्प्रेरित गरेको आभाष जो कसैले पनि प्राप्त गर्न सक्ने छ ; पुस्तकमा विभिन्न उदाहरण प्रस्तुति तथा पाठकलाई गहिरिएर अध्ययन गर्नका लागि सम्बन्धित पुस्तक पढ्न निर्देशिकाले झैं विषयवस्तु औंल्याउन गरिएको कार्यलाई लेखकको सह्राहनीय कार्य मान्न सकिन्छ ।

बौद्ध साहित्यिक विधामा उपासक श्री वन्द्यज्यूबाट यसरी नै सद्धर्मप्रेमीहरूका लागि उपयोगी पुस्तक एकपछि अर्को कृति प्रकाशित गर्दै जान सकोस् भन्ने हार्दिक शुभेच्छायुक्त शुभकामना व्यक्त गर्दछु ।

"चिरं तिट्ठतु सद्धम्मो ।"

आनन्दकुटी विहार,
का.म.पा. वडा नं. १५, स्वयम्भू ।

**आचार्य भिक्षु कुमार काश्यप महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ



Downloaded from http://dhamma.digital

# विनीत निवेदन

आदिबुद्ध भगवान् दीपङ्कर तथागतको पालामा नै अष्ट सिद्धि लाभी सुमेध ऋषिका रूपमा जन्म लिनु भएका शाक्यमुनि तथागतले आफैं मात्र एक्लै निर्वाण प्राप्त गर्न चाहनु भएको भए आफ्ना क्लेशहरूलाई र आश्रवहरूलाई सोही जन्ममा निर्मूल गरी अरहन्त मार्ग र फल प्राप्त गर्ने शक्ति र क्षमता उहाँसंग विद्यमान नभएको होइन । किन्तु दीपङ्कर तथागतको श्री शोभा ऐश्वर्य महिमा र गौरव देखेर अत्यन्त प्रभावित भएका सुमेध ऋषिले भविष्यमा आफू पनि उहाँ जस्तै सम्यक् सम्बुद्ध नै भएर जगत् संसार सत्व प्राणीमात्रलाई उद्धार गर्ने महान् सदीच्छा राखेको हुंदा आफू पनि भविष्यमा बुद्ध बनी चतुरार्य सत्य धर्मलाई बोध गरी अरूलाई पनि धर्म अवबोध गराउँछु, आफू पनि जीवनको भवचक्रबाट मुक्त भई अरूलाई पनि मुक्ति दिलाउंछु र आफू पनि संसारको भवसागरबाट पार तरेर गई अरूलाई पनि भवसागरबाट तार्ने छु भनी संकल्प गरी आदिबुद्ध दीपङ्कर तथागतका पादमूलमा बुद्धत्वको लागि अधिष्ठान गर्नुभयो । दीपङ्कर तथागतका श्रीमुखबाट आफ्नो अधिष्ठान सफल हुने व्याकरण प्राप्त भएपछि शाक्यमुनि तथागतले बुद्ध बन्नको लागि आवश्यक योग्यता, क्षमता, शक्ति, चक्षु, ज्ञान, प्रज्ञा र अनुभव हासिल गर्नकै लागि तदनन्तर चार असंख्येय र एक लाख कल्पसम्म अनगिन्ति जुनीहरूमा जन्म ग्रहण गर्दै देव ब्रम्हा मनुष्य लोक सहितको यस भवसंसारमा विचरण गरी असंख्य दश पारमिता, दश उपपारमिता र दश परमार्थ पारमिताहरू संगाल्दै लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्याहरू परिपूर्ण गरी यस भद्रकल्पमा आएर कलि युगको प्रथम पादमा २६२७ बर्ष अघि नेपालको लुम्बिनी उद्यानमा सिद्धार्थ गौतमको रूपमा अन्तिम जन्म ग्रहण गरी ६ बर्षसम्मको कठोर तपस्या पश्चात् बोधगयाको पिपलबृक्ष मुनि २५९२ बर्ष पहिले शाक्यमुनि तथागतले सम्यक् सम्बोधि ज्ञान प्राप्त गर्नु भयो । अनि विगतमा भव संसारमा विचरण गर्दाको क्रममा आफूले सम्पादन गरिआएका अनगिन्ति जुनीहरूका असंख्य पुण्य पारमिताहरूको बलले हासिल भएका अपरिमित योग्यता, क्षमता, अनन्त ऋद्धि सिद्धि शक्ति सहितको ज्ञान चक्षु, प्रज्ञा चक्षु, ध्यान चक्षु, समन्त चक्षु र बुद्ध चक्षुले संसारको स्वभाव धर्मलाई नियाल्दै आफूले देखी जानी भोगी अनुभव गरिआएका वास्तविक सत्य तथ्यको सार निचोरीकन लोकजनलाई उपदेश दिने क्रममा शाक्यमुनि बुद्धले आज्ञा भयो कि हेतुको कारणले निरन्तर उत्पत्ति हुँदै हेतुको निरोध हुनासाथ निरन्तर क्षय, व्यय र बिनाश हुँदै जाने संसार यथार्थमा दुःखमय छ । अनित्य, अनात्मा र दुःखमय संसारको सर्वथा निरोध हुनुमै सांच्चिकैको स्थायी परम सुख शान्तिको लाभ हुन्छ भन्दै तथागतले भन्नुभएको छः-



Downloaded from http://dhamma.digital

**"अनिच्चावत् सङ्खारा, उप्पादवयधम्मिनो ।
उप्पज्जित्वा निरुज्झन्ति, तेसं वूपसमोसुखो ॥"**

तथागतको शासन रहंदाको बेलामा मात्र दुःख मुक्तिको मार्ग-निर्वाण सहजै उपलब्ध हुन सकिने भएकोले दुःखबाट सदा सर्वदाका लागि वास्तवमै मुक्ति चाहने भद्रजनले वर्तमान बुद्ध शासन रहंदाकै बेलामा सद्धर्मको गहन अभ्यास गरी निर्वाण प्राप्त गर्न प्रयत्नशील रहन बुद्ध धर्मले ठूलो प्ररणा दिने गर्दछ ।

त्यसैले बुद्धले भन्नुभएको छ - **"किच्छो मनुस्स पटिलाभो, किच्छो मच्चानं जीवितं । किच्छं सद्धम्म सवणं, किच्छो बुद्धानं उप्पादो ॥"** अर्थात् मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ । मृत्यु हुनुपर्ने मानिसहरू जीवित रहिरहनु पनि दुर्लभ नै हो । सद्धर्म श्रवण गर्नु पनि दुर्लभ हुन्छ । बुद्धहरूको जन्म पनि दुर्लभ हुन्छ ।

अभिधर्मले हामीलाई बताउंछ कि यस संसारमा चार थरीका गति भएका मानिसहरू हुन्छन् । जस्तै १) **तमोतम परायण** अर्थात् अंध्यारो गतिबाट अंध्यारो गतिमै जाने व्यक्तिहरू ।, २) **तमोज्योतिपरायण** अर्थात् अंध्यारो गतिबाट उज्यालो गतिमा जाने व्यक्तिहरू ।, ३) **ज्योतितमपरायण** अर्थात् उज्यालो गतिबाट अंध्यारो गतितर्फ जाने व्यक्तिहरू । र ४) **ज्योतिज्योतिपरायण** अर्थात् उज्यालो गतिबाट उज्यालो गतितर्फ नै जाने व्यक्तिहरू । बुद्ध शासनको उदयकालमा मनुष्य जुनीको सुगति लाभ गर्न सौभाग्य प्राप्त गर्न सकेका वर्तमान मानिसहरूले यसै जुनीमा निर्वाण मार्ग र फललाई प्राप्त गर्न सकिनेसम्मको पुण्य साधना गर्न नसकिए पनि कम से कम आगामी जुनीमा पनि मनुष्यकै उज्यालो गतिमा उत्पत्ति हुन सकिनेसम्म बन्नको लागि पनि यस जन्ममा लोभ, द्वेष र मोह जनित दुष्कर्महरूलाई परित्याग गरी कुशल मूलका रूपमा रहेका अलोभ, अद्वेष र अमोहको निरन्तर अभ्यास, आचरण र साधनामा तल्लीन भएर लाग्नु आवश्यक हुन्छ । अभिधर्मको अध्ययनबाट हामीलाई थाहा लाग्छ कि प्रायः सत्व प्राणीहरू लोभ अकुशल मूलकै कारणबाट प्रेत योनिमा उत्पत्ति हुन पुग्दछन् । मोह अकुशल मूलको कारणले प्राणीहरू तिर्यक योनिमा जन्मिन पुग्दछन् र द्वेष अकुशल मूलको कारणले गर्दा सत्व प्राणीहरू नरक गतिमा पतित हुन पुग्दछन् । मानिसहरू मृत्यु पछि कहाँ कुन गति, योनि र लोकमा पुनर्जन्म ग्रहण गर्छन् भन्ने कुराको निर्धारण कुनै कोही बाह्य सत्ताले गर्ने होइन, व्यक्तिहरू आफैंले जन्मजन्मान्तरमा सम्पादन गरिआएका कर्महरूमध्यकै आफ्नै कर्मले गर्ने हो भन्ने तथ्यलाई बुद्ध धर्ममा प्रष्ट पारिएको पाइन्छ । त्यसैले सत्वको मृत्यु हुनुअघि वर्तमान जीवनको अन्तिम घडीमा मरणासन्न जवनहरूले अनुभव गरेका कर्म, कर्म निमित्त वा गति निमित्तले नै सो सत्वको भावी पुनर्जन्मको गतिलाई निर्धारित गर्ने भएकोले यस जीवनको अन्त्य हुनु अगाडिका मरणासन्न जवनहरूले लोभ, द्वेष र मोह जस्ता अकुशल कर्महरूलाई आलम्वन नगरी त्याग, मैत्री, करूणा र प्रज्ञा जस्ता कुशल मूलहरूलाई आलम्वन ग्रहण गरी प्राण त्याग्न सफल होस् भन्ने सदीच्छा राख्ने श्रद्धालु



Downloaded from http://dhamma.digital

धार्मिकजनले सद्धर्मको मर्मलाई जानी बुझी महशूस गरीकन जीवन भर नै अप्रमादीपूर्वक कुशल कर्महरू बढी से बढी मात्रामा संचय र सम्पादन गर्ने सुमार्गमा दृढ चित्त भएर लाग्नु आवश्यक हुन्छ। अभिधर्मले यसरी सुगतिको मार्ग पहिल्याउन सद्धर्मप्रेमीहरूलाई ठूलो प्रेरणा र सहयोग प्रदान गर्दछ।

तथागतोपदेशित धर्म सजिलोमा अति सजिलो मानिन्छ भने कठीनमा पनि अति कठीन, गम्भीरमा अति नै गम्भीर धर्म मानिन्छ। धनी, गरीब, राजा रङ्ग, ज्ञानी अबोध, सबल निर्वल, वाल बृद्ध वनिता, दीन दुःखी, असहाय अनाथ जो सुकैले पनि खास केही परिश्रम नगरीकनै र खास केही खर्च नगरीकनै त्रिरत्नप्रति केवल प्रगाढ, निश्चल र परिशुद्ध श्रद्धा, आस्था र निष्ठा राखी जन्मभरका लागि सजिलैसंग प्राप्त गर्न सकिने त्रिशरण गमन कुशललाई मात्र जीवनको अन्तिम घडीसम्म स्मरण गरी सुरक्षित राख्न सकिएमा पनि सुगति र स्वर्ग लाभको निश्चितताको आश्वासन प्रदान गर्ने बुद्ध धर्म सजिलो र सरल मानिनु स्वभाविक नै छ । त्यति मात्र होइन, आफूसंग धन सम्पत्ति केही नभएपनि अरू सम्पन्नदाताहरूले दिएका महान् दान पुण्य कार्यलाई मनमा कुनै किसिमको क्लेश र कैफियत केही नराखीकन भित्री अन्तःस्करणदेखि हर्षित सन्तुष्ट भई साधुकार दिई अनुमोदन गर्ने व्यक्तिलाई पनि सो दानी सरह नै अपरिमित पुण्य प्राप्ति हुने आश्वासन बुद्धधर्मले दिने भएकोले पनि बुद्धधर्मलाई सजिलोमा अति सजिलो मानिन्छ। त्यसैले सम्यक् दृष्टिलाई आदर्श मानी निष्पाप, निर्दोष, सरल र शुद्ध जीवन यापन गर्ने चाहना राख्ने विश्वका लाखौं करोडौं श्रद्धालुजनहरू त्रिरत्नको नित्य पूजा, अर्चना र उपासनामा सभक्ति संलग्न रहेका पाइन्छन्।

बुद्ध धर्ममा भनिएको छ कि जन्म जरा व्याधि मृत्युका अनन्त दुःख चक्रबाट सर्वथा मुक्त रहेको निर्वाण प्राप्त नगरीकन संसारको दुःखमय भव चक्रबाट अन्तिम मुक्ति प्राप्त हुन सक्तैन। किन्तु निर्वाण प्राप्त गर्न व्यक्ति आफैंले आफ्नै अभ्यासको बलले आफ्नै प्रज्ञाले साधनारत रही विपश्यना ज्ञान प्रज्ञालाई सर्वोच्चस्तरसम्म विकसित गरी सम्पूर्ण क्लेशमलहरू र आश्रवहरूलाई जरा सहित निशेष रूपमा निरोध हुने गरी निमूल गर्न सक्नु पर्दछ। यसमा स्वयं तथागतले पनि केवल पथप्रदर्शक, मार्गदर्शक र उत्प्रेरकको भूमिका मात्र निर्वाह गर्नुहुन्छ। हात समाएर निर्वाणमा लाने काम न उहाँ गर्नुहुन्छ, न व्यक्तिको स्व- प्रयासको बदला अरू कुनै उपाय उहाँ सुझाउनु हुन्छ। यसरी नै धर्म र संघले पनि केवल निर्वाण मार्गको पथप्रदर्शन मात्रै गर्ने हो। निर्वाणमा डोऱ्याउने कुनै चमत्कार गर्ने होइन। भवचक्रबाट मुक्ति दिलाउने निर्वाण प्राप्त गर्नका लागि गरिनुपर्ने कठीन र लामो प्रयास व्यक्ति आफैंले आफ्नै बल, बुद्धि, बर्कत, धैर्य, वीर्य, ध्यान, साहस र उत्साहको बलले सम्पूर्ण गर्नु पर्दछ। सम्पूर्ण आश्रव धर्महरूलाई आफ्नै प्रज्ञाको बलले समूल नष्ट गर्न नसकिएसम्म कुशलाकुशल संस्कारहरू जम्मा गर्दै आदि अन्तरहित दुःखमय संसारको भवचक्रमा अनन्त रूपमा विचरण गरिरहनु पर्ने झमेलाबाट कसैले व्यक्तिलाई मुक्ति दिलाउन सक्तैन। प्रज्ञाको मार्ग र साधना



Downloaded from http://dhamma.digital

अत्यन्त गम्भीर र कठीन हुने भएको र यस कठीन साधनालाई व्यक्तिले आफ्नै प्रयासद्वारा पार पाउनुपर्ने भएकोले बुद्धधर्मलाई कठीनमा अति कठीन र गम्भीरमा अति गम्भीर मानिएको छ । बुद्धधर्ममा यसैले भनिएको छः- **"पञ्ञावन्तस्स अयं धम्मो ।"** अर्थात् बुद्धधर्म प्रज्ञावानहरूको लागि धर्म हो । त्रिरत्न प्रति अनन्य श्रद्धा, आस्था, निष्ठा र उपासना भाव राखेर भक्तिपूर्वक आफ्ना सम्पत्ति र प्राण समेत समर्पण गरी त्रिशरण गमन प्राप्त गर्न तयार हुने श्रद्धालु भक्तजनले सुगति र स्वर्गको लाभ त गर्न सक्ला । किन्तु भवचक्रबाट मुक्ति दिलाउने निर्वाणलाई भने भक्ति उपासनाबाट मात्र प्राप्त गर्न सकिदैन । निर्वाण प्राप्त गर्न आफैंले प्रज्ञालाई विपश्यना ध्यान ज्ञानको निरन्तर अभ्यासद्वारा सर्वोच्च स्तरसम्ममा विकसित गरी सम्पूर्ण क्लेशहरूलाई अनुशय सहित निर्मूल गर्नु अत्यावश्यक हुन्छ, अपरिहार्य हुन्छ । यसबाट थाहा हुन्छ कि बुद्धधर्म वास्तवमा प्रज्ञावादी धर्म हो, प्रज्ञावादी मार्ग हो र प्रज्ञावादी दर्शन हो । तसर्थ अभिधर्मको सही ज्ञान, आचरण र अभ्यासले मात्र सत्व प्राणीहरूको भावी सुगति र निर्वाणलाई सुनिश्चित गर्न सकिन्छ ।

प्रस्तुत पुस्तकमा दुर्लभ मनुष्य जुनीको अर्थ र मर्मलाई जानी बुझी महशूस गरी भवचक्रको विचरण क्रममा रहनुपरून्जेल जन्मजन्मान्तरसम्ममा अपाय गति दुर्गतिमा पतन हुनुबाट बच्दै सुगतिलाई सुनिश्चित गर्ने किसिमले जीवनको सदुपयोग गर्दै यथासम्भव वर्तमान बुद्धशासन कालमै दुःख मुक्ति-निर्वाणको साधना गर्न प्रेरित गर्ने केही बिषयहरूलाई संकलन गरी श्रद्धालु धार्मिकजनका समक्ष प्रस्तुत गर्ने सानो प्रयास गर्न खोजेको छु । यस पुस्तकले विज्ञ पाठकहरूमा यावत् पाप, अपराध र अकुशल दुष्कर्मका मूलको रूपमा रहेका लोभ, द्वेष र मोहका गम्भीर भूमिकालाई महशूस गरी यथार्थ रूपमा पहिचान गर्ने चाहना, जिज्ञाशा र श्रद्धामात्र जगाउन सकेमा पनि लेखकलाई आफ्नो समय, श्रम र साधनाको उपयोगमा सन्तोष लाग्नेछ ।

बुद्धधर्ममा भनिएको छ - **"सब्बे सत्ता सम्मसका, कम्म दायादा, कम्म योनी, कम्म बन्धु, कम्म पटिसरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविष्यन्ति" ।** मानिसहरू आफ्नै कुकर्मका कारण अपाय गति दुर्गति विनिपात र नरक गतिमा पतन हुन्छन् भने आफ्नै सुकर्म-कुशलकर्म-पुण्यकर्मका कारणले मानिसहरू सुगति, स्वर्ग र निर्वाण समेतलाई प्राप्त गर्दछन् ।

आफ्नो भावी जुनीमा पनि सुगति, स्वर्ग र निर्वाण लाभ गर्न सघाउने कुशल कर्मका साधना, आचरण र अभ्यासमा जति बढी मानिसहरू लाग्नेछन्, त्यति नै यस संसारमा पुण्य पारमिताको शक्ति र प्रभावमा बृद्धि हुदै जानेछन् र पुण्यात्मा व्यक्तिहरूले जगत् संसार सत्व प्राणीको लागि हित सुख मंगलको कामना गर्दै आफ्ना पुण्यबलबाट मैत्री छाड्ने महानुभावहरूको समूह र संख्यामा पनि बृद्धि हुदै जाने आशा गर्न सकिन्छ । आर्यमार्गका सच्चा साधकहरू र अनुयायीहरूको सद्धर्मको यस्तो सार्थक अभ्यास र आचरणबाट विश्वको वातावरणमा मैत्री,



Downloaded from http://dhamma.digital

करूणा र शान्तिको तरंग बढी मात्रामा तरंगित हुन थाली संसारमा आजकल व्याप्त हुदै गइरहेको हिंसा, अशान्ति र आतङ्कको शमन र शान्तिमा प्रत्यक्ष वा परोक्ष रूपमा केही न केही रचनात्मक र अनुकूल प्रभाव नै बढ्दै जाने कुरा निश्चित हुन्छ, यही बौद्ध विश्वास पनि हो । प्रस्तुत पुस्तकले पाठकहरूलाई अप्रमादको अनमोल शिक्षातर्फ अलिकति पनि बढी आकर्षित गरी कुशलकर्म पुण्यकर्मको बढ्दो अभ्यासको आवश्यकता प्रति केही मात्रामा पनि बढी जागृति, उत्साह र प्रेरणा दिन सकेमा लेखकलाई आफ्नो प्रयास सफल रहेको अनुभूति हुनेछ ।

प्राय: सर्वसाधारण श्रद्धालुजनहरूले शुरूशुरूमा प्रज्ञाको गहन अभ्यासबाट भन्दा श्रद्धा, आस्था र निष्ठा युक्त सद्भक्ति र उपासनाका पुण्यकर्मबाट सजिलैसंग धर्ममा आकर्षित भई धर्म कार्यमा संलग्न रहने र सद्धर्म र पुण्य कार्य गर्ने प्रेरणा प्राप्त गर्ने स्वभाव राख्ने भएकोले सद्धर्मको प्रचार प्रसार र विकासमा धार्मिक पूजा, अर्चना, उपासना, पर्व, उत्सव, परित्राण र भजन कीर्तनले पनि आफ्नै किसिमको महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यो एउटा व्यवहारिक सत्य हो । त्यसैले बुद्धधर्ममा पनि सद्विश्वास र श्रद्धाका साथ गरिने बुद्ध पूजा, त्रिरत्न वन्दना, जप, पाठ, परित्राणादि, दान पुण्य र भक्ति भाव प्रदर्शनका धार्मिक कार्य र अनुष्ठानलाई प्रतिबन्धित गरिएको छैन ।

बुद्धधर्ममा पनि यसको आफ्नै किसिमको व्यवहारिक महत्व र उपयोगिता रहि आएको छ । त्रिरत्न प्रतिको निश्चल श्रद्धालाई विकसित नगरी शील समाधि र प्रज्ञाको अभ्यासमा लाग्ने प्रेरणा प्राप्त गर्न त्यति सहज र सम्भव हुदैन । पूजा, अर्चना, उपासनाका मार्ग सरल, सहज र सुगम भएजस्तै सर्वसाधारण इच्छुक श्रद्धालु सबैलाई यत्र तत्र सर्वत्र सुलभ पनि हुन सकिने प्राथमिक धर्म कार्य हुन् । सद्धर्म प्रति गहिरो श्रद्धा र अभिरूची जगाउन यस्ता अनुष्ठानले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ प्रस्तुत पुस्तकमा पनि बुद्ध धर्ममा नव श्रद्धा उत्पन्न गरेका पाठकहरूको इच्छा, आवश्यकता र मांगलाई दृष्टिगत गरीकनै आफ्ना देहलाई समेत अर्पण गरी जीवनभरका लागि त्रिरत्नका शरणमा जाने विधिका साथै पञ्चशील प्रार्थनाका विधि, त्रिशरण गमन विधि र त्रिरत्न वन्दनाका विधिलाई पनि नेपाली भाषामा अर्थ सहित समावेश गर्ने प्रयास गरिएको छ । साथै नेपाल भाषाका केही भजन गीतहरूलाई पनि नेपाली भाषामा रूपान्तर गर्दै केही नयाँ भक्ति गीतका रचनाहरू र आरतिलाई पनि समावेश गरिएको छ । भगवान् बुद्धका केही अनमोल वचनहरूलाई पनि यस पुस्तकमा सामेल गरिएको छ । यसबाट सर्वसाधारण श्रद्धालुजनलाई पनि यस पुस्तकको उपयोगिता केही बढ्ने अपेक्षा राखेको छु ।

प्रस्तुत पुस्तक तयार गर्नका लागि सहयोग लिइएका केही ग्रन्थहरूको एउटा सूचि पनि यस किताबको अन्तमा संलग्न राखेको छु । यो पुस्तक तयार पार्न सहयोग पुऱ्याएका ती ग्रन्थहरूका मूल लेखक लेखिकाहरू, अनुवादक



Downloaded from http://dhamma.digital

अनुवादिकाहरू, सम्पादक सम्पादिकाहरू, प्रकाशक प्रकाशिकाहरू र अन्य सम्बन्धित सबैप्रति म हार्दिक आभार व्यक्त गर्दछु। ती सबै महानुभावहरू धन्यवाद एवं साधुवादका पात्र हुनुहुन्छ। प्रस्तुत पुस्तक तयार गर्न विशेष गरी अखिल नेपाल भिक्षु महासंघका प्रथम अध्यक्ष एवं प्रथम आजीवन धर्मानुशासक अरिय धम्मरक्खित नेपाल बुद्ध शासन वंसालंकार सिरि दिवंगत संघ महानायक अग्ग महापण्डित भदन्त प्रज्ञानन्द महास्थविरज्यूले विभिन्न समयमा रचना गर्नु भएका अनमोल ग्रन्थ रत्नहरू "महा जयमंगल पाठ" "सङ्खार भाजनी" "विशुद्ध ज्ञान दर्शन" र "अनन्तोपकारक बुद्ध" बाट मैले धेरै नै सहयोग लिएको छु। त्यस्तै अखिल नेपाल भिक्षु महासंघका वर्तमान धर्मानुशासक नेपाल बौद्ध परियति शिक्षाका संस्थापक एवं शिक्षाध्यक्ष अग्ग महासद्धम्म जोतिक धज उपसंघनायक भदन्त बुद्धघोष महास्थविरज्यूका पुस्तकहरू "त्रिरत्नया गुण व आनिशंस", "अभिधर्मार्थ संग्रह" र "परित्राण" बाट पनि मलाई निकै सहयोग प्राप्त भएको छ। साथै भदन्त नारद महास्थविरज्यूका पुस्तक "दि बुद्ध एण्ड हीज टिंचिंग्स्", श्री पिटर डेला सान्तिनाज्यूको "द त्री अफ इन्लाइटेन्मेण्ट", पुस्तक, आदरणीय उ. माङ नुज्यूको पुस्तक "बुद्धिज्म : थ्योरी एण्ड प्राक्टिस", सूत्र अनुवाद समिति अमेरिकाको प्रकाशन "द सीकर्स ग्लोसरी अफ बुद्धिज्म", श्री दुण्ड बहादुर बज्राचार्यज्यूका पुस्तकहरू "दीघ निकाय, मज्झिम निकाय र संयुक्त निकाय", सुश्री नानीमैया मानन्धरज्यूका पुस्तकहरू "नियाम दीपनीहरू" र पालि प्रकाशन मण्डल, विहारका त्रिपिटकका पालि ग्रन्थहरूबाट मैले निकै सहयोग लिएको छु। अतः म ती पुस्तकहरूका रचनाकारहरू सबैलाई आभार सहित धन्यवाद ज्ञापन गर्दै उहाँहरूका गुण स्मरण गर्नु आफ्नो कर्तव्य ठान्दछु। यस पुस्तकमा समावेश भएका भक्ति रचना गीतहरूका रचनाकारहरू दिवंगत संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरज्यू, दिवंगत बौद्धऋषि महाप्रज्ञाज्यू, वर्तमान संघनायक भदन्त सुबोधानन्द महास्थविरज्यू, कवि दुर्गालाल श्रेष्ठज्यू र सद्धर्म साधक श्री धर्म रत्न शाक्यज्यूमा पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

आफ्नो अत्यन्त व्यस्तताका बीच पनि अनमोल समय निकाल्नु भई यस पुस्तकको लागि उपयुक्त प्राक्कथन लेखी सद्धर्मको कार्यमा मलाई प्रोत्साहित गर्नु हुने नेपाल बौद्ध परियत्ति शिक्षाका संस्थापक एवं मूर्तरूप महास्थविर अग्ग महासद्धम्म जोतिक धज भदन्त बुद्धघोष महास्थविरज्यूमा सादर आभार सहित कृतज्ञता ज्ञापन गर्दछु। सद्धर्मको क्षेत्रमा उहाँबाट प्राप्त निरन्तर सहयोग र प्रेरणाको लागि उहाँको गुणानुस्मरण गर्नु म आफ्नो कर्तव्य सम्झन्छु।

आफ्नो अत्यन्त कार्य व्यस्तताका बीचमा पनि अनमोल समय निकाल्नु भई यस पुस्तकको लागि सारयुक्त शुभेच्छा लेखी मलाई उत्प्रेरित गर्नु हुने अखिल नेपाल भिक्षु महासंघका वर्तमान अध्यक्ष अग्ग महासद्धम्म जोतिक धज, विद्यालंकार पद्मभूषण, आचार्य भदन्त कुमार काश्यप महास्थविरज्यूमा सविनय आभार सहित साधुवाद अर्पण गर्दछु।



Downloaded from http://dhamma.digital

भगवान् शाक्यमुनि तथागतको जन्मभूमि नेपालमा बुद्ध शासनको प्रचार प्रसार सह उन्नति बृद्धि र विकास हुने जुनसुकै धार्मिक अनुष्ठान र कार्यमा सदैव उदार मनले सकृय सहयोग गर्दै बुद्धधर्मको क्षेत्रमा विशिष्ट स्थान कायम राख्न सफल हुनुभएका नेपालका सुप्रतिष्ठित सद्धर्मप्रेमी साहु श्री ज्ञानज्योति कंसाकारज्यूले यस पुस्तकको महत्वलाई हृदयङ्गम गर्नु भई पुस्तक प्रकाशनको सम्पूर्ण आर्थिक व्ययभारको अभिभारा सहर्ष ग्रहण गर्नु भएकोले यस पुस्तकका प्रकाशक साहु श्री ज्ञानज्योति कंसाकारज्यू र उहाँकी धर्मपत्नी श्रीमती लक्ष्मी प्रभा कंसाकारज्यूमा हार्दिक धन्यवाद सह साधुवाद ज्ञापन गर्न चाहन्छु । "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" नामक मेरो पुस्तकको प्रकाशन पनि उहाँहरूबाटै पटक पटक भइसकेको यहाँ सम्भना गराउन चाहन्छु ।

प्रस्तुत पुस्तकको शीघ्र प्रकाशनमा व्यक्तिगत अभिरूची लिई सहर्ष सहयोग र प्रेरणा प्रदान गर्नुहुने सहृदयी सद्धर्मप्रेमी मित्र विपश्यनाका साधक प्रा. श्री मदनरत्न मानन्धरज्यूलाई पनि हार्दिक धन्यवाद सहित साधुवाद ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत पुस्तकलाई छोटो समय मै राम्रो संग मुद्रण गर्ने व्यवस्था मिलाउनु भई पुस्तकको गतिलो मुद्रणमा व्यक्तिगत अभिरूची देखाउनु हुने स्पेक्ट्रम अफसेट प्रेस, गणबहालका सम्पूर्ण परिवारसह सो प्रेसका श्री राजेश मान शाक्यज्यूलाई हार्दिक धन्यवाद सहित साधुवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत पुस्तकको आवरण डिजाइन गर्नु भएका विज्ञ कलाकार श्री स्वयम्भू रत्न बज्राचार्यज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

प्रस्तुत पुस्तकको प्रूफ हेर्ने र प्रूफलाई प्रेसबाट ल्याउने र लाने काममा सहयोग गर्ने मेरो पुत्र ई. श्री प्रदीप राज शाक्य, पुत्री आर्किटेक्ट सुश्री कल्पनादेवी शाक्य र पुत्री सुश्री सपनादेवी शाक्य पनि धन्यवाद एवं साधुवादका पात्र छन् ।

यस पुस्तकको तयारीमा आवश्यक सरसल्लाह दिने सह-प्राध्यापक डा. शान्त मान शाक्यज्यू र उप-प्राध्यापक श्री पवन राज शाक्यज्यूलाई साधुवाद दिन चाहन्छु । यस पुस्तकका लागि आवश्यक विज्ञान सम्बन्धी पुस्तकहरू उपलब्ध गराई सहयोग गर्ने उप-प्राध्यापक सुश्री सुदर्शना शाक्यज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

बुद्धभूमि नेपालमा सद्धर्मको स्वेच्छिक एवं निःस्वार्थ सेवामा अनवरत रूपमा लागिरहन सदैव प्रेरणा र प्रोत्साहन दिई सहयोग पुऱ्याउने मेरी दिदी रत्नदेवी शाक्यका साथै प्रस्तुत पुस्तकको लेखन कार्य सुसम्पन्न गर्न प्रेरणा दिई सद्धर्म कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेकी मेरी धर्मपत्नी श्रीमती अमीर कुमारी शाक्यको पनि गुणानुस्मरण गर्दछु ।



Downloaded from http://dhamma.digital

मुद्रण र प्रूफ रिडिंगका क्रममा छूट हुन गएका सानातिना त्रुटीहरूका अतिरिक्त प्रस्तुत पुस्तकमा मेरो आफ्नै अज्ञानतावश वा असावधानीवश वा प्रमादवश केही त्रुटीहरू रहन आएको देखिएमा सहृदयी विज्ञ पाठकहरूबाट त्रुटीको संशोधनार्थ सूचना तथा सुझाव दिनु भएमा अनुग्रहित हुने छु।

अन्त्यमा प्रस्तुत पुस्तकको लेखन, कम्प्यूटर सेटिंग, प्रकाशन र मुद्रणको कार्यमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबै श्रद्धालु सद्धर्मप्रेमी सहयोगीजनलाई धन्यवाद ज्ञापन गर्दै प्रस्तुत पुस्तकलाई पनि यस अघिका मेरा कृतिहरूलाई झैं धर्म मुमुक्षु श्रद्धालुजनले खुला र उदार हृदयले स्वागत गर्ने अपेक्षा गरेको छु। अस्तु।

सब्बे सत्ता भवन्तु सुखितत्ता।

विनीत

आर. बि. वन्द्य

"वन्द्य निवास"
प्यूखा टोल, का.म.पा. वडा नं. २४
काठमाडौं।
मिति : २०६०/१२/१२/५



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

महाकारूणिक तथागत शाक्यमुनि बुद्धका अनन्त हित सुख शान्ति र मंगलदायक सद्धर्मका सदुपदेशको वास्तविक अर्थ, मर्म र सारलाई जानी, बुझी, अनुभव गरी दैनिक जीवनमा सार्थक रूपमा सद्धर्मको अनुकरण, आचरण र अभ्यास गरी आफ्ना इहलोक र परलोकलाई समेत सुधार गर्न चाहने सबै खाल र स्तरका सद्धर्म प्रेमी श्रद्धालुजनका मांग, आवश्यकता र खाँचोलाई दृष्टिगत गर्दै बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्धज्यूले रचना गर्नुभएको अत्यन्त गम्भीर प्रकृतिको भएर पनि सरल भाषामा प्रस्तुत गरिएको प्रस्तुत पुस्तकलाई प्रकाशन गर्ने सुअवसर पाउंदा हामीहरूलाई असीम धर्मप्रीतिको अनुभव भएको छ ।

भगवान् बुद्धले भन्नुभएको छ कि बुद्धहरूको उत्पत्ति हुनु अत्यन्त दुर्लभ भएजस्तै मनुष्य जुनीमा उत्पत्ति हुनु पनि साह्रै दुर्लभ छ । बुद्धको शासनकालमा मनुष्य जुनी प्राप्त गरेका मानिसहरूले दुर्लभ मानव जीवनलाई यस लोकमा आफू, आफ्ना परिवार, समाज र राष्ट्रको सुख शान्तिका प्राप्ति र भावी जन्ममा पनि सुगति, स्वर्ग र सम्भव भएमा निर्वाणकै लाभका लागि अप्रमादीपूर्वक अधिकतम सदुपयोग गर्नु नितान्त जरूरी हुन्छ र बुद्धिमानी हुन्छ । प्रस्तुत पुस्तकको अध्ययनबाट ज्ञात हुन्छ कि सुगति निश्चितताको लागि जिन धर्मको ठूलो महत्व र उपादेयता छ र त्रिशरण गमनलाई मात्र अप्रमादीपूर्वक आजीवनका लागि धारण, पालन र अभ्यास गरी जीवनका अन्तिम घडीसम्ममा पनि त्रिशरण गमन कुशललाई स्थीर राख्न सकिएमा पनि मानिसको लागि सुगति लाभ निश्चित हुन सक्छ । निर्वाणको द्वार र मार्ग पनि केवल बुद्धको धर्ममा नै मात्र उपलब्ध हुने तथ्य पनि प्रष्ट नै छ । यस प्रकारको गम्भीर बिषयमा संक्षेपमा प्रकाश पारिएको प्रस्तुत पुस्तक सद्धर्मका साधकहरू र अनुयायीहरूका लागि अत्यन्त उपयोगी हुने आशा र विश्वास हामीले लिएका छौं । सम्पूर्ण पाप, अपराध र दुष्कर्मका मूल आधारका रूपमा रहेका अकुशल मूलहरू - लोभ, द्वेष र मोहका जाल र बन्धनलाई चिनी जानी तिनबाट मुक्ति प्राप्त गर्न चाहने धार्मिक महानुभावहरूलाई प्रस्तुत पुस्तकले निकै सघाउ र सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस प्रकारको अत्यन्त उपयोगी गम्भिर पुस्तक प्रकाशित गर्ने सुअवसर हामीलाई प्रदान गर्नुहुने विद्वान् लेखक श्री आर. बि. वन्धज्यूलाई हामीहरू हृदयदेखि नै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । यस पुस्तकका लागि प्राक्कथन र शुभेच्छा लेखी अनुकम्पा गर्नुहुने क्रमशः अखिल नेपाल भिक्षु महासंघका



Downloaded from http://dhamma.digital

धर्मानुशासक अग्ग महासद्धम्म जोतिक धज भदन्त बुद्धघोष महास्थविरज्यू र अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष अग्ग महासद्धम्म जोतिक धज, विद्यालंकार पद्मभूषण आचार्य भदन्त कुमार काश्यप महास्थविरज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

यस पुस्तकको मुद्रण कार्यमा तन मन दिई अत्यन्त छोटो समयमा राम्ररी मुद्रण कार्य सुसम्पन्न गर्नु भएकोमा स्पेक्ट्रम अफसेट प्रेस, गणबहालका सम्पूर्ण परिवारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

प्रस्तुत पुस्तक प्रकाशनको पुण्यद्वारा बुद्धभूमि नेपाल लगायत सम्पूर्ण विश्वमा व्याप्त हिंसा, अशान्ति र आतङ्कको अन्त्य भई सर्वत्र सुख, शान्ति र मैत्री फैलिन सहयोग पुगोस् भन्ने हार्दिक कामना गर्दछौं ।

भवतु सब्ब मंगलम् ।

ज्ञानज्योति कंसाकार
लक्ष्मी प्रभा कंसाकार

क्वापुखू, ठंहिटी, का.म.पा. वडा नं. २९,
काठमाडौं ।
मिति:- २०६०/१२/१३/६



Downloaded from http://dhamma.digital

# विषय सूची


| क्र सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| क) | प्राक्कथन - उपसंघनायक भदन्त बुद्धघोष महास्थविर | क-ग |
| ख) | शुभेच्छा - अ.ने.भि.म. का अध्यक्ष भदन्त कुमार काश्यप् महास्थविर | घ |
| ग) | विनीत निवेदन - आर. वि. बन्ध | ङ-ठ |
| घ) | प्रकाशकीय - ज्ञानज्योति कंसाकार/लक्ष्मीप्रभा कंसाकार | ड-ढ |


## भाग - १ : सुगतिका लागि बुद्धधर्म


| | | |
|---|---|---|
| १. | मनुष्य जुनीको सर्वोच्चता | १ |
| २ | पृथ्वी र प्राणीको उत्पत्तिबारेको वैज्ञानिक अनुमान | १-३ |
| ३. | मनुष्य जुनीको दुर्लभतामा मतैक्यता | ३-४ |
| ४ | बुद्धधर्मको मान्यता | ४-५ |
| ५. | जन्म-मरणको चक्र | ५ |
| ६. | ६ देवलोकहरू र २० ब्रम्हलोकहरू | ६-८ |
| ७. | मनुष्य जुनी साँच्चिकै दुर्लभ छ | १० |
| ८. | चार प्रकारबाट मृत्यु | ११ |
| ९ | बुद्ध शासनकालमा मनुष्य जुनी - सुखद संयोग | १२ |
| १०. | पुण्य संचय गर्न आदर्श जुनी - मनुष्य जुनी | १३-१६ |
| ११ | दिव्य लोकहरूमा दीर्घायु | १७-२१ |
| १२. | अत्ता हि अत्तनो नाथो | २१-२२ |
| १३. | चार थरीका मानिसहरू | २२-२३ |
| १४. | मनुष्य जुनीमा उत्पत्ति हुन कठीन छ | २३-२५ |
| १५. | अकुशलबाट बची कुशल जीवन जिउने सरल शिक्षा नै बुद्धधर्म | २५-२६ |
| १६. | दश संयोजनहरू | २६ |
| १७. | दश अकुशल कर्महरू | २६ |
| १८. | दश कुशल कर्महरू | २६ |
| १९. | दश पुण्य कर्महरू | २७ |
| २०. | त्रिशरण गमनबाट पनि सुगतिको लाभ | २७-३२ |
| २१. | अपाय गतिबाट बची सुगति प्राप्तिको निश्चितताको लागि अभिधर्मको उपादेयता | ३२-३५ |
| २२. | पुनर्जन्मका कारक - कर्म, कर्म निमित्त र गति निमित्त | ३५-३६ |
| २३. | चार प्रकारका कर्महरू | ३६-४० |


Downloaded from http://dhamma.digital

क्र.सं. विषय पृष्ठ संख्या

## परिशिष्टहरू

### भाग - २ : पञ्चशील प्रार्थना सहित त्रिरत्न वन्दना


२४. आफ्नो देह अर्पण गरी जीवनभरका लागि त्रिशरण लिने विधि ४३-४४
२५. त्रि-शरण सहित पञ्चशील प्रार्थना गर्ने विधि ४४-५५


### भाग - ३ : त्रिरत्न वन्दनाका गीतहरू र भक्ति रचनाहरू


२६. बुद्ध वन्दना ५६
२७. धर्म वन्दना ५७
२८. संघ वन्दना ५८
२९. संसार नित्य होइन ५९
३०. पञ्चशील प्रणिधान ६०
३१. बुद्ध दर्शन गर्न जाउँ ६०
३२. परिशुद्ध कामना ६१
३३. लिनोस् मलाई आफ्नो शरणमा ६२
३४. शरण आउँ बुद्ध कहाँ ६२
३५. शरण आएँ बुद्धको ६३
३६. पूजा गर्न आयौं हामी ६४
३७. आरति ६४
३८. आरति ६५


### भाग - ४ : प्रातः स्मरणीय बुद्ध वचनहरू


३९. प्रातः स्मरणीय बुद्ध वचनहरू ६६-७२
४०. बुद्धको अन्तिम वचन ७२
४१. पुण्यानुमोदन ७३


Downloaded from http://dhamma.digital

# Table of Contents

| S.No. | Subject | Page No. |
|---|---|---|
| A. | Foreword by Ven'ble Buddhaghosh Mahathera | i-iii |
| B. | Best wishes by Ven'ble Kumar Kashyap Mahathera | iv |
| C. | Humble Statement by the Author R.B. Vandya | v-xii |
| D. | Publisher's Note by Gnan Jyoti Kansakar/Laxmi Prabha Kansakar | xiii-xiv |

## Part–1

| | | |
|---|---|---|
| 1. | Supremacy of human beings' life | 1 |
| 2. | Concept of the scientists on the Earth and its origin | 1-3 |
| 3. | Concensus of opinion as regards the rarity of the Human Life | 3-4 |
| 4. | Notion of Buddhism | 4-5 |
| 5. | Cycle of Births and Deaths | 5 |
| 6. | 6 Celestial Realms for the Deities and 20 Realms of form and formless Brahmas. | 6-8 |
| 7. | It is rare to the born as Human Being | 10 |
| 8. | Death by the Four Causes | 11 |
| 9. | Birth in Human Plane of Existence during the period of the Buddha's Teachings - A happy event | 12 |
| 10. | Human form - The ideal birth for the collection of the Merits | 13-16 |
| 11. | Long Life in celestial Realms | 17-21 |
| 12. | Man is His own Master | 21-22 |
| 13. | Four types of Human Beings | 22-23 |
| 14. | Difficulty in taking Rebirth in Human Abode | 23-25 |
| 15. | Buddha dhamma is the Easy path of living a meritorious life by saving oneself from Immoral life | 25 |
| 16. | Ten fetters (Sanyojana) | 26 |
| 17. | Ten Unwholesome Actions (Akushal kamma) | 26 |
| 18. | Ten Wholesome Actions (Kushal kamma) | 26 |
| 19. | Ten Meritorious Actions (Punya kamma) | 27 |
| 20. | Attainment of Rebirth in Happy States even by Taking Refuge in the Triple Gems i.e. The Three Refuges. | 27-32 |
| 21. | Utility of Abhidhamma for the assured Attainment of Happy States (Sugati) by avoiding Evil states (Apaya Gati) | 32-35 |
| 22. | Determinants of Rebirth - Kamma (Action), Kamma Nimitta (Symbol of Action) and Symbol of Destiny (Gati Nimitta) | 35-36 |
| 23. | Four Types of Kamma (Actions) | 36-40 |

Downloaded from http://dhamma.digital

*S.No.* *Subject* *Page No.*

# Appendices

## Part–2

24. Mode of Taking Refuge in Triple Gems by offering One's Own Body 43-44
25. Mode of Taking Five Precepts along with Salutations to the Triple Gems. 44-55

## Part–3

26. Buddhist Hymns and Prayers 56-65

## Part–4

27. Some Important Buddhist Verses 66-72
28. Final Exhortation of the Buddha 72
29. Transferance of Merit (Punyanumodan) 73


Dhamma.Digital

Downloaded from http://dhamma.digital

भाग–१

# सुगतिका लागि बुद्धधर्म

## मनुष्य जुनीको सर्वोच्चता

यस पृथ्वीका सम्पूर्ण जीवधारी प्राणीहरूमध्ये मनुष्य नै हर प्रकारको दृष्टिबाट सर्वोत्तम, सर्वोत्कृष्ट र सुविकसित सत्व हो भन्ने तथ्यलाई यस विश्वमा प्रचलित प्रायः सबै नै महत्वपूर्ण धर्मशास्त्रहरू र दर्शनशास्त्रहरूले मात्र स्वीकार गरेका होइनन् कि धर्म र दर्शनको परम्परालाई प्रमाणको रूपमा मान्न इन्कार गर्ने आधुनिक विज्ञानले पनि यस तथ्यलाई निरापवाद रूपमा मान्यता प्रदान गरेको पाइन्छ। किन्तु पृथ्वीको उत्पत्ति र यस पृथ्वीमा मानव जीवनको उत्पत्ति र विकासको सिद्धान्तको विषयमा भने प्राचीन् धर्मशास्त्रहरू र आधुनिक विज्ञानका पक्षधरहरूका बीचमा कुनै मतैक्य रहेको पाइदैन। त्यति मात्र होइन, आधुनिक विज्ञानका पक्षधरहरूका बीचमा पनि अझै पृथ्वीको उत्पत्ति र विकास र जीवको उत्पत्ति र मानवको विकासका सिद्धान्तका विषयमा पनि अनेक मतमतान्तरहरू कायमै रहेका पाइन्छन्। अतः आधुनिक विज्ञानको लागि पनि विश्व ब्रम्हाण्ड, लोकको उत्पत्ति र विकासका विषय अझै पनि अनन्त खोज र रहस्यकै बिषय रहिआएको छ भन्दा अतिशयोक्ति हुने देखिदैन। संयुक्त निकाय (निदान वर्ग, परिच्छेद ३, अनमतग्ग संयुत्त, प्रथम वर्ग, पुग्गल सुत्त) मा भगवान् बुद्धबाट आज्ञा भएको छ कि "यस संसारको प्रारम्भ (आदिकाल) अनमतग्गोयं अर्थात् अल्याख छ अर्थात् निर्धारित गर्न सकिन्न। अविद्यामा परी तृष्णाको बन्धनमा बांधिएर जन्म र मरणको चक्रमा विचरण गरिरहेका सत्व प्राणीहरूको पूर्वकोटीलाई देखाउन सकिन्न। एक कल्पभरि मात्र भिन्न भिन्न योनिमा जन्मेका एक जना व्यक्तिको पनि अस्थिहरूलाई एक ठाउँमा जम्मा गरिराख्ने हो र ती अस्थिहरू नष्ट भएर नजाने हो भने त्यसको राशी वेपुल्ल पर्वतको बराबर हुन जान्छ। त्यसैले सम्पूर्ण संस्कारबाट विरक्त हुनु पर्दछ, राग रहित हुनु पर्दछ, विमुक्त हुनु पर्दछ।" अन्य धर्म र दर्शनका प्रवृत्तिका विपरीत बुद्धधर्ममा यसरी लोकको व्युत्पत्तिकाल र मनुष्यको पूर्वकोटीका बारेमा चिन्तन गर्ने प्रवृत्तिलाई कुनै प्रोत्साहन नदिइएको हुँदा बुद्धधर्म विवादबाट सर्वथा मुक्त रहेको मान्न सकिन्छ।

## पृथ्वी र प्राणीको उत्पत्तिबारेको वैज्ञानिक अनुमान

पृथ्वी र प्राणीको उत्पत्ति बारेमा आधुनिक भूगर्भवेत्ताहरू, समाजशास्त्रीहरू र अन्य वैज्ञानिकहरूका बीचमा पूर्ण मतैक्य हुन नसके तापनि अधिकांश वैज्ञानिकहरू ५१ करोड २० लाख वर्ग किलोमिटर क्षेत्रफल भएको पृथ्वी सूर्यको एक अंशको रूपमा करीब साढे चार अरब बर्ष अगाडि अर्थात् ४ अरब ६० करोड बर्ष अगाडि उत्पत्ति भएको कुरालाई मान्दछन्। सूर्यबाट

Downloaded from http://dhamma.digital

उछिट्टिएर निस्केको पृथ्वी प्रारम्भकालमा अत्यन्त तातो रहे तापनि समयको अवसानका साथै क्रमशः चिसिंदै जान थालेपछि यस पृथ्वीमा वनस्पति र जीवहरू क्रमिक रूपमा उत्पत्ति हुने र विकसित हुन सकिने उपयुक्त वातावरणको सिर्जना हुदै गएको अनुमान वैज्ञानिकहरू लगाउँदछन् ।

त्यसपछि पृथ्वीमा सर्वप्रथम फाइटो, प्लाङ्टन, अल्गी जस्ता सूक्ष्म वनस्पतिहरूको उत्पत्ति भएको र पछि आएर प्यारामेसियम, अमिबा, हाइड्रा, स्पोन्ज, जेलिफिस जस्ता सूक्ष्म जीवहरूको क्रमिक विकास भएको धारणा वैज्ञानिकहरू राख्दछन् । उनीहरूका अनुसार शायद जीवको पहिलो चिन्हको उत्पत्ति तातो पानीयुक्त समुद्रका किनाराहरूमा देखा परे । प्रारम्भमा एक कोषीय सूक्ष्म जीवहरूका रूपमा तातो पानीयुक्त समुद्रका किनारामा देखिएका जीवहरू कालान्तरमा विस्तारै मेरुदण्डविहीन बहुकोषीय जीवहरू र माछा जस्ता जल प्राणीका रूपमा विकसित भएर पानी र जमिनमा हिंड्ने जलचर र स्थलचर प्राणीहरूका रूप लिन आइपुगे पश्चात् करोडौं करोड बर्षको विकासको क्रममा तिनै प्रारम्भिक जीवहरूले पृथ्वीको वातावरणमा आएका परिवर्तनसंग घुलमिल गर्दै कालान्तरमा क्रमिक रूपमा उच्चभन्दा उच्च स्तरका रूप प्राप्त गर्दै अन्ततोगत्वाः करोडौं बर्ष पश्चात् आधुनिक मानिसको रूपमा विकासको चरम सीमासम्म आइपुग्न सफल भएको धारणा वैज्ञानिकहरू राख्दछन् ।

पहिले यस पृथ्वीमा चार करोड बर्ष पहिले नै आदिम कालीन् बाँदरको उत्पत्ति भइसकेको अनुमान वैज्ञानिकहरू राख्तथे भने मानिसको जस्तो दाँतको बंगारा र खुट्टाको हाडसंग मिल्ने लंगूरहरू त्यसपछि उत्पत्ति भएका हुन् भन्ने वैज्ञानिकहरूको धारणा थियो ।

प्रथमतः संभवतः उत्तर अमेरिकामा मनुष्यको पूर्वकोटीको प्रारम्भिक प्राचीन् रूपको उत्पत्ति र विकास भएको हो भन्ने बिचार राख्दै आएका वैज्ञानिकहरू पनि हालै चीनको बेजिंगमा रहेको विज्ञान प्रतिष्ठानका वैज्ञानिकहरू सिचुन नि (Xijun ni) र उनका दुई जना सहयोगीहरूले यही गएको जनुअरी १, २००४ मा मात्र प्रकृति (Nature) नामक पत्रिकामा लेख लेख्दै चीनको हुनान प्रान्तमा ५ करोड ४९ लाख वर्ष पहिलेका मानवका पूर्वकोटीका प्रारम्भिक प्राचीन् रूपका अस्थि अवशेष पत्ता लागेको दावीलाई सार्वजनिक गरेपछि आफ्ना पूर्व धारणामा परिवर्तन गर्नुपर्ने स्थितिमा आईपुगेका पाईन्छन् भनी हालै सन् २००४ को जनुअरी १ मा प्रकाशित बेलायतको "गार्जियन" पत्रिकाले दावी गरेको छ । वैज्ञानिकहरूको विचारमा आदिमकालीन् बाँदरको रूपबाट पाषाण युगका आदि मानवको रूपसम्मको विकासको यात्रा पूरा गर्न पनि आजको मनुष्य जातिलाई करोडौं बर्ष लागेको थियो ।

आजका मानव जाति आदिकालमा पुच्छर नभएका लंगूर बाँदरका उत्तराधिकारी हुन् कि चिम्पान्जी, वनमान्छे, गोरिल्ला, ठूला बाँदर र मानिस सबै



Downloaded from http://dhamma.digital

एकै पूर्वजका सन्तान हुन् भन्ने कुराको भने यकिन वैज्ञानिक निष्कर्ष अझै निस्की नसकेको धारणा वैज्ञानिकहरू राख्तछन् । मानव जातिको उत्पत्ति र विकासका बिषयमा धर्मशास्त्रहरू र वैज्ञानिकहरूका बीचमा कायम रहदै आएको वैचारिक मतभिन्नता अझै यथास्थितिमा नै कायम रहिआएको देखिन्छ ।

## मनुष्य जुनीको दुर्लभतामा मतैक्यता

आधुनिक विज्ञानको विकासवादी सिद्धान्तले यस पृथ्वीमा मानव जातिको उत्पत्ति र विकास हुन करोडौं करोड बर्ष लागेको धारणालाई अगाडि सारेर भौतिकवादी विज्ञानले पनि मानिसको चोलालाई अनमोल, दुर्लभ र अत्यन्त महत्वपूर्ण विकासको उपलब्धि मानेको पाइन्छ । ईश्वरीय सत्ता र अजरामर आत्मा तथा परमात्माको अस्तित्वमा आस्था र विश्वास राख्ने अनेकौं धर्म र दर्शनले पनि परमेश्वर परमात्मा प्रभु ईश्वरले आफ्नै स्वरूपमा मानिसलाई उत्पत्ति गरेको धारणा राखेका छन भने पूर्वीय धर्म र दर्शनले त मृत्युपछि चौरासी लाख जुनी घुमेर मात्र पुन: मानव चोला प्राप्त गर्न सकिने दर्शनलाई अंगाली मानव जुनी अत्यन्त दुर्लभ रहेको मान्यतालाई सशक्त रूपमा अगाडि सारेको देखिन्छ ।

दुर्लभ मनुष्यको जुनीबाट पतित हुन नदिनको लागि भद्र इशाईहरू ईशु प्रभुको सहायताले मरणोपरान्त परमेश्वरको स्वर्ग लोकमा पुग्न सकिने बन्न यस लोकमा धर्म कार्यमा संलग्न हुन उत्प्रेरित रहन्छन् भने धर्मदूत मोहम्मदको शिक्षालाई सही तवरले अनुशरण गर्ने सच्चा मुसलमानहरू "खुदा" बाट "जन्नत" बक्स हुने विश्वासमा परोपकारी पुण्य कार्यमा लाग्न उत्साहित रहन्छन् । सनातन धर्मका अनुयायी शैवी, वैष्णवी र वाम मार्गी भक्तजन ज्ञानीजनहरू मृत्युपरान्त ८४ लाख जुनीको अनन्त चक्कर लगाउनुपर्ने घोर दु:ख बाट मुक्ति पाउन यसै जन्ममा जप तप व्रत ध्यान भक्तिको साधना गरी मरणोपरान्त आ-आफ्ना इच्छानुसारका कैलाशवास, वैकुण्ठवास र ब्रम्हलोक वासमा पुग्न लालायित रहन्छन् । मृत्युपछिको लोक - स्वर्ग, नरक र पुनर्जन्ममा खासै आस्था र विश्वास नराख्ने आधुनिक विज्ञानका अनुयायी लब्ध प्रतिष्ठित विद्वान्‌वर्गहरूमा पनि दुर्लभ मानव जीवनलाई विश्वको शान्ति र मानव समुदायको व्यापक हित, सुख र उन्नति हुने दिशामा सदुपयोग गर्नुपर्दछ भन्ने विषयलाई आफ्नो मानवीय कर्तव्य ठान्ने वैज्ञानिकहरूको संख्या कम नहुनु आजको मानव सभ्यताको लागि कम सुखद् संयोगको विषय होइन ।

हुन त पूर्वीय धर्म र दर्शनका उहिलेकै अनुयायीहरूमा पनि **"भस्मिभूतस्य देहस्स पुनरागमनं कुतः । अतः ऋणं कृत्वा घृतं पिवेत्"** भन्ने चरम उच्छेदवादी भौतिकवादमा विश्वास गर्ने चार्वाक जस्ता दार्शनिक पनि नभएको होइन । वुद्धकालीन् युगमै पनि कर्मको विपाक छैन, आमा छैन, बाबु छैन, परलोक छैन । सत्व चतुर्महाभूत समूह मरणपछि भव उच्छेद हुन्छ भन्ने उच्छेदवादी मत राख्ने विशुद्ध भौतिकवादी अजित केस कम्बल नामक तीर्थङ्कर



Downloaded from http://dhamma.digital

गणाचार्य जस्ता दार्शनिकले पनि कम ख्याति प्राप्त गरेको थिएन । किन्तु मानव समाजको इतिहासमा विगत कालमा पनि ती उच्छेदवादी भौतिकवादका अनुयायी दार्शनिकहरूले समाजमा खासै उल्लेख्य भूमिका निर्वाह गरी कुनै महत्वपूर्ण स्थान प्राप्त गर्न सकेको भने देखिन्नथ्यो । मानव समाजको व्यापक संरचना र जीवन पद्धतिलाई दृष्टिगत गर्दा मानव समुदाय अद्यापि कुनै न कुनै आध्यात्मिक आस्था र धार्मिक विश्वास तथा वैज्ञानिक विचारधाराको प्रभावबाट नै बढी मात्रामा संचालित र परिचालित रहिआएको पाइन्छ ।

## बुद्धधर्मको मान्यता

विश्वले हालसम्म देखेका, सुनेका र भोगेका धर्मगुरुहरू र दार्शनिकहरू मध्ये सबैभन्दा बढी मानववादी धर्मगुरु हुनुहुन्थ्यो आजभन्दा २६२७ बर्ष पूर्व नेपालको लुम्बिनी उद्यानमा जन्मनु भई २५९२ बर्षअघि भारतको बोधिगयामा सम्यक् सम्बुद्धत्व लाभ गर्नु भएका नेपालका सुपुत्र एवं विश्वका ज्योति शाक्यमुनि बुद्ध । उहाँ नै मात्र यस युगको यस्तो प्रथम आध्यात्मिक शास्ता गुरु हुनुहुन्छ जसले मानव जीवनलाई देव र ब्रम्ह योनिका सत्वहरूभन्दा श्रेष्ठोत्तम् मान्दै देव र ब्रम्हा लगायतका सम्पूर्ण वेनेय्य सत्व प्राणीहरूलाई पूर्ण सुसभ्य हुने गरी उपयुक्त शिक्षा दीक्षाबाट अनुशासन र दमन गर्न समर्थवान रहेको सर्वज्ञ बुद्धत्व - सम्यक् सम्बुद्धत्वको दुर्लभ सर्वोच्च पद पाउन योग्य अधिकारीमा मानवलाई मात्र छनोट गर्नु भएको छ । किनभने सम्यक् सम्बुद्धत्व लाभ गर्न मनुष्य जुनी नै मात्र अत्यावश्यक छ, उपयुक्त छ र अपरिहार्य छ । बुद्धधर्मको यही घोषित मान्यता हो । बुद्धधर्मको मान्यता हो कि तथागतोपदेशित धर्मानुसार आचरण र अभ्यास गरी मनुष्य, देवलोक र ब्रम्हलोकबाट पनि निर्वाण धर्मलाई साक्षात्कार गर्न त सकिन्छ किन्तु देव ब्रम्हा मनुष्य सहितका सत्व प्राणी मात्रलाई निर्वाणको मार्ग अववोध गराई निर्वाणमा पुर्‍याउन सकिने सर्वोच्च पद - सम्यक सम्बुद्धत्व हासिल गर्न भने मानव जुनीमा नै जन्म ग्रहण गरी सम्यक सम्बोधि ज्ञान लाभ गर्नु अपरिहार्य हुन्छ । बुद्धधर्मका अनुसार बुद्धत्व लाभका लागि प्रणिधान गरे पश्चात् कम्तीमा पनि चार असंख्येय र एक लाख कल्पसम्मको अनेक जुनीमा अनगिन्ति पारमिता, उपपारमिता र परमार्थ पारमिताहरू पूर्ण गर्दै अगणित लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्याहरू सम्पन्न नगरीकन कुनै पनि सत्वले सम्यक् सम्बोधि ज्ञान प्राप्त गर्न सक्तैन । आफ्नो जन्म मात्रले र बोधिज्ञान प्राप्तिको सफलता मात्रले पनि विश्व ब्रम्हाण्डका त्रि-साहस्र महा साहस्र लोक धातुहरू अर्थात् ३० खरब सांसारिक चक्रवालहरूलाई प्रभावित गर्दै दश साहस्री अर्थात् दश हजार लोक धातुहरूलाई त कम्पित, प्रकम्पित र सम्प्रबेधित नै गर्न सकिने महान आनुभावयुक्त सम्यक् सम्बुद्ध बन्न भने मर्त्यलोकमै मनुष्य जुनीमा अन्तिम जन्म ग्रहण गरी मात्र आफ्नो-साधना प्रयासलाई परिपूर्णता प्रदान गरिनु जरुरी हुन्छ । मानव जातिलाई यत्तिको उत्कृष्ट, उच्च र महत्वपूर्ण



Downloaded from http://dhamma.digital

स्थान संसारको अन्य कुनै पनि धर्म, दर्शन र वादले दिएको भेटिंदैन । त्यसैले पनि कतिपय विद्वान्हरू बुद्धधर्मलाई मानववादी धर्म र दर्शन भन्न रुचाउंदछन् ।

**जन्म मरणको चक्र**

यस संसारमा कुनै पनि जीवनको अन्त्य मृत्युबाट हुन्छ । किन्तु सत्वको मृत्यु हुंदैमा उसको लागि संसारको अन्त्य भने हुंदैन । जीवन मरणरूपी अनन्त भवचक्रको संसारमा उसको गमन-आवागमनको अन्त्य हुंदैन । अविद्यामा परी तृष्णाको बन्धनमा बाँधिएर रहुन्जेल सत्व प्राणीले गमन-आवागमनको क्रममा असंख्य अगणित कुशलाकुशल संस्कारहरू जम्मा गर्दै जान्छन् । कुशलाकुशल संस्कारहरूका कारण उत्पत्ति भएका असंख्य अपरापरीय वेदनीय कर्महरूलाई संगाली भवचक्रमा घुमिरहुन्जेल नाम रूप धर्मको अटूट प्रवाह जारी नै रहन्छ । सम्पूर्ण क्लेश र आश्रव धर्महरूलाई प्रज्ञाबाट समूल नष्ट गरी निशेष रूपमा नाम रूप धर्मलाई निरोध गर्न नसकिएसम्म सत्वका लागि भवचक्र संसारको अन्तिम अवसान सम्भव हुंदैन । निर्वाण प्राप्त नभएसम्म सत्व प्राणीका लागि संसारको पूर्ण निरोध त्यसैले असम्भव हुन्छ । बुद्ध शासन बेगर निर्वाणको ज्ञान, आलोक र मार्ग फलको उत्पत्ति नै हुंदैन । *(हेर्नोस् - लेखकबाट अनुदित ग्रन्थ "पञ्च आलोक", "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" र लेखककै पुस्तक - "आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म" ।)*

बुद्ध धर्मानुसार सत्वहरूका आवागमनका लागि प्रत्येक चक्रवालमा ३१ सुगति र दुर्गतिका लोकहरू विद्यमान हुन्छन् । सुगतिका २७ लोकहरूमा समाहित हुन्छन् - ६ देवलोकहरू, १ मनुष्य लोक र २० ब्रम्हलोकहरू । तिनै ब्रम्हलोकहरूमध्ये चतुर्थ ध्यान भूमिवाला ब्रम्हलोकहरूको समूहमा शुद्धावास नामक ५ ब्रम्हलोकहरू पनि समावेश हुन्छन् । अकुशल धर्मका कारण उत्पत्ति हुने चार थरीका अपाय गतिका लोकहरूमा समावेश हुन्छन् - तिर्यक, प्रेत, असुर र नरक लोकहरू । *(हेर्नोस् - ३१ लोकहरूको सविस्तार वर्णनका लागि महा जयमंगल पाठ (नेपाल भाषा) अनु. भिक्षु प्रज्ञानन्द ।)* निर्वाण प्राप्त नभएसम्म यिनै ३१ लोकहरूमा कुशलाकुशल कर्मका विपाक स्वरूप अनन्त भवचक्र रूपी संसारमा जन्म लिंदै मृत्यु हुदै अनन्तकालसम्म घुमिरहनु प्राणी मात्रको नियति नै हुन्छ । त्यसैले ४५ बर्ष लामो अवधिसम्म अनन्त धर्मोपदेश गर्नुभएका शाक्यमुनि तथागतले जीवनको अन्तिम घडी - महापरिनिर्वाणको ठीक अघिसम्म पनि सांसारिक लोकजनलाई अझै सम्झना गराउदै आज्ञा भयो -"**हन्ददानि भिक्खवे ! आमन्तयामि वो, वयधम्मा सङ्खारा, अप्पमादेन सम्पादेथ ।**" अनित्य, दुःखमय र अनात्मामय संसारको घोर दुःख रूपी अनन्त चक्रबाट सदाको लागि विश्राम र मुक्ति पाउनका लागि अप्रमादी पूर्वक निर्वाण धर्मलाई चांडोभन्दा चांडो साक्षात्कार गर्न सततः प्रयत्नशील हुन दिनु भएको बुद्धको यही साश्वत सन्देश नै शाक्यमुनि बुद्धको अन्तिम ज़िन वचन थियो ।



Downloaded from http://dhamma.digital

## ६ देवलोकहरू र २० ब्रम्हलोकहरू

त्रिपिटकानुसार विभिन्न कुशल कर्महरू गरी उत्पत्ति हुन सकिने ६ देवलोकहरू र २० ब्रम्हलोकहरूको विवरण निम्नानुसार रहेको छ।

त्रिशरण सहित दान शील भावनादि कुशल पुण्य कर्म गर्नाले प्राप्त हुन सकिने देवलोकहरू हुन् :-

१) चतुर्महाराजिक देवलोक
२) त्रायतिंश देवलोक
३) यामा देवलोक
४) तुषिता देवलोक
५) निर्माणरति देवलोक
६) परनिर्मित वशवर्ति देवलोक

*(द्रष्टव्य:- काम सुगति भूमिका ६ देवलोकहरूका आयु, जीवन पद्धति, रूप, खानपान र यौन जीवनका बिषयमा जिज्ञाशा राख्ने महानुभावहरूका लागि हेर्नोस् Buddhism : Theory and Practice by U Maung Nu, B.E. 2526, Bankok pp. 9-10 र लेखकको कृति बुद्धधर्म र आधुनिक विज्ञान पृष्ठ न. ६७-७२ ।)*

समथ भावना अन्तर्गत विभिन्न चालीस प्रकारका कर्मस्थानहरूमध्ये आफूलाई अनुकूल हुने कर्मस्थान वा कर्मस्थानहरू छनोट गरी ध्यान भावना साधना गरी विभिन्न रूप ध्यानहरू र अरूप ध्यानहरू लाभ गर्न सफल पुद्गलहरूले प्राप्त गर्न सकिने विभिन्न ध्यान भूमिका २० ब्रम्हलोकहरूको विवरण यस प्रकारको छ:-

**प्रथम ध्यान प्राप्त गर्ने सत्वहरूले प्राप्त गर्ने प्रथम ध्यान भूमिका ३ ब्रम्हलोकहरू:-**

१) ब्रम्ह परिषद्
२) ब्रम्ह पुरोहित
३) महा ब्रम्हा

**द्वितीय ध्यान लाभी पुद्गलहरूले प्राप्त गर्ने द्वितीय ध्यान भूमिका ३ ब्रम्हलोकहरू:-**

४) परित्ताभा
५) अप्रमाणाभा
६) आभास्वरा

**तृतीय ध्यान लाभी सत्वहरू उत्पत्ति हुने तृतीय ध्यान भूमिका ३ ब्रम्हलोकहरू:-**

७) परित्तशुभा
८) अप्रमाणशुभा
९) शुभकृत्स्ना



Downloaded from http://dhamma.digital

**चतुर्थ ध्यान लाभी पुद्‌गलहरूले लाभ गर्ने चतुर्थ ध्यान भूमिका ७ ब्रम्हलोकहरू:-**

१०) बृहत्‌फला
११) असंज्ञासत्वा
१२) अविहा
१३) अतप्ता
१४) सुदर्शा
१५) सुदर्शी
१६) अकनिष्ठ

**चार प्रकारका अरूप ध्यान लाभी सत्वहरूले लाभ गर्ने अरूप भूमिका ४ अरूप ब्रम्हलोकहरू:-**

१७) आकाशानन्त्यायतन भूमि
१८) विज्ञानानन्त्यायतन भूमि
१९) आकिञ्चन्यायतन भूमि
२०) नैवसंज्ञानासंज्ञायतन भूमि

*(हेर्नोस् - चक्रवालमा रहेका विभिन्न ३१ लोकहरूका सविस्तार वर्णनका लागि अंग्रेजी भाषाको पुस्तक "The Buddha and His Teachings, Chapter-7, Planes of Existence by Narada Thera, pp. 436 to 445" र अभिधर्मार्थ संग्रह (नेपाल भाषा), अनुवादक तथा सम्पादक - भिक्षु बुद्धघोष महास्थविर, सुभाष प्रिण्टिङ्ग प्रेस, वि.सं. २०४८, पृष्ठ नं. २६० - २७९)*

माथि लेखिएका २० ब्रम्हलोकहरूमध्ये चार प्रकारका रूप ध्यान लाभी सत्वहरू उत्पत्ति हुने नम्बर १ देखि नं. १६ सम्मका ब्रम्हलोकहरूलाई रूपावचर ब्रम्हलोकहरू र रूपावचर भूमि पनि भनिन्छ भने शेष चार प्रकारका अरूप ध्यान लाभी पुद्‌गलहरू उत्पत्ति हुने नं. १७ देखि नं. २० सम्मका ब्रम्हलोकहरूलाई अरूपावचर ब्रम्हलोकहरू र अरूपावचर भूमि पनि भन्ने गरिन्छ।

बुद्धधर्मानुसार लोभ, द्वेष र मोह अकुशल मूलका कारण दश अकुशल कर्महरू र पाप कर्महरू सम्पादन गरी तिर्यक, प्रेत र असुर गतिका अतिरिक्त नरक लोकमा प्रतिसन्धि ग्रहण गर्न पुग्ने सत्व प्राणीहरू उत्पत्ति हुने नरक लोकहरू आठ प्रकारका छन्। प्रत्येक नरक लोकको चारै दिशातिर उसदर नरक चार चार बिद्यमान रहने हुंदा एउटा एउटा नरक लोककै पनि १७/१७ वटा नरक लोकहरू हुने कारणले आठ नरक लोक भनिए तापनि ती नरकलोकको वास्तविक संख्या १३६ पुग्ने विवरण पनि सो धर्ममा उल्लेख गरिएको पाइन्छ। प्रत्येक चक्रवालको घेराबाहिर अवस्थित अर्को नरक लोकलाई लोकन्तरिक नरक भनिन्छ। आठ प्रकारका नरक लोकहरूको विवरण यस प्रकारको छ:-



Downloaded from http://dhamma.digital

१) संजीव
२) कालसुत्त
३) संघात
४) रोरूव
५) महारोरूव
६) तापन
७) महातापन र
८) अवीचि

*(हेर्नोस् - ३१ लोकहरूको सविस्तार विवरणका लागि भिक्षु प्रज्ञानन्दबाट नेपालभाषामा अनुदित भूमि विमान भेद दीपनीको संक्षिप्त अनुवाद भएको पुस्तक महाजयमंगल पाठ, पृष्ठ १-७, बु.सं. २४८९) र संखार भाजनी - अनु. भिक्षु प्रज्ञानन्द महास्थविर (नेपालभाषा) पृष्ठ ५९-६८ बु.सं. २५२६ र अभिधर्मार्थ संग्रह (नेपाल भाषा), अनुवादक तथा सम्पादक - भिक्षु बुद्धघोष महास्थविर, सुभाष प्रिण्टिङ्ग प्रेस, वि.सं. २०४८, पृष्ठ नं. २६० - २७९)*

विपश्यना ज्ञान प्रज्ञाको उच्चतम विकासको बलले सम्पूर्ण संयोजन धर्महरूलाई नष्ट गरी यावत् आश्रवहरू र क्लेशहरूलाई समूल क्षय गरी अविद्यालाई जरा सहित निर्मूल गरी भवचक्ररूपी दुःखबाट सर्वथा मुक्त रहेको निर्वाण धर्मलाई साक्षात्कार गरी निर्वाण प्राप्त गर्न नसकिएसम्म ३१ लोकहरूमा अविराम गतिले विचरण गरिरहनु पर्नाको अर्को नाउं नै असीमित, अपरिमित र आदिअन्त रहित संसार हो, भवचक्र हो । यही दुःख हो, दुःखको चक्र हो भन्ने तथ्यलाई बुद्धधर्ममा जोड दिइएको पाइन्छ । तथागतले आफ्नो जीवनको अन्तिम घडीसम्म पनि दोहोर्‍याई अप्रमादी भई चांडोभन्दा चांडो निर्वाण धर्म सम्पादन गर्न प्रयासरत रहन अप्रमादको उपदेश दिनु हुनाको मर्म यसै तथ्यमा निहित रहेको पाइनु अस्वाभाविक होइन । अपाय गतिका प्रेतलोक र असुरलोक तथा ६ देवलोकहरूमध्ये प्रथम दुई भूमिहरूका देवलोकहरू जस्तै चतुर्माहाराजिक र त्रायस्त्रिंश देवलोकहरू हामीहरूको संसारमा अवस्थित रहेका छन् । सो दुई भूमिका देवलोकहरू भन्दा माथिका देवलोकहरू मात्र एकको माथि अर्को रहने गरी आकाशमा विद्यमान छन् । काम सुगति लोकका देवताहरूमा नाम रूप दुवै हुने भएको र उनीहरूको जीवन पद्धति खान पान र पारिवारिक जीवन जस्ता कतिपय जीवन शैली मानिसहरूको जीवन पंद्धतिसंग केही हदसम्म मिल्ने खालका पनि हुने भएतापनि साधारण मानिसहरूका चर्म चक्षुबाट ती देवलोकहरू र अपाय गतिका सत्वहरू दृष्टिगोचर हुदैनन् ।

बुद्धधर्मका अनुसार वास्तवमा देवताहरू साह्रै नै चित्ताकर्षक रूपबाट राम्रा र मनमोहक हुन्छन् अर्थात् अर्को शब्दमा भन्ने हो भने देवताहरू मोहित हुने किसिमले आकर्षक देखिन्छन् । तिनीहरू आजीवन युवक नै देखिन्छन् ।



Downloaded from http://dhamma.digital

तिनीहरूको खाना यति सूक्ष्म हुन्छन् कि तिनीहरूलाई दिशा पिसाव गर्ने आवश्यकता नै हुँदैन । देवलोकहरूका स्त्री देवीहरूमा मासिक धर्महरू पनि हुदैनन् । देवताहरू पनि मानिसहरूले जस्तै उस्तै ढंगले काम भोग गर्ने हुन्छन् । किन्तु मनुष्यहरूका विपरीत देवताहरू वीर्य स्खलन नगरीकनै काम भोगको उच्चानन्द प्राप्त गर्दछन् ।

नाम रूप दुवै भएका ब्रम्हाहरूमा नाम र रूप दुवै धातु विद्यमान रहेतापनि ती ब्रम्हाहरू भने बडा अनौठा जीवहरू देखिन्छन् । तिनीहरूका शरीर पुरुष जातिका मनुष्यहरूका देह जस्तै हुन्छन् । तिनीहरूमा चक्षुन्द्रियहरू, श्रोतेन्द्रिय, घ्रानेन्द्रिय, जिह्वा-इन्द्रिय र कायेन्द्रिय जस्ता पाँच इन्द्रियहरू सबै नै विद्यमान रहे पनि केवल तिनीहरूको श्रोतेन्द्रिय र चक्षुन्द्रियमा प्रसाद रूपहरू हुन्छन् । अन्य इन्द्रियहरूमा प्रसाद रूपहरू हुदैनन् । तसर्थ ब्रम्हाहरूले सामान्य अवस्थामा केवल देख्ने र सुन्ने कार्य मात्र गर्ने हुन्छन् । तिनीहरूले सुंघ्ने, रस आस्वाद लिने र स्पर्शको अनुभव गर्ने कार्यहरू गर्दैनन् । पूर्व जन्ममा ध्यानको अभ्यासको क्रममा इन्द्रिय वासनाहरूलाई साह्रै नै दमन गरिसकिएका कारणले अन्य इन्द्रियहरूमा प्रसाद रूपहरू नभएका हुन् । किन्तु आँखाले देख्नु र कानले सुन्नु जीवनको अस्तित्वको निमित्त आवश्यक भएकोले मात्र तिनीहरूको चक्षुन्द्रिय र घ्रानेन्द्रियमा मात्र प्रसाद रूपहरू बाँकी रहेका हुन्छन् । अन्य प्रसाद रूपका अभावका साथै ती ब्रम्हाहरूमा जननेन्द्रिय अंगहरू अर्थात् पुरुष वा स्त्री अंगहरू पनि हुदैनन् । ब्रम्हाहरूका एकदमै सूक्ष्म रूप हुन्छन् । तिनीहरू केही खानेकुरा खादैनन् । तिनीहरू अधिकांश समय ध्यान गरेर नै व्यतीत गर्दछन् । ध्यानको कारणले प्राप्त हुने प्रीति जुन हुन्छ त्यो प्रीतिको भोग नै तिनीहरूको जीवनको अस्तित्वका लागि पर्याप्त हुन्छन् । अरूप ब्रम्हलोकहरूका ब्रम्हाहरूमा नाम धातु मात्र हुन्छन्, रूप धातु हुदैनन् ।

*(हेर्नोस्-देवलोकहरू र ब्रम्हलोकहरूका सविस्तार विवरणका लागि Buddhism : Theory and Practice by U. Maung Nu, Mahachulalong Korn Buddhist University, Bangkok, 2526 B.E., pp. 9-13; लेखकको पुस्तक - बुद्ध धर्म र आधुनिक विज्ञान, बु.सं. २५३१, पृष्ठ न. ६६-७६ र महाजयमंगल पाठ (नेपाल भाषा), भूमि विमान भेद दीपनी सम्बन्धी परिच्छेद, अनु. प्रज्ञानन्द भिक्खु, नाछिपुर/दिनाजपुर वि.सं. २००३ ।)*

### भविष्यमा विज्ञानको सहयोगले देवलोकको दर्शनको सम्भावना

दिव्य चक्षु, दिव्य श्रोत जस्ता लौकिक अभिज्ञा, ऋद्धि, सिद्धि र शक्ति बेगर प्रेत, असुर, नरकलोकका सत्वहरू र देवलोकहरू तथा ब्रम्हलोकहरूका देवताहरूलाई देख्न सम्भव हुदैन । अहिलेसम्मको आधुनिक विज्ञान र प्रविधिको उच्च स्तरको विकासले पनि देवलोकहरू र ब्रम्हलोकहरूका सूक्ष्म रूपहरूलाई हेर्न देख्न सकिने कुनै यन्त्र र प्रविधिको विकास गर्न सकेको देखिन्न । किन्तु पृथ्वीभन्दा



Downloaded from http://dhamma.digital

बाहेकका चन्द्रलोक, मंगल र अन्य ग्रहहरूमा पनि जीवको अस्तित्व फेला पार्नको लागि जसरी आधुनिक वैज्ञानिकहरू जोडतोडका साथ मेहनत गरिरहेका छन्, जसरी ती ग्रहहरूमा अध्ययन, अनुसन्धान र पर्यवेक्षणका लागि विभिन्न खालका एक से एक उच्चस्तरका आधुनिक संयन्त्रहरू जडित यानहरूलाई विकास गर्दै ती ग्रहहरूमा विभिन्न खालका यानहरू प्रक्षेपण गर्दै अध्ययन अनुसन्धानमा कम्मर कसेर जसरी वैज्ञानिकहरू जुटेका पाइन्छन् त्यस प्रकारको उत्साह, उमंग र प्रेरणालाई भविष्यमा पनि लामो अवधिसम्म नै कायम राख्दै गएमा हालसम्म विशेष ऋद्धि, सिद्धि र शक्तिको बलले मात्र देखिन सकिने भइरहेका ती नाम धातु र रूप धातु दुवैले संयुक्त भएका काम सुगति भुवनका देवलोकहरू र ब्रम्हलोकहरूका देवताहरूको अस्तित्वलाई पत्ता लगाउने, पहिचान गर्ने र छायाङ्कन गरी प्रतिविम्व समेत उतार्न सक्ने चक्षु, प्रविधि र यन्त्रलाई एकदिन आएर आधुनिक विज्ञान र प्रविधिले विकास नगर्ला भन्न चाँहि सकिन्न । अति आधुनिक विज्ञान र प्रविधिको युगले जुन दिन त्यस प्रकारको सफलता हासिल गर्नेछ त्यसवेला सर्वसाधारण मानिसहरूका मनमा विद्यमान रहने चक्रवालका अस्तित्व सम्बन्धी कतिपय आशंकाहरू र जिज्ञाशाहरू स्वतः शान्त, परिशान्त भएर जानेछन् । किन्तु त्यस्तो दिन नआएसम्मका लागि भने आफ्नै आँखाले प्रत्यक्ष हेरी अनुभव गर्ने चाहना राख्ने आधुनिक युगका मानिसहरूले पनि बुद्धधर्ममा देशना गरिएका विभिन्न ध्यान भावनाका अभ्यास गरेरै मात्र विभिन्न सुगति भूमिका देवलोकहरू र अपाय गतिका लोकहरूका सत्वहरूलाई हेर्न देख्न जान्न सकिने ऋद्धि, सिद्धि र शक्ति सहितका दिव्य चक्षु, दिव्य श्रोत र अभिज्ञाको विकास गर्न सततः प्रयत्नशील हुनु पर्नेछन् ।

## मनुष्य जुनी साँच्चिकै दुर्लभ छ

अतीतकालमा दीपङ्कर तथागतको पर्यायमा अष्ट सिद्धि लाभी सुमेध ऋषिको रूपमा जन्म भई सर्वप्रथम सम्यक् सम्बुद्ध बन्ने निश्चित प्रणिधान गरी तथागतबाट अनुकूल भविष्यवाणी प्राप्त गर्नुभएपछि शाक्यमुनि बुद्धले बुद्धत्व लाभ गर्नुभन्दा अघि आफूले पूर्ण गर्नु भएका चार असंख्येय र एक लाख कल्पसम्मका अनगिन्ति जुनीहरूको दौरान स्वयम् आफैंले देख्नु भएका, सुन्नु भएका र भोग्नु भएका असंख्य अपरिमित अनुभवहरूको संगालोलाई नियाल्दै भवचक्र संसारको स्वभावलाई विश्लेषण गरी पहिचान गर्नु भएका गौतम बुद्धले आज्ञा भएको छ कि मनुष्य जुनीमा जन्म हुनु भनेको अत्यन्त दुर्लभ हुन्छ ।

यस संसारमा बुद्धको उत्पत्ति हुने, जिन धर्मको श्रवण गर्ने अवसर प्राप्त हुने र मनुष्य जुनीमा जन्म हुने भन्ने कुराहरू अत्यन्तै दुर्लभ हुँदा रहेछन् । धम्मपदमा त्यसैले भनिएको छ :-

**किच्छो मनुस्स पटिलाभो, किच्छो मच्चानं जीवितं ।**
**किच्छं सद्धम्म सवणं, किच्छो बुद्धानं उप्पादो ॥**

*अर्थात्*



Downloaded from http://dhamma.digital

मनुष्य जुनीमा जन्म हुनु दुर्लभ छ । मृत्यु हुनुपर्ने मानिसहरू जीवित रहिरहनु पनि दुर्लभ नै हो । सद्धर्म श्रवण पनि दुर्लभ हुन्छ । बुद्धहरूको जन्म पनि दुर्लभ हुन्छ । *(हेर्नोस्- धम्मपद, बुद्ध वग्गो, १४-४ ।)*

यो तथागतको अमोघ वचन हो । दुर्लभ मनुष्य जुनीलाई त्यसैले कुनै हालतमा पनि खेर फाल्नु बुद्धिमानी होइन ।

## चार प्रकारबाट मृत्यु

बुद्ध धर्मको अध्ययनबाट थाहा लाग्दछ कि यस संसारमा सत्व प्राणीहरू चार प्रकारबाट मृत्यु हुन्छन् । जस्तै, (१) आयुको क्षय हुनाले हुने मृत्यु, (२) कर्मको क्षय हुनाको कारणले हुने मृत्यु, (३) आयु र कर्म दुइटैको क्षय भएर हुने मृत्यु र (४) आयु र कर्म दुइटै बाँकी रहेर पनि कुनै एउटा अन्तरायको कारण उपच्छेदक कर्मले गर्दा हुने मृत्यु । प्रत्येक युग, काल, समयका लागि निश्चित गरिएका आयुको अवधिसम्म बाँची मृत्यु हुने प्राणीहरूलाई आयु क्षयका कारण मृत्यु भएका भनिन्छ । आजको युगमा १२० बर्षसम्मको अवधिलाई सामान्यत: परमायु मानिएको छ । तसर्थ १२० बर्षको आयु पूर्ण गरी मृत्यु हुने सत्वलाई आयु क्षयको कारण मृत्यु भएको मान्न सकिन्छ । तथागत, प्रत्येक बुद्ध र श्रावक बुद्धहरू तोकिएको निश्चित आयुको अवधिभन्दा अगाडि परिनिर्वाणमा प्राप्त हुने कुरालाई कर्म क्षयको कारणले भएको मृत्यु भनी भनिन्छ । युगानुसारको निश्चित आयुको अवधि पूरा गरी बुद्ध, प्रत्येक बुद्ध र अरहन्तहरूले परिनिर्वाण प्राप्त गर्नुलाई उभयक्खय अर्थात आयु र कर्म दुबैको क्षय भई मृत्यु भएको भनिन्छ । काल, समय, युग अनुसारको निश्चित अवधि पूरा गर्नु अगावै अर्थात परमायु नपुग्दै सर्वसाधारण सत्व प्राणीहरू लगायत पृथकजनहरू र शैक्ष्य पुद्गलहरूको देहावसान हुनुलाई उपच्छेदक कर्मको कारण मृत्यु भएको भनिन्छ।

*(हेर्नोस्-The Buddha and His Teachings by Narada Thera, Chapter 26, Modes of Birth and Death, pp. 433-435, 4th Edition 1988, Buddhist Missionary Society, Malaysia र सङ्खार भाजनी (नेपाल भाषा) अनु. भिक्षु प्रज्ञानन्द महास्थविर, पृष्ठ ६८-६९ ।)*

आधुनिक विज्ञान र प्रविधिको द्रुततर विकासको कारण चिकित्सा विज्ञानको क्षेत्रमा आज ठूलो विकास भएको कारणले वर्तमान समयमा मानिसहरूको सरदर आयुको अवधिमा लगातार बृद्धि भइरहेको देखिएको छ । किन्तु केही अपवादहरूलाई छाडेर अझै पनि १२० बर्षको आयुसम्म बाँच्ने मानिसहरूको संख्या वर्तमान विश्वमा पनि ज्यादै थोरै नै मात्र रहेको पाइन्छ । यसबाट संसार भरिमै सर्वसाधारण मानिसहरू प्राय: उपच्छेदक कर्मकै मृत्यु वरण गर्न परिरहेको व्यावहारिक तथ्य छर्लङ्ग हुन्छ । दैनिक व्यवहारमा व्यस्त रहंदा रहंदै, सांसारिक क्रियाकलापमा भुल्दा भुल्दै, भोग विलासमा रम्दा रम्दैको मानिसलाई कहाँ कहिले कुन ठाउंमा र घडीमा कालले फेला पारी लैजाने हो



Downloaded from http://dhamma.digital

केही टुंगो हुँदैन । जन्म हुने सम्पूर्ण सत्व प्राणीको मृत्यु अवश्यम्भावी छ तर मृत्यु हुने स्थान, समय र तिथि भने अनिश्चित छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ कि एक दिन निश्चित रूपमा मृत्यु हुनुपर्ने मानिसहरू जीवित रहिरहनु पनि एउटा दुर्लभ संयोग नै हो । अतीत मानिसको हातबाट खुस्किसकेको छ । भविष्यको कुनै निश्चित छैन । मानिसको हातमा, वशमा, काबुमा केही छ भने त्यो वर्तमान समय मात्र हो । वर्तमान समय नै मात्र तसर्थ साँच्चिकैको जीवन हो । दुर्लभ मानव योनिको अत्यन्त अनमोल सम्पदा भन्नु नै यही वर्तमान हो । मनुष्यको भावी गतिलाई सुनिश्चित गर्न सदुपयोग गर्न सकिने अनमोल साधन मानिसको हातमा केही छ भने एक घडी, एक पल, एक विपला पनि स्थिर नरही नित्य प्रवाहको रूपमा अनवरत बगिरहने यही वर्तमान समय मात्र छ । समय खेर जानुको अर्थ हो अनमोल सम्पदाको खेर जानु । दुर्लभ जीवनको खेर जानु । आफ्नो भावी गतिलाई निर्धारण गर्न सघाउने अवसरको खेर जानु । यही समयको अत्यधिक सदुपयोग गरी निर्वाण धर्मलाई अप्रमादीपूर्वक सम्पादन गर्ने शिक्षालाई नै तथागतले जीवनको अन्तिम घडीसम्म पनि दोहोर्‍याउदै आज्ञा भएको थियो - वय धम्मा सङखारा, अप्पमादेन सम्पादेथ । यही नै शाक्यमुनि तथागतको अन्तिम वचन हो ।

## बुद्ध शासनकालमा मनुष्य जुनी- सुखद् संयोग

शाक्यमुनि तथागतले महापरिनिर्वाण प्राप्त गर्नुभएको २५४७ बर्ष व्यतीत भइसके पनि यस लोकमा अझै बुद्ध शासन कायमै छ । अकुशल कर्मलाई समूल क्षय गरी निर्वाणमा पुर्‍याउने कुशल कर्मलाई सम्पादन र संचय गर्न मद्दत पुर्‍याउने तथागतको तीन वटै शासन सबै नै अर्थात परियिति शासन, प्रतिप्रति शासन र प्रतिबेध शासन सबै नै यस लोकमा आज अद्यापि विद्यमान छन् । अमूल्य धर्म साकच्छा र दुर्लभ सद्धर्म श्रवणको अवसर सहजै उपलब्ध भइरहेको समयमा हामीलाई अहिले मनुष्य जुनी लाभ भइरहनु त्यसैले निश्चय नै सुखकर संयोगको विषय मान्नु पर्दछ ।

बुद्धधर्मानुसार सत्व प्राणीहरूलाई सुगति, स्वर्ग र ब्रम्हलोकका साथै निर्वाण धातुसम्मनै पनि पुर्‍याउन सक्ने कुशल मूल कर्महरू हुन् अलोभ अर्थात त्याग, अद्वेष अर्थात् मैत्री र करूणा र अमोह अर्थात् प्रज्ञा । त्यस्तै सत्वहरूलाई अपायगति, दुर्गति, विनिपात र नरक लोकमा पुर्‍याउने अकुशल मूल कर्महरू हुन्- लोभ, द्वेष र मोह । मनुष्य जुनी पनि सुगति लोककै अभिन्न अंग हो ।

बुद्ध धर्मानुसार अपाय गतिका प्रेत लोक, असुर लोक र नरक लोकका सत्वहरूका आयुका तुलनामा र सुगतिका देवलोकहरू र ब्रम्हलोकहरूका पुद्गलहरूका आयुको तुलनामा मर्त्यलोकका मनुष्यहरूको आयु एकदमै छोटो हुन्छ । अपाय गतिमा दीर्घकालसम्म दुःख भोग्नु पर्ने हुन्छ भने स्वर्ग लोकमा



Downloaded from http://dhamma.digital

चिरकालसम्म भवसुखको उपभोग सहजै उपलब्ध हुन्छ। किन्तु मनुष्य लोक मात्र होइन देवलोक र ब्रम्हलोकहरूको जीवन पनि वस्तुतः अनित्य छन्, व्ययधर्मी, क्षयधर्मी र नाशवान् छन्।

## पुण्य सम्पादन गर्न आदर्श जुनी - मनुष्य जुनी

समस्त लोकका ज्ञाता लोक विदू शास्ताले संसारमा पाइने सत्व लोक, संस्कार लोक र ओकास लोक समेत तीनै थरी लोकहरूको स्वभाव धर्मलाई विश्लेषण र विवेचना गर्दै आज्ञा भयो कि हेतुद्वारा उत्पत्ति भएका सम्पूर्ण संसार र लोकहरू अनित्य छन्, अनन्त रूपमा क्षय व्यय हुँदै परिवर्तनशील हुँदै गर्ने यही अनित्य स्वभावकै कारण दुःखमय हुन् र ठोसभूत सारभूत नित्य शास्वत तत्वबाट विल्कुलै रहित रहनाको कारण अनात्मा हुन्। संसारको त्रिलक्षण धर्म स्वभावलाई सही रूपमा पहिचान नभएसम्म दुःखबाट मुक्ति प्राप्त गर्ने प्राणीको चाहना पूरा हुन सक्तैन। संसार दुःखमय छ भन्ने यथार्थ ज्ञान र पहिचान नभएसम्म मानिसहरू पञ्च कामगुणको आस्वादमा रम्नबाट विरत रहनु सम्भव हुँदैन। पञ्च कामको रसमा भूलिरहेसम्म मानिसहरूले दुःखलाई उत्पत्ति गर्ने अकुशल मूललाई हटाई कुशल पुण्य क्रियामा मात्र लाग्ने प्रेरणा पाउन कठिन हुन्छ। *(हेर्नोस् - बुद्धधर्मको संक्षिप्त स्वरूपको विवरणका लागि लेखककै पुस्तक -आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म, द्वितीय संस्करण, पृष्ठ ८६-१०४, बु. सं. २५४६ ।)*

अकुशल कर्मका कारण अपाय दुर्गति विनिपात र नरक गतिमा उत्पत्ति भएका सत्व प्राणीहरूमा यति चीरकालसम्म दुःखको भूमरीमा निस्सासिएर व्यतीत गर्नु पर्ने हुन्छ कि उनीहरूलाई संसारको अनित्य, दुःख र अनात्म स्वभावलाई यथार्थ रूपमा बुझी पहिचान गरीकन कुशल कर्म गर्ने न त शक्ति र क्षमता सुलभ हुन्छ न त्यस्तो अवसर नै सुलभ हुन्छ। त्यस्तै कुशल मूलको विपाकको रूपमा दिव्यलोकमा उत्पत्ति भएका देवलोकहरूका सत्वहरूमा चिरकालसम्म भोग विलासमा रम्न पाइरहने कारणले प्रायः संसारको अनित्य स्वभावलाई विचार गर्ने चाहनाको प्रवृत्ति विकास गर्न व्यवहारमा सजिलो नहुने भएकोले दुःखलाई चिन्ने अवसर र समझदारी पनि त्यति सुलभ नरहने हुन सक्छ। ब्रम्हलोकहरूको लामो आयुको कारणले गर्दा संसारको अनित्यता बुझ्ने सहज चाहना र अवसर त झन् ब्रम्हलोकहरूमा पनि सहज रूपमा सुलभ नहुनुमा कुनै आश्चर्यको बिषय रहँदैन। अनित्यलाई नबुझेसम्म यथार्थ रूपमा दुःखलाई पहिचान गर्न सकिन्न। सुख र दुःखलाई आफ्नै परिवेशमा देख्न, जान्न र अनुभव गर्न पाइने मानव जीवन त्यसैले पुण्य सम्पादन गर्नका लागि आदर्श जुनी मानिन्छ। *(हेर्नोस् -The Tree of Enlightenment by Peter Della Santina, Chico Dharma Study Foundation, 1997 Ch. 9 Rebirth, pp. 91-95.)*
अकुशल कर्मको कारण दुर्गतिमा पतन हुन पुगेका सत्वहरूले कत्तिको अचिन्तनीय कालसम्म अकल्पनीय दुःख भोग्नुपर्ने हुंदोरहेछ भन्ने कुराको झलक



Downloaded from http://dhamma.digital

हामीले भगवान् बुद्धले खुद्दक पाथ ग्रन्थ अन्तर्गत तिरोकुट्ट सूत्रको दिनु भएको निम्न उपदेशबाट पाउन सक्छौं । *(हेर्नोस् -विशुद्धि ज्ञान दर्शन, अनु. भिक्षु प्रज्ञानन्द, पाना नं. १४८-१५२ ।)*

वर्तमान भद्रकल्पभन्दा ९२ कल्प पहिले बुद्ध हुनु भएका फुस्स तथागतको शासन कालमा जयसेन राजाका ३ जना राजकुमारहरूले आफ्ना पितासंग अनुनय विनय गरी मागी पिताबाट जनही १/१ महीनासम्मका लागि मात्र तथागतलाई दान प्रदान गर्ने अवसर मुश्किलले प्राप्त गरी फुस्स तथागत र उहाँका भिक्षु संघलाई विहारादि दान प्रदान गरी ३ महीनासम्म नित्य दान प्रदान गर्न आ-आफ्ना सम्पूर्ण सर्वस्व नै भने झैं आफ्ना भण्डागारिकलाई जिम्मा दिई महान् दान पुण्य कार्य सञ्चालन गर्न लगाई ती तीनै जना राजकुमारहरू आफूले पनि शील ग्रहण गरी शीलाचरणको अभ्यासमा लागे । ती राजकुमारहरूको सीको गरी अधिकांश जनताहरू पनि तथागतको पूजा अर्चना र दान प्रदान कार्यमा सोत्साह सम्मिलित भए । किन्तु त्यस बखत खराव चित्त भएका त्रिरत्नप्रति अप्रसन्न रहेका केही लोभी लालची व्यक्तिहरूले भिक्षुसंघलाई भनी छुट्याएर राखिएका दान वस्तुहरू षनि अपहरण गरी दानशालामा पनि तोडफोड गरेका पाप कर्मले गर्दा मृत्यु पश्चात उनीहरू नरकमा पतन हुन पुगे । बुद्ध प्रमुख श्रावक संघलाई भित्री अन्तःस्करणदेखि नित्य दान प्रदान गरी पूजा सत्कार गर्ने जयसेन राजा, राजकुमारहरू, भण्डागारिक र कतिपय प्रजागण भने मृत्यु पश्चात देवलोकमा उत्पत्ति भई चिरकालसम्म दिव्य सम्पत्ति उपभोग गर्ने भए ।

फुस्स तथागतको पर्यायमा नरकमा पतन हुन पुगेका ती नरकवासी सत्वहरू प्रायशः दुर्गति लोकमै घुम्दै घुम्दै ९२ कल्प व्यतीत भइसकेपछि नरक गतिबाट माथि आई प्रेतलोकमा उत्पत्ति भएर ककुच्छन्द तथागतको उदय कालमा ककुच्छन्द बुद्धसंग खाद्यवस्तु याचना गर्न पुगे । तथागतले आफ्नो शासनकालमा ती प्रेतहरूलाई खाद्यवस्तु प्राप्त नहुने भएकोले पछि आउने तथागतहरू कहाँ माग्नू भन्ने आज्ञा भएकोले ती प्रेतहरूले क्रमशः कनकमुनि बुद्ध र काश्यप बुद्धका उदय कालमा पनि उहाँहरू समक्ष प्रार्थना गर्न पुगे । काश्यप तथागतले पनि उहाँको शासनकालमा खाद्यवस्तु प्राप्त नहुने आज्ञा भई भविष्यमा यस पृथ्वीमा गौतम बुद्धको उत्पत्ति हुने र गौतम बुद्धको पालामा ती प्रेतहरूकै पूर्वजुनीका ज्ञातिमध्येका विम्विसार राजाले शाक्यमुनि तथागत सहित भिक्षु संघलाई दान प्रदान गरी ती प्रेतहरूलाई पुण्य भाग छाडिदिएपछि मात्र ती प्रेतहरूले खाद्यवस्तु प्राप्त गर्न सक्ने आश्वासन दिनुभयो । ती प्रेतहरू पनि प्रेत गतिको घोर दुःख दारूण व्यथा भोग गर्दै थप एक बुद्धान्तर कालसम्म आफ्ना पूर्वजुनीका ज्ञातिद्वारा पुण्य भाग दान गर्ने आशामा झुण्डिएर दुःख पीडा सहेर काल क्षेपण गरिरहेका थिए । कालान्तरमा २५९२ बर्ष अघि सिद्धार्थ राजकुमारले बोधिचर्या पूरा गरी बोधगयामा सम्यक् सम्बुद्ध हुनुभयो । त्यही समयमा फुस्स तथागतलाई दान प्रदान गरी सद्गति लोकहरूमा भ्रमण गर्दै विभिन्न देवलोकमा



Downloaded from http://dhamma.digital

उत्पत्ति भइरहेका सत्वहरूमध्ये जयसेन राजाका तीनजना राजकुमारहरू उरुबेल काश्यप, गया काश्यप र नदी काश्यप ऋषिहरूका रूपमा जन्म भई १,००० जवान शिष्यहरू सहित बसेका थिए । तत्कालीन् भण्डागारिकका पुत्रीहरूले विशाखा र धम्म दिन्नाको रूपमा जन्म ग्रहण गरे । ती प्रेतहरूका पूर्वका ज्ञाति बन्धु रहेका भण्डागारिकले राजा विम्विसारको रूपमा जन्म ग्रहण गरेको थियो । अन्य दाताका परिवारहरू भने राजा विम्विसारका भारदार, प्रजागणका रूपमा उत्पत्ति भएका थिए । विम्विसार राजाले शाक्यमुनि बुद्धलाई कहिले दान प्रदान गर्ला र पुण्य भाग खान पाउँला भनी उत्कृष्ट आशा लिई अधीर भई कल्पौं कल्पसम्म दुःख भोग गरी बसेका ती प्रेतहरूले आफ्ना पूर्वजन्मका ज्ञाति बन्धु राजा बिम्विसारले अन्ततः शाक्यमुनि तथागतलाई राजगिरी नगरमा पाल्नुहुंदा बुद्धको दर्शन गरी श्रोतापत्ति मार्ग फलमा प्रतिष्ठित भएर भोलिपल्टका लागि बुद्ध प्रमुख भिक्षु संघलाई भोजनको निमन्त्रणा गरी आफ्ना राज भवन पधार्नु भएका शाक्यमुनि बुद्ध प्रमुख भिक्षु संघलाई भोजन सहित चीवर बस्त्रादी समेत दान प्रदान गरेको दृष्यलाई बहुत उत्साह र आशाका साथ हेरिरहेका थिए । किन्तु राजा बिम्विसारको मनमा बुद्ध प्रमुख भिक्षु संघलाई विराज गराउन उचित हुने स्थानको छनौट गरी विहार दान गर्ने विषय नै खेलिरहेको हुंदा दान प्रदानको पुण्य भाग बाँडिदिनु पर्छ भन्ने कुरा त्यतिखेर न ध्यानै जान सक्यो, न राजालाई दान प्रदानको पुण्य बांडिदिनु पर्ने कुराको ज्ञान र चेतना नै रह्यो । यसरी कल्पौं कल्पसम्म पुण्यको अभावमा अपाय गतिमा कष्टकर जीवन बिताएर आफ्ना ज्ञातिद्वारा पुण्य भाग बाँडिदिने आशामा चिरकालदेखि अधीर भई राजा बिम्विसारको दान कार्यको प्रतीक्षा गरिरहेका ती प्रेतलोकका आफन्त सत्वहरू आफ्ना पूर्वजन्मका ज्ञाति रहेका राजा बिम्विसारले बुद्ध प्रमुख भिक्षु संघलाई प्रणित भोजनादि चीवरबस्त्र समेत दान प्रदान गरी महान् पुण्य कार्य सम्पादन गरेर पनि सो महान् पुण्यको अंशलाई पत्तिदान अर्थात् बाँडिदिने काम नगरेको देखेर अत्यन्त निराश भई आक्रोशित हुन पुगे । तसर्थ ती प्रेतहरूले सोही राती राजा बिम्विसारलाई सपनामा आई भयानक भयानक शब्दहरू निकाल्दै कोलाहल मच्चाउँदै भयानक ताण्डव नृत्य गरेर देखाउन आइपुगे । भयंकर अकुशल स्वप्नदेखी भावी अमंगलको त्रासबाट सन्त्रस्त भएका राजा बिम्विसारले भोलिपल्ट तथागतको दर्शन गर्दै आफ्नो आशंकाका कुरोको बेलिविस्तार लगाए । भगवान् बुद्धबाट थाहा पाए कि राजा बिम्विसारले देखेको सपनाबाट उनीलाई कुनै अमंगल हुने भय लिनु आवश्यक छैन । आफ्ना पूर्वजन्मका आफन्तहरू नै रहेका ती प्रेतहरूमा राजाले दान पुण्यको भाग बाँडी नदिएको कारणले घोर निराशा छाई दुःखित र आक्रोशित भएकोले सोही दुःख सहितको नैराश्यता जाहेर गर्ने उद्देश्यले मात्र ती पूर्वजन्मका ज्ञातिहरूले भयावह सपना देखाउन आएका रहेछन् । आफ्नो इच्छानुसार अब पनि दान पुण्य गरी पत्तिदान गरेमा उनीहरूलाई सुख शान्ति प्राप्त हुने रहेछ ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धबाट प्राप्त भएको आश्वासन अनुसार राजा बिम्विसारले पुन: बुद्ध प्रमुख भिक्षु संघलाई निमन्त्रणा गरी भोजनादि र चीवर बस्त्र पिण्डपात्र दान प्रदान गरी सोको पुण्य भाग आफ्ना पूर्वजन्मका ज्ञातिहरू रहेका ती प्रेत गणहरूलाई उद्देश्य गरी समभागले वितरण गरिदिए। ती प्रेतगणले पनि आफ्ना ज्ञातिले सम्पादन गरेको दान पुण्य कर्मलाई स्वच्छ चित्त भावले साधुकार दिदै आफूहरूलाई बाँडिदिएका पुण्यको अंशको सहर्ष अनुमोदन गरी थापेर लिएपछि उनीहरूलाई तत्काल मनोवाँच्छित खाद्य भोज्य सामग्री सहितको बस्त्रालङ्कार प्राप्त भई दीर्घकालदेखि भोग्दै आएका ताप शान्त भई प्रेत गतिबाट उनीहरूले चिरकालपछि मुक्ति प्राप्त गरे। बुद्ध धर्मका अनुसार परलोक भएर गएका ज्ञाति बन्धुहरूलाई केही फल दिनु छ भने केवल पुण्य दान गरे मात्र सोको फल उनीहरूले भोग गर्न पाउने हुन्छ। भनिएको पनि छ - **पुण्यानि परलोकस्स पतिठ्ठा होन्ति पाणिनं।** अर्थात् पुण्य दानबाट मात्र परलोक भएर गएका ज्ञातिगणहरूलाई हित सुख शान्ति प्राप्त भई उद्धार हुने गर्दछ।

खुद्दक निकाय, खुद्दक पाठको यो तिरोकुट्ट सूत्रको उपर्युक्त बुद्धोपदेशबाट मनुष्य जुनीबाट च्यूति भई अपाय गति दुर्गति विनिपात नरकलोकमा उत्पन्न हुन पुगेका सत्व प्राणीहरूले कतिका लामो अवधिसम्म पाप कर्मको विपाक भोग गर्नुपर्ने हुंदोरहेछ भन्ने मार्मिक शिक्षा प्राप्त गर्न सकिन्छ। *(हेर्नोस्-प्रेत गतिका अन्य विवरण समेतका लागि विशुद्धि ज्ञान दर्शन -अनु. भिक्षु प्रज्ञानन्द महास्थविर, पृष्ठ नं. १४८-१५२, द्वितीय संस्करण, बु.सं. २५१०।)*

**सामान्यत: मानिस एक स्वाभाविक रूपमा नै स्वार्थी प्राणी हो। आशामा झुण्डिनु, स्वार्थमा टांस्सिनु, आकांक्षामा रम्नु, रागमा अनुरक्त हुनु, तृष्णाका वशिभूत हुनु, लोभबाट लालायित हुनु, द्वेषबाट दूषित हुनु, मानबाट अभिमत्त हुनु र अविद्या, मोहबाट सम्मोहित भएर सत्काय दृष्टिमा बेस्सरी आबद्ध भएर स्वयं आफैंले दु:खमय भव संसारको अनायास सिर्जना र विकास गर्दै सहजै प्रमादमा संलग्न रहनु सामान्यत: आम सर्वसाधारण वालजनको प्राकृतिक जीवनशैली नै रहने गरेको पाइन्छ। यो एउटा कटु व्यावहारिक सत्य हो। लोभ, द्वेष र मोह जस्ता अकुशल मूललाई यथार्थ रूपमा पहिचान गर्न नसकेरै साधारण मानिस आफैं आफ्नो दुर्लभ जुनीलाई यहीं पनि अशान्त पार्न पुग्दछ। भविष्यका जुनीलाई पनि अपाय गति, दुर्गति, विनिपात गति र नरक गतिमा घिच्यार्दै तप्त गर्न पुग्दछ, संतप्त हुन पुग्दछ र दिशाविहीन हुन पुग्दछ।**

भगवान् शाक्यमुनि तथागतको सदुपदेशलाई जीवनमा नउतारेसम्म अकुशलबाट मुक्ति सम्भव हुंदैन। त्यसैले भगवान् बुद्धले भन्नुभएको छ-**"किच्छं सद्धम्म सवणं।"** अर्थात् सद्धर्मको श्रवण दुर्लभ छ। **"कालेन धम्म साकच्छा, कालेन धम्म सवणं, एतम् मंगलमुत्तमम्।"** अर्थात् समय समयमा सद्धर्मको छलफल गर्नु, समय समयमा सद्धर्मको श्रवण गर्नु उत्तम मंगल हुन्, अत्यन्त



Downloaded from http://dhamma.digital

मंगलकारी लाभ हुन् । बुद्ध धर्मको उपादेयता र व्यावहारिकता यसबाट छर्लङ्ग हुन्छ । *(हेर्नोस्-मंगलसूत्र, बौद्ध परित्राण, भिक्षु बुद्धघोष, बु.सं. २५२७ ।)*

## दिव्य लोकहरूमा दीर्घायु

बुद्धधर्मका अनुसार दान शील भावनादि काय कुशल कर्म, वचन कुशल कर्म र मन - कुशल कर्महरू सम्पादन गर्दै कुशल मूलका रूपमा रहेका अलोभ अर्थात् त्याग, अद्वेष अर्थात् मैत्री र अमोह अर्थात् प्रज्ञाको निरन्तर अभ्यास, आचरण र अनुशरण गर्दै शील, समाधि र प्रज्ञा मार्गलाई अटूट् रूपमा अवलम्वन गर्ने सत्व प्राणीहरूले इहलोकमा नै निर्वाण प्राप्त गर्न सकिने स्तरसम्मको पुण्य संचित गर्न नसकिएमा पनि उनीहरूले सुगति लोकहरूका रूपमा रहेका मनुष्यलोक, ६ देवलोकहरू, १६ रूप ब्रम्हलोकहरू र चार अरूप ब्रम्हलोकहरूमा उत्पत्ति हुदै भवचक्रमा विचरण गर्ने अवसर प्राप्त गरी सुख र शान्तिपूर्वक जीवनयापन गर्न पाउने बन्दछन् । सुगतिलोकमा विचरण गर्न पाउन्जेल सद्धर्मको सही अभ्यास गर्ने सुअवसर पनि बारम्बार प्राप्त गर्ने सम्भाव्यताहरू रहिनै रहन्छन् । परन्तु चिरकालसम्म दुःखबाट छुटकारा पाई सुख शान्तिपूर्वक आरामदायक जीवन गर्न पाइने दिव्यलोकका देवताहरूमा दुःख सत्यलाई बुझ्ने चाहना र परिबेशकै अवसर सापेक्षिकतयाः ज्यादै न्यून रहने सम्भावना भएकाले सद्धर्मको सही र अनवरत अवलम्वन, अनुशरण, अनुकरण र अभ्यास गर्ने प्रवृत्ति र प्रेरणालाई निरन्तर कायमै राखी छोड्ने काम भने त्यति सहज नहुन सक्तछ । अति लामो अवधिसम्मको सुख शान्तिको आयुले ब्रम्हलोकमा पनि कसरी शाश्वत दृष्टि जस्तो मिथ्या दृष्टि उत्पत्ति हुन सक्दोरहेछ भन्ने मार्मिक तथ्य बुझ्न बुद्धधर्ममा पाइने बक ब्रम्हासंगको शाक्यमुनि तथागतको भेटघाट र छलफलको प्रसंगले मद्दत पुग्दछ । *(हेर्नोस्- मज्झिम निकायं, चुल यमक वर्ग ब्रम्हनिमत्तनिक सूत्र, अनु. दुण्ड ब. बज्राचार्य (नेपाली भाषा) पृष्ठ नं. २९४-३०२, २०५७ साल । र वक्र ब्रम्हाको पूर्व जुनी सहितको विस्तृत विवरणका लागि महाजयमंगल पाठ (नेपाल भाषा) अनु. उ. प्रज्ञानन्द भिक्षु, पृष्ठ नं. १३८-१४८, वि.सं. २००३ साल ।)* बक ब्रम्हा पहिले द्वितीय ध्यान भूमि रूपावचर भूमिका आभास्वर ब्रम्हलोकमा उत्पत्ति भई त्यहाँबाट च्यूत भएपछि प्रथम ध्यान भूमिका रूपमा रहेको ब्रम्हलोक ब्रम्हपरिसद्यमा झरेको भए तापनि सो लोकको आयु पनि निकै लामो हुने र एक हजार लोक (गति) सम्मका कुराहरूसम्म आफैं जान्ने भएकोले बकब्रम्हामा शाश्वत दृष्टिरूपी मिथ्यादृष्टि उत्पत्ति भएको रहेछ भन्ने कुरा महत्वपूर्ण प्रसंग हुनसक्छ ।)

जीवनलाई सम्यक् रूपमा ग्रहण गर्न सकिएमा दुःखको उपस्थिति र छोटो आयुको उपलब्धताले पनि सद्धर्मको अभ्यास र आचरणमा हतारिन ठूलो टेवा र मद्दत पुर्‍याउने भएकोले बुद्धधर्ममा मानव जीवनलाई श्रेष्ठोत्तम मानिएको रहेछ भन्ने कुरालाई सहजै अनुमान लगाउन सकिन्छ ।



Downloaded from http://dhamma.digital

सामान्यत: मानव जीवनमा भन्दा देवलोकहरूका देवताहरूका जीवनमा लामो आयु र सुख शान्तिका साधनका उपलब्धता र प्रचूरता ज्यादै बढी हुन्छ भने ब्रम्हलोकहरूमा क्रमश: जति जति माथिल्लो तहका रूपावचर र अरूपावचर भूमिका ब्रम्हलोकहरूमा पुगिन्छ त्यति त्यति नै आयुका परिमाणमा क्रमश: अभिबृद्धि हुंदै जाने भएकोले चिरकालसम्म सुख शान्तिको अनुभव गरिने हुन्छ भन्ने कुराको वर्णन बुद्धधर्मको अभिधर्मपिटक, विभंगपालि, धम्महदय विभंगो, उप्पादक कम्म, आयुप्पमाणानिमा सविस्तार उल्लेख गरिएको पाइन्छ। बुद्धधर्मानुसार विभिन्न ६ प्रकारका देवलोकहरूका आयुका विवरण निम्नप्रकार हुन्छन्:-

१) **चर्तुमाहाराजिक देवलोक** - सबैभन्दा पहिलो देवलोकको रूपमा रहेको यस चतुर्महाराजिक देवलोकका देवताको आयु परिमाण आफ्नो हिसाबले ५०० बर्ष हुन्छ। मनुष्यको ५० बर्ष यस लोकका देवताहरूको एक दिन एक रात मात्र हुने भएकोले चतुर्माहाराजिक देवताको आयु परिमाण मनुष्यको आयु अवधिको गणना हिसाबले ९० लाख बर्ष बराबर हुन्छ।

२) **त्रयस्त्रिंश देवलोक** - यस देवलोकका देवताका आयु आफ्नो हिसाबले १,००० बर्ष हुन्छ। मानिसको १०० बर्ष बराबर उनीहरूको एक दिन र एक रात हुने हुंदा मानिसको संख्याको हिसाबले यस देवलोकका देवताका आयु ३ करोड ६० लाख बर्ष बराबर हुन्छ। देवराज शक्रको लोक पनि यही देवलोक हो।

३) **यामा भूवन** - यामा देवताका आयु आफ्नो हिसाबले २,००० बर्ष हुन्छ। मानिसको २०० बर्ष बराबर उनीहरूको एक दिन एक रात हुने हुंदा मानिसको संख्याको हिसाबले यस देवलोकका देवताका आयु १४ करोड ४० लाख बर्ष बराबर हुन्छ।

४) **तुषिता भूवन** - प्रकाशमान देवताहरू र बोधिसत्वहरूका वासस्थान रहेको यस देवलोकमा देवताका आयु आफ्ना हिसाबले ४,००० बर्ष हुन्छ। मानिसको ४०० बर्ष बराबर उनीहरूको एक दिन एक रात हुने भएकोले मानिसको संख्याको हिसाबले यहाँका देवताहरूका आयु ५७ करोड ६० लाख बर्ष बराबर हुन्छ।

५) **निर्माण रति देवलोक** - यस लोकका देवताका आयु आफ्नो हिसाबले ८,००० बर्ष हुन्छ। मानिसको ८०० बर्ष बराबर यहाँको एक दिन एक रात हुने भएकोले मानिसको संख्याको हिसाबले यहाँका देवताका आयु २ अरब ३० करोड ४० लाख बर्ष बराबर हुन्छ।

६) **परनिर्मित वशवर्ती** - ६ देवलोकहरूमध्ये सबैभन्दा माथिल्लो तहको यस देवलोकमा आफ्नो हिसाबले देवताको आयु १६,००० बर्ष हुन्छ। मानिसको १६०० बर्ष बराबर यहाँको देवताको एक दिन एक रात हुने हुंदा मानिसको संख्याको हिसाबले यहाँका देवताका आयु ९ अरब २१ करोड ६० लाख बर्ष हुन्छ। *(हेर्नोस्- अभिधर्मपिटकको विभङ्गपालि, धम्म हदय विभङ्गो, उप्पादककम्म, आयुप्पमाणानि*



Downloaded from http://dhamma.digital

*पृष्ठ ५०३-५०४, पालि प्रकाशन मण्डल, २५०४ बु.सं. ।)* माथि लेखिएका ६ देवलोकहरूलाई काम सुगतिलोक वा काम सुगति भूमिका देवलोक पनि भनिन्छ।

अभिधर्म पिटकको विभङ्गपालि ग्रन्थमा रूप ध्यान र अरूप ध्यान लाभ गरेका पुद्गलहरू उत्पत्ति हुने माथि लेखिएका ६ देवलोकहरूभन्दा माथिका विभिन्न रूपावचर भूमि र अरूपावचर भूमिका ब्रम्हलोकहरूका आयु परिच्छेदका बारेमा सविस्तार विवरण दिइएको पाइन्छ । ब्रम्हलोकका ब्रम्हाहरूको आयु परिच्छेदको संख्या दिंदा बर्षको हिसाबले दिएर व्यावहारिक र साध्य नहुने भएकोले कल्पको गणनाको हिसाबले प्रस्तुत गर्ने गरिएको पाइन्छ। विभङ्गपालिका अनुसार विभिन्न रूपावचर ब्रम्हलोकहरू र अरूपावचर ब्रम्हलोकहरूका ब्रम्हाहरूका आयुका परिमाण निम्न बमोजिम हुन्छन् :-

## रूपावचर भूमिका १६ ब्रम्हलोकहरू

| ब्रम्हलोकको नाउँ | आयु प्रमाण |
|---|---|
| **प्रथम ध्यान भूमि** | |
| १) ब्रम्ह परिसद्य | असंख्येय एक कल्पको ३ खण्डको १ खण्ड । |
| २) ब्रम्ह पुरोहित | असंख्येय एक कल्पको आधा । |
| ३) महा ब्रम्हा | असंख्येय १ (एक) कल्प । |
| **द्वितीय ध्यान भूमि** | |
| ४) परित्ताभा | महाकल्प २ (दुई) कल्प । |
| ५) अप्रमाणाभा | महाकल्प ४ (चार) कल्प । |
| ६) आभास्वरा | महाकल्प ८ (आठ) कल्प । |
| **तृतीय ध्यान भूमि** | |
| ७) परित्तशुभा | महाकल्प १६ कल्प । |
| ८) अप्रमाणशुभा | महाकल्प ३२ कल्प । |
| ९) शुभकृत्स्ना | महाकल्प ६४ कल्प । |
| **चतुर्थ ध्यान भूमि** | |
| १०) बृहत फला | महाकल्प ५०० कल्प । |
| ११) असंज्ञासत्वा | महाकल्प ५०० कल्प । |
| १२) अविहा | महाकल्प १,००० कल्प । |
| १३) अतप्ता | महाकल्प २,००० कल्प । |
| १४) सुदर्शा | महाकल्प ४,००० कल्प । |
| १५) सुदर्शी | महाकल्प ८,००० कल्प । |
| १६) अकनिष्ठ | महाकल्प १६,००० कल्प । |

माथि उल्लेखित क्रमसंख्या नं. १२ देखि नं. १६ सम्मका ब्रम्हलोकहरूलाई शुद्धावास भूवनका ब्रम्हलोकहरू पनि भनिने गरिन्छ।



Downloaded from http://dhamma.digital

**अरूपवाचर भूमिका ४ ब्रम्हलोकहरू**

| | | |
|---|---|---|
| १७) | आकाशानन्त्यायतन | महाकल्प २०,००० कल्प । |
| १८) | विज्ञानानन्त्यायतन | महाकल्प ४०,००० कल्प । |
| १९) | आकिञ्चन्यायतन | महाकल्प ६०,००० कल्प । |
| २०) | नैवसंज्ञानासज्ञायतन | महाकल्प ८४,००० कल्प । |

*(हेर्नोस् - अभिधम्मपिटक, विभङ्गपालि, धम्म हदय विभङ्गो, उप्पादककम्म, आयुप्पमाणानि, २ आयुप्पमाणानि, पालि प्रकाशन मण्डल विहार, श्री नव नालन्दा महाविहार, २५०४ बु.सं., पृष्ठ ५०४ देखि ५०९ ।)*

*द्रष्टव्य:-विभिन्न लोकहरूको स्थान, आयु बर्ष र सो लोकहरूमा उत्पत्ति गराइने कर्मका बारेमा बढी जिज्ञाशा राख्ने महानुभावहरूले निम्न पुस्तकहरू अध्ययन गर्नु उपयोगी हुनेछ- महाजयमंगल पाठ, भूमि विमान भेद सम्बन्धी परिच्छेद (नेपाल भाषा) अनु. ऊ प्रज्ञानन्द भिक्खु; सञ्जार भाजनी (नेपाल भाषा), अनु. भिक्षु प्रज्ञानन्द महास्थविर पृष्ठ ५९-६९; मज्झिम निकाय (नेपाली भाषा), ब्रम्हनिमत्तनिक सुत्त अनु. दुण्ड बहादुर बज्राचार्य, पृष्ठ २९७-२९८, र अनागत बंश (नेपाली भाषा), परिच्छेद बोधिनि अनु. भिक्षु संघरक्षित बि.सं. २०५८, पृष्ठ नं. ५२-५५ । The Buddha and His Teachings, Chapter 28, Digram IV pp. 446 and A Manual of Buddhism by Narada Thera pp. 234-246 र Buddhism Theory and Practice by U Maung Nu pp. 8-12. र अभिधर्मार्थ संग्रह (नेपाल भाषा), अनुवादक तथा सम्पादक - भिक्षु बुद्धघोष महास्थविर, सुभाष प्रिण्टिङ्ग प्रेस, वि.सं. २०४८, पृष्ठ नं. २६० - २७९ ।)*

*द्रष्टव्य : यस संसारमा चार प्रकारका कल्प हुन्छन् जस्तै आयु कल्प, अन्तरकल्प, असंख्येय कल्प र महाकल्प । यसबारे विस्तृत विवरणका लागि हेर्नोस्- A Manual of Abhidhamma by Narada Thera, The Buddha and His Teachings by Narada Thera. महाजयमंगल पाठ (नेपाल भाषा) अनु. ऊ प्रज्ञानन्द भिक्खु र नियाम दीपनीहरू, लेखक. डा. लेडि सयाडो अनु. नानीमैंया मानन्धर, The Seeker's Glossary : Buddhism 1998.*

अभिधर्मको विभङ्ग पालिमा सचेत गर्दै भनिएको छ कि यसरी देवलोकहरू र ब्रम्हलोकका देवताहरूका आयु जतिसुकै लामो भए पनि ती देवताहरूको जीवन (भव) पनि अनित्य नै हुन्छन् । क्षय व्यय र विनाश स्वभावकै हुन्छन् । तसर्थ पूर्व जन्महरूमा सञ्चित पुण्य पारमिताका कारण उच्च भन्दा उच्चस्तरका दीर्घजीवी ब्रम्हलोकहरूमा उत्पत्ति भएका देवताहरू पनि थप कुशल कर्म गरी पुण्य आर्जन गरी निर्वाण धर्मलाई सम्पादन गर्नेतिर नलागेमा र पूर्व जन्मका सञ्चित पुण्यफललाई उपभोग मात्र गर्न थालेमा संञ्चित पुण्य तेजबल सकिएपछि उक्त लोकबाट च्यूत भई क्रमश: तल्लोस्तरका ब्रम्हलोकहरू र काम सुगति भूमिका देवलोकहरूमा झर्दै त्यहाँबाट पनि पुण्यको बल सकिएपछि कुशलाकुशल



Downloaded from http://dhamma.digital

अपरापरीय वेदनीय कर्मको विपाक भोग्दै पुनः दुर्गतिलोकसम्ममा पनि पतन हुन जान सकिने सम्भावना रहिरहन्छ। त्यसैले यसै शाश्वत तथ्य सत्यतर्फ लोकजनको ध्यान आकर्षित गर्दै बुद्धधर्ममा चाँडोभन्दा चाँडो सम्पूर्ण आश्रवादि धर्महरूलाई समूल नष्ट गरी जाति जरा व्याधि मृत्यु भयबाट विल्कूलै मुक्त रहेको परम शान्ति उपशम सुखकर निर्वाण धर्मलाई नै प्राप्त गर्न अप्रमादीपूर्वक सततः प्रयत्नशील रहनमै बारम्बार जोड दिने गरिएको पाइन्छ। *(हेर्नोस्-अभिधम्म पिटके, विभङ्ग पालि, उप्पादककम्म आयुप्पमाणानि, २ आयुप्पमाणानिको अन्तिम गाथा ४, पालि प्रकाशन मण्डल, विहार, श्री नवनालन्दा महाविहार, बु.सं. २५०४ पृष्ठ नं. ५०९।)*

त्यसैले पण्डित ज्ञानीजनको भनाइ छ कि दुःखबाट सर्वथा मुक्त रहेको निर्वाण धर्म सम्पादन गर्न उत्प्रेरित रहनका लागि तुलनात्मक रूपमा अत्यन्त छोटो आयु भएको मनुष्य जुनीमा आफ्नै जीवनमा पनि दुःख सुखको चक्रलाई प्रत्यक्ष रूपमा नै अनुभव गर्ने सहज अवसरहरू प्राप्त भइरहनाको साथै आफ्नै परिवार, गाँउ, शहर, समाज र विश्वको परिवेशमा पनि दुःख दारूण पीडाका व्यथाहरू देखी सुनी बुझी विकल्पमा चिरस्थायी सुख शाान्तिका सत्मार्गलाई अवलम्बन गर्ने अवसरहरू पनि सहजै प्राप्त गर्न सकिने भएकोले मनुष्य जुनी नै अनुत्तर लोकोत्तर मार्ग फल प्राप्तिका प्रयासका लागि आदर्श जुनी देखिन्छ। सत्व प्राणीका लागि दुःख शाश्वत सत्य हो, चिरस्थायी मित्र हो। दुःखबाटै प्रेरणा लिएर निर्वाणको साधना गर्न सघाउ मिल्ने कुरा इतिहास सिद्ध छ। सिद्धार्थ गौतमले बृद्ध, रोगी र मृतक मानिसको दुःखद दृष्यबाट संसारको दुःखमय स्वभावलाई जानीकनै दुःखबाट मुक्त हुने उपायको खोजीगर्ने प्रेरणा लिनुभएको प्रसंग लोकजनको सामु छँदै छ।

## अत्ताहि अत्तनो नाथो

आदर्श जुनीको रूपमा रहेको छोटो आयुको मानव जीवनमा उपलब्ध अवसर र समयलाई दान शील भावनादि पुण्य कर्म र शील समाधि प्रज्ञादि काय कुशलकर्म, वचन कुशलकर्म र मनो कुशलकर्मयुक्त सम्यक् जीवनको आचरण, साधना र अभ्यासमा यथाशक्य भरपूर मात्रामा सदुपयोग गरी यसै जुनीमा जन्म मृत्युको चक्रबाट मुक्ति निर्वाण प्राप्त गर्नका लागि प्रयोग, उपयोग र सदुपयोग गर्नु बुद्धधर्मका हिसाबले अत्यन्त बुद्धिमानी हुन्छ। यदि विभिन्न कारणवश यसै मनुष्य जुनीमा अनुत्तर मार्गफल निर्वाणलाई प्राप्त गर्न नसकिएमा पनि आगामी जुनीमा कम्तिमा पनि मनुष्य गति वा सोभन्दा माथिका देवलोक वा ब्रम्हलोकसम्ममा उत्पत्ति गराइने कुशल जीवन शैलीको अनुशरण र अवलम्बन गर्न भने कुनै व्यवधान रहदैन। परन्तु यस जुनीबाट मृत्युपछि सुगतिलोकमा उत्पत्ति गराउने कुशल कर्महरूलाई सम्पादन गर्नमा तल्लीन रही मनुष्य जुनीको सदुपयोग गर्ने हो वा दश अकुशलादि कर्महरू - काय अकुशल, वचन अकुशल र मनो अकुशल दुष्कर्महरूको अभ्यासमा मनुष्य जुनीलाई दुरूपयोग गरी मृत्युपछि



Downloaded from http://dhamma.digital

अपाय, दुर्गति, विनिपात र नरकलोकमा पतित गराउन सकिने जीवन शैलीको जीवन जीउनमा व्यतीत गर्ने हो भन्ने अहम् विषयमा मानिसले आफैंले आफ्नै स्वविवेकले, आफ्नै इच्छा, आकांक्षा र बुद्धिले निर्णय गर्न सक्तछ । यस्तो निर्णय लिन मानिस यहाँ पूर्णत : स्वतन्त्र छ, योग्य छ र सक्षम पनि छ । मानिसले आफ्नो वर्तमान जीवन र भावी गति र दिशालाई आफैले निर्धारण गर्नसक्ने भएर नै बुद्धधर्ममा भनिएको छ - **अत्ता हि अत्तनो नाथो** । अर्थात् व्यक्ति स्वयं आफ्नो मालिक हो । यस लोकमा पाइने अन्य धर्म र दर्शन र बुद्धधर्मका बीच पाइने यो ठूलो र महत्वपूर्ण भिन्नता हो भन्ने तथ्य प्रष्ट छ । *(हेर्नोस्- धम्मपद, भिक्खुवग्गो, २५-१०)*

## चार थरीका मानिसहरू

संयुक्त निकाय, सगाथावर्ग, कोसल संयुत्त, पुद्गल सूत्र र अभिधर्मको पुग्गल पञ्ञतिमा यस लोकमा पाइने चार विभिन्न थरीका गति भएका पुद्गलहरूको वर्णन यसरी गरिएको पाइन्छ । यथा १) तमोतम परायण अर्थात् वर्तमान अँध्यारो दुःख, कष्ट, पीडा र दरिद्रताको जीवनको गतिबाट यस जीवनमा पनि अकुशल कर्महरूनै जारी राखी मृत्युपरान्त भविष्यमा पनि अंध्यारो गति वा लोकतर्फ नै उन्मुख हुने व्यक्तिहरू । २) तमोज्योतिपरायण अर्थात् यहाँ काय, वचन र मनबाट कुशल कर्महरू सम्पादन गरी दुःख कष्ट युक्त वर्तमान अंध्यारो जीवन गतिबाट मृत्युपरान्त सुखी सुगतिलोकमा जन्म ग्रहण गर्ने भई उज्यालो गतितर्फ जाने व्यक्तिहरू । ३) ज्योतितम परायण अर्थात् वर्तमान सुख सुविधायुक्त उज्यालो जीवनमा काय, वाक्य र मनबाट अकुशल कर्महरू संम्पादन गरी मृत्युपरान्त अपायगति दुर्गति लोकरूपी अंध्यारो गतितर्फ जाने व्यक्तिहरू । र ४) ज्योति ज्योति परायण अर्थात् वर्तमान सुख सुविधा सुभाग्य युक्त उज्यालो जीवनमा दश कुशल कर्महरू र दश पुण्य कर्महरू सम्पादन गरी मृत्युपरान्त सुगति स्वर्ग र ब्रम्हलोकको उज्यालो गतितर्फ पुग्ने व्यक्तिहरू *(हेर्नोस्-संयुक्त निकाय, पुद्गल सूत्र, अनु. दुण्ड ब. बज्राचार्य (नेपाल भाषा) पृष्ठ ११४ र अभिधम्म स्मारिका पुग्गल पञ्ञति - लेखिका अमिता धाख्वा, पृष्ठ ६३-६४, अभिधम्म अध्ययन समाज प्रकाशन २०६० ।)*

माथि नै चर्चा गरिसकिएको छ कि यस लोकमा आफ्नो वर्तमान जीवनमा नै आफ्नो भविष्य गतिलाई निर्धारण गर्न सकिने खालको कुनै पनि जीवन पद्धति छान्ने अधिकार र स्वतन्त्रता मानिस आफैंमा निहित छ । मानिस आफ्नो मालिक आफैं हो । किन्तु सत्वप्राणीहरूलाई पंच कामगुणका आस्वादहरूमा भूल्दै अकुशल मूलका प्रवृत्तितिर उन्मुख हुन जति सहज, सरल र स्वाभाविक महशुस हुन्छ जीवनमा त्यति त्याग, तपस्या, मैत्री, करूणा र प्रज्ञाका कुशल मूलको मार्ग छानी दैनिक जीवनमा व्यवहारमा नै नित्य अवलम्वन गर्न भने त्यति सहज पक्कै पनि नहुन सक्छ । यसको लागि ठूलो संकल्प, प्रणिधान र सम्यक् उत्साह र



Downloaded from http://dhamma.digital

उत्प्रेरणाको जरुरत हुन्छ। किनभने पहाड पर्वतमा पनि ओरालो लाग्न जति सुगम हुन्छ उकालो लाग्न सजिलो हुँदैन। परिश्रम नै गर्नुपर्ने हुन्छ। कुशल कर्म गर्नु त उकालो लाग्नु सरह नै हो भने अकुशल कर्ममा लाग्नु ओरालो लाग्नु जस्तै हो। किन्तु श्रद्धा भएमा, इच्छा रहेमा र आकांक्षा भएमा शील, समाधि र प्रज्ञाको आदर्श जीवन व्यतीत गर्न चाहिने मार्गदर्शन भने बुद्ध धर्ममा सजिलै उपलब्ध छ। यही नै सन्तोषको कुरो हुन आउंछ। बुद्ध शासन रहंदा मनुष्य जुनीमा आइपुगेका सत्व प्राणीहरूको लागि यो ठूलो लाभको विषय हुन आउंछ।

## मनुष्य जुनीमा उत्पत्ति हुन कठीन छ

भगवान् बुद्धले भन्नुभएको छ कि यस लोकमा मृत्युपछि पुन: दुर्लभ मनुष्य जुनीमा उत्पत्ति हुने सत्वहरूको संख्या अति नै स्वल्प मात्र हुन्छ। संयुक्त निकाय, ओपम्म संयुत्त, नखसिख सूत्रमा भगवान् शास्ताले दिनुभएको उपदेशको विवरण यसरी प्रस्तुत गरिएको पाइन्छ। एक समयमा भगवान् श्रावस्तीमा अनाथपिण्डिकको आराम जेतवन विहारमा विहार गर्नुहुन्थ्यो। त्यस बखतमा भगवान् बुद्धले आफ्नो औंलाको नङमा अलिकति धुलो राख्दै भिक्षुहरूलाई सम्बोधन गर्नुभयो। भिक्षुहरू ! तिमीहरूको के विचार छ - यो जो मेरो औंलाको नङमा रहेको धुलोको राशी छ, यो धुलोको परिमाण बढी छ कि यस महापृथ्वीमा रहेको धुलोको परिमाण बढी छ ? भन्ते ! भिक्षुहरूले जवाफ दिंदै भने - यस महापृथ्वीमा रहेको धुलोको परिमाण ज्यादै नै बढी छ।। भगवान्ले जुन अलिकति धुलो आफ्नो नङमा राख्नुभएको छ त्यो धुलो (रजकण) अत्यन्त नै स्वल्प मात्राको छ। यी दुईटा विषयलाई तुलना गर्न पनि योग्य छैनन्।

शास्ताले आज्ञा गर्नुभयो, भिक्षुहरू ! त्यसरी नै मेरो औंलाको नङमा भएको धुलोको परिमाण जस्तै ती सत्वहरू अत्यन्तै थोरै मात्र हुन्छन् जो मृत्युपछि मनुष्य योनिमा उत्पन्न हुन्छन्। यो महापृथ्वीमा रहेका रजकणहरू जस्तै त्यस्ता सत्व प्राणीहरूको संख्या ज्यादै नै ठूलो हुन्छ जो यस लोकबाट च्यूत भएर मनुष्य जन्म बाहेक अन्यत्र दुर्गतिलोकमा जन्म ग्रहण गर्न पुग्दछन्।

भगवान्ले फेरि थप्दै आज्ञा भयो - **"तस्मातिह भिक्खवे ! एवं सिक्खितब्बं - 'अप्पमत्ता विहरिस्सा'मा ती। एवं हि वो, भिक्खवे ! सिक्खितब्बं ति॥"** अर्थात् "त्यसैले भिक्षुहरू ! तिमीहरूले अप्रमादी भई विहार गर्दछौं भनी शिक्षा लिनु पर्दछ। भिक्षुहरू ! तिमीहरूले यसरी शिक्षा ग्रहण गर्नु पर्दछ।" *(हेर्नोस् - संयुक्त निकाय, निदान वग्ग, नखसिख सुत्त, पालि प्रकाशन मण्डल, विहार, श्री नव नालन्दा महाविहार पृष्ठ नं. २१९ र संयुक्त निकाय (नेपाल भाषा), अनु. दुण्ड ब. बज्राचार्य पृष्ठ नं. ४२३।)*

मज्झिम निकाय, शून्यता वर्ग, बालपण्डित सूत्रमा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनु हुंदा यस लोकमा कायिक दुष्कर्म



Downloaded from http://dhamma.digital

गरेर, वाचिक दुष्कर्म गरेर र मनो दुष्कर्म गरेर शरीर छाडेर मृत्यु भएपछि अपाय दुर्गति नरकमा पतन हुने सत्वप्राणीहरूले भोग गर्नुपर्ने दुःखहरू र दारूण वेदनाहरूका बारेमा उपदेश दिनु भएको कुराको चर्चा गरिएको छ । "भिक्षुहरू नरकको दुःखको बयान मैले जे जति शब्दहरूमा गरे पनि पूरा हुदैन । त्यहाँ कत्तिको दुःख कष्ट भोग्नुपर्छ त्यो भन्न सजिलो छैन ।"

भिक्षुहरू ! मैले तिर्यक योनिका दुःख दारूण बेदनाहरूका बारेमा जति बयान गरे पनि तिर्यक योनिका दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुदैन ।

जस्तो भनौं कि भिक्षुहरू ! कोही एकजना मानिसले एउटा मात्र प्वाल भएको जुआलाई महासमुद्रमा फ्यांकेको छ । त्यो जुआलाई कहिले पूर्वी हावाले पश्चिमतिर बगाउंछ, पश्चिमी हावाले पूर्वतिर बगाउंछ । कहिले उत्तरी हावाले दक्षिणतिर बगाउंछ, दक्षिणी हावाले उत्तरतिर बगाउंछ । मानौं कि त्यस समुद्रमा एउटा अन्धो कछुवा रहेछ । सय सय बर्षमा एकपटक समुद्रको पानी सतहबाट मास्तिर आफ्नो शिर उचाल्दो रहेछ । तब के मान्दछौ, भिक्षुहरू ! के त्यो अन्धो कछुवाले आफ्नो टाउको पानीको सतहबाट माथि उचाल्दा के त्यसको टाउको त्यो एउटा मात्र प्वाल भएको पानीमा बगिरहेको जुआको प्वालभित्र पस्ला त ? पस्तैन, भन्ते ! पसिहाले पनि शायद कहिले कहिले धेरै नै दीर्घसमयपछि मात्र कुनै बेला त्यसरी पस्न सक्ला ।

भिक्षुहरू ! बरु त्यस अन्धो कछुवाले आफ्नो टाउको त्यो जुआको प्वालभित्र छिराउने संयोगको समय छिटो आउला । किन्तु मनुष्यलोकबाट च्यूत भएर एक पटक अपाय दुर्गतिमा पतन भइसकेको बालजनको निमित्त फेरि यस मनुष्यलोकमा उत्पत्ति हुन आउने कुरालाई म त्योभन्दा दुर्लभतर हुन्छ भन्दछु । के कारणले त्यसो हुन्छ त ? भिक्षुहरू ! तिर्यक योनिमा धर्मचर्या, (धर्माचरण) समचर्या, कुशल कर्म (पुण्य कर्म), पुण्य क्रिया हुदैनन् । भिक्षुहरू ! त्यस योनिमा एउटाले अर्कोलाई भक्ष गर्ने, दुर्वल (निर्धो) लाई सवलले सताउने खालको मात्र हुन्छ । भिक्षुहरू ! त्यो मूर्ख बालजन कदाचित कहिल्यै दीर्घकालपछि मनुष्य जुनीमा जन्मन आए पनि त्यो दीन हीन नीच कुलहरू ..........मा जन्मिन्छ, दरिद्र कुलमा जन्मिन्छ । त्यस्तो दरिद्र कुल जहाँ अन्नपान भोजन मुश्किलले पाइन्छ, खाने र लगाउने बस्तु बडो मुश्किलले मात्र पाउन सकिन्छ । फेरि त्यहाँ पनि त्यो दुर्वर्ण (कुरूप), दुरदर्शन (नराम्रो), पुड्को, बहुरोगी, कानो, कुप्रो, लुलो, लङ्गडो, कुंजो (पक्षपात भएको) भएर जन्मिन्छ । त्यसलाई अन्नपान, वस्त्र, यान, माला, गन्ध, विलेपन, शय्या, निवासस्थान, बत्ति (बाल्ने सामानहरू) प्राप्त हुदैनन् । त्यहाँ पनि त्यो मूर्खले कायिक दुष्कर्म, वाचिक दुष्कर्म र मानसिक दुष्कर्म गरेर बस्दछ । काया-वचन-मनले दुष्कर्म गरेर सोको विपाक स्वरूप शरीर त्याग गरेर मृत्यु भएपछि त्यो अपाय गति (तिर्यक योनि), दुर्गति (प्रेत योनि), विनिपात (विनिपातिक असुर योनि) नरकमा नै फेरि उत्पन्न हुन पुग्दछ ।



Downloaded from http://dhamma.digital

भिक्षुहरू ! मानौं कि कुनै जुवाडेले अघिबाटै जुवामा आफ्ना छोराछोरी, स्वास्नी र भएभरको सम्पत्ति हारिसकेको छ वा त्योभन्दा गाह्रो फन्दामा परिसकेको छ भने त्यसको गति कत्तिको दुःखपूर्ण हुन्छ । भिक्षुहरू ! त्यस्ता जुवाडेको फन्दा (बन्धन वा गति) भन्दा त्यस कायिक, वाचिक र मानसिक दुष्कर्म गरेको कारणले देह त्यागेर मृत्युपछि अपाय दुर्गति नरकमा उत्पत्ति हुने मूर्ख बालजनको गति कता कता बढी दुःख दर्दपूर्ण हुन्छ ।

भिक्षुहरू ! यही केवल परिपूर्ण बालभूमि हो ......... । *(हेर्नोस् - जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग, अनु. आर. बि. वन्द्य, पृष्ठ नं. १८९-१९० र मज्झिम निकाय (नेपाली), अनु. दुण्ड ब. बज्राचार्य, पृष्ठ नं. ८००-८०१ ।)*

भगवान् बुद्धका उपर्युक्त उपदेशहरूबाट प्रष्ट हुन्छ कि यस लोकबाट मूर्खताको कारण दुष्कर्महरू गरी जीवन व्यतित गरी मृत्युपछि अपाय गति दुर्गति नरकमा पतन भइसकेका बालजनहरूले अपाय दुर्गतिमा अत्यन्त दीर्घकालसम्म चरम सीमाको दुःख दर्द कष्ट पीडाको व्यथा भोग्नुपर्ने मात्र होइन कि एक पटक अपाय गतिमा पतन भएका सत्वका लागि पुनः मनुष्य जुनीमा जन्मन आउने अवसर पनि बहुतै कठीन र दुर्लभताका साथ मात्र प्राप्त हुन सक्ने हुंदो रहेछ । यसबाट मनुष्य जुनी अत्यन्त दुर्लभ छ भन्ने जिन वचनको सत्यतालाई सिद्ध गर्दछ । अतः मृत्युपछि अपाय गति, दुर्गति, विनिपात गति र नरक गतिमा पतन हुनबाट जोगिन चाहने मानिसहरूले यसै दुर्लभ मनुष्य जुनीको छोटो आयुको जीवनमा सचेत, सतर्क र अप्रमादी भएर अकुशल कर्मबाट यथासम्भव बची कमसेकम मृत्युपरान्त मनुष्य जुनीमा नै जन्म ग्रहण गर्न सकिनेसम्मको कुशल पुण्यकर्महरू सम्पादन गर्दै सम्यक् कुशल निर्दोष जीवन निर्वाह गर्ने दैनिक जीवनको पद्धतिलाई अंगाल्न, विकसित गर्न र अनुशरण गर्न बुद्धधर्मले ठूलो अभिप्रेरणा र प्रोत्साहन दिएको पाइन्छ । *(हेर्नोस्-मनुष्य जीवनको महत्व सम्बन्धी थप विवरणका लागि अंग्रेजी पुस्तक The Tree of Enlightenment by Peter Della Santina, Chico Dharma Study Foundation USA., 1997, Reprint July 1998 Taiwan, Chapter 9 Rebirth pp. 85-95.) ।*

## अकुशलबाट बची कुशल जीवन जिउने सहज शिक्षा नै बुद्धधर्म

यस लोकमा व्यक्ति व्यक्तिका बीचमा, गाउँ गाउँ, शहर शहर, समाज समुदाय र राष्ट्र राष्ट्रका बीचमा आपसमा मैत्री, करूणा, स्नेह, सद्भाव, सहिष्णुता र सुमधुर समन्वय राखी सुख शान्ति र सन्तोष पूर्वक सरल र सहज गृहस्थ जीवन व्यतीत गरी मृत्युपरान्त मनुष्य लोकसहितको सुगति, सद्गति र स्वर्गलोकमा उत्पत्ति गराउने हेतु भएका पुण्य सञ्चित गर्न कुशल मंगलयुक्त निर्दोष भद्र जीवन व्यतीत गर्नका लागि बुद्धधर्मले गृहस्थी लोकजनहरूका लागि त्रि-शरणको श्रोत र पञ्चशीलको शिक्षापद पालनाको सरल, सहज र सुगम उपाय र मार्गलाई लोकजनसमक्ष प्रस्तुत गरेको पाइन्छ ।



Downloaded from http://dhamma.digital

अझ महत् आकांक्षा हुने पुद्‌गलहरूका लागि अष्टशील र दशशीलको शिक्षापदको पनि प्रज्ञापन गरिएको छ।

## दश संयोजनहरू

हुन त अभिधर्मका अनुसार सत्व प्राणीहरूलाई यस भवचक्रमा बारम्बार उत्पत्ति हुन बाध्य पार्ने गरी संसारमा बांधिराख्ने दश संयोजन धर्महरू छन् जस्तो कि १) दृष्टि, २) विचिकित्सा, ३) शीलव्रत परामर्श, ४) काम राग, ५) प्रतिघ, ६) ईर्ष्या, ७) मात्सर्य, ८) मान, ९) भवराग र १०) अविधा । ती दश संयोजन धर्महरूलाई प्रज्ञाको अभ्यासद्वारा छिन्नभिन्न पारी समूल नष्ट गर्न नसकिएसम्म सत्व प्राणीहरूलाई भवचक्रबाट नै अन्तिम मुक्ति निर्वाण भने सम्भव हुँदैन । किन्तु सत्व प्राणीहरूले भव संसारमा विचरण गरिरहनु परून्जेल जन्मजन्मान्तरमा अपाय गति दुर्गति विनिपात नरक गतिमा पतन हुनबाट जोगीई कम्तीमा पनि मनुष्य जुनी र सुगति स्वर्गलोकहरूमा जन्म ग्रहण गर्दै कुशल पुण्य साधना र सञ्चित गर्न सकिने बन्नका लागि भने बुद्धधर्मले पापका आधार रहेका दश अकुशल कर्महरूबाट बचे पुग्ने र बच्नुपर्ने शिक्षालाई अघि सारेको पाइन्छ।

## दश अकुशल कर्महरू

**मानिसहरूले बच्नुपर्ने दश ती अकुशल कर्महरू हुन्ः- क) शरीरबाट सम्पादन हुने तीन अकुशल कर्महरू यथा** १) प्राणी हत्या, २) अदत्ता दान (चोरी, ठगी, नदिईकन लिने प्रवृत्ति) ३) काम मिथ्याचार (व्यभिचार, परस्त्री, परपुरूष गमन)। **ख) वचनबाट सम्पादन हुने चार अकुशल कर्महरू यथा** १) मृषावाद (असत्य कुरा बोल्ने) २) पिशुन वचन (अर्कालाई झगडा, मनमुटाव, असमझदारी पैदा गराउने चुगली, चापलुसी कुराहरू) ३) परूष वचन (मनमा चोट पुग्ने गरी बोलिने रूखो बोली) ४) सम्प्रलाप (अधार्मिक फाल्तु गफ र कुराहरू, तथा **ग) मनबाट सम्पादन हुने तीन अकुशल कर्महरू** । जस्तै १) अभिध्या अर्थात ठगी छलछ्राम गरी ढांटी बेइमानीपूर्वक अर्काको सम्पत्तिलाई प्राप्त गर्न खोजिने लोभ । २) व्यापाद अर्थात् द्रोह (अर्काको भलाकुशललाई हेर्न नसकिने दुष्प्रवृत्ति) र ३) मिथ्या दृष्टि (गलत दृष्टिकोण)।

## दश कुशल कर्महरू

माथि उल्लेख गरिएका पाप कर्मका रूपमा रहेका दश अकुशल कर्महरूबाट विरत रही सुगतिका आकांक्षी सज्जनवर्ग र भद्र महिलावर्गले दैनिक जीवनमा अवलम्वन, आचरण र अभ्यास गर्नु पर्ने दश कुशल कर्महरू छन् । ती हुन् -१) प्राणातिपात विरति, २) अदत्ता दान विरति, ३) काम मिथ्याचार विरति, ४) मृषावाद विरति, ५) पिशुनवचन विरति, ६) परूष वचन विरति, ७) सम्प्रलाप विरति ८) अन्-अभिध्या अर्थात् (त्याग), ९) अ-व्यापाद अर्थात् (मैत्री) र



Downloaded from http://dhamma.digital

१०) सम्यक् दृष्टि (अनित्य दुःख अनात्मालाई जान्न सक्ने, कर्मको फलाफल र परामर्थ धर्मलाई जान्न पहिचान गर्न सकिने कुशल दृष्टि)।

## दश पुण्य कर्महरू

बुद्धधर्ममा पुण्य साधनाका सरल, सहज र ठोस आधारका रूपमा निम्न दश कुशल पुण्य कर्महरूलाई प्रस्तुत गरिएको छ। यथा १) दान, २) शील, ३) भावना, ४) अपचायन (अर्थात् त्रिरत्न र ज्ञानबृद्ध, वयःबृद्ध, शीलबृद्ध र ध्यान-बृद्धहरूलाई आदर गौरव गर्ने कार्य), ५) वेय्यावच्च (अर्थात् त्रिरत्न, मातापिता र आफूभन्दा जेष्ठ बृद्धहरूको कुशल काम गरिदिने कार्य), ६) पत्तिदान (अर्थात् आफूलाई प्राप्त पुण्य अरूलाई दान गरि दिने कार्य), ७) पत्तानुमोदन (अर्थात् अरूले गरेका पुण्यकार्यलाई भित्री निष्कलंकित मनले अनुमोदन गर्दै सहर्ष साधुकार दिने कार्य), ८) धर्म श्रवण (अर्थात् आर्यमार्गफलयुक्त सद्धर्मको श्रवण गर्नु), ९) धर्म देशना (अर्थात् उपर्युक्त सद्धर्मको आख्यान, व्याख्यान र उपदेश गर्नु) र १०) दिट्ठिजुकम्म (अर्थात् कर्म र विपाकलाई विश्वास गर्दै सम्यक् दृष्टिलाई अंगिकार गर्नु)। उपर्युक्त दश कुशल पुण्य कर्महरू अन्तर्गत पत्तानुमोदन कुशल पुण्य कर्मको पछि भित्रीमनले प्रशंसा गर्ने कर्म (७) प्रशंसा थप गरिएमा र १० नं.का दिट्ठिजुकम्म कुशल पुण्यकर्मको सट्टामा (११) त्रिशरण गमन र (१२) अनुस्मृतिको साधना थप गर्दा बुद्धधर्ममा मान्यता प्राप्त दश पुण्य क्रियाहरूको संख्या १२ कुशल पुण्य क्रियाहरूमा परिणत हुने गर्दछ। बुद्धधर्मको मान्यता छ कि त्रि-शरण बेगर शील धर्म सुविकसित, परिपक्व र चिरस्थायी किसिमले सुप्रतिष्ठित हुन कठिन हुन्छ। शील धर्म बेगर समाधि धर्म सुविकसित हुँदैन। प्रवल र परिपक्व समाधि बेगर निर्वाण गामिनी प्रज्ञा धर्म सुपल्लवित, सुविकसित र सुप्रतिष्ठित हुन सक्तैन।

## त्रि-शरण गमनबाट पनि सुगतिको लाभ

कम्तीमा पनि चार असंख्येय र एक लाख कल्पसम्मका अनन्त जुनीहरूमा अनगिन्ति रूपमा दश पारमिता, दश उपपारमिता र दश परमार्थ पारमिताहरू संचित गर्दै लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्याका चर्याधर्महरू सम्पादन गरेपछि मात्र लाभ हुन सकिने बुद्धत्वको गुण, आनिशंस र महत्व अवर्णनीय रहनु एउटा स्वाभाविक कुरो नै भएकोले यस संसारचक्रमा पाइने समस्त प्रकारका रत्नहरूभन्दा बुद्धनै सबैभन्दा प्रणीततर, सर्वोत्तम र सर्वश्रेष्ठ रत्न मानिएको छ। त्यसैले बुद्धको शरणमा जानुमा, यस्ता बुद्धबाट उपदेशित सद्धर्मको शरण जानुमा र बुद्धबाट सुप्रशिक्षित संघको शरण जानुमा पनि महान् फल प्राप्त हुने कुरा बुद्धधर्ममा चर्चा गरिएको पाइन्छ। बुद्ध, धर्म र संघलाई त्रिरत्न भनिन्छ। समस्त संसारमा पाइने अनमोल रत्नहरूमध्ये त्रिरत्नलाई सर्वश्रेष्ठ रत्न ठहर गर्दै परित्राण सूत्रमा पाइने रत्न सूत्र र पूर्वाण्ह सूत्रमा यसरी त्रिरत्नको प्रणितताको गुणगान गरिएको पाइन्छ:-



Downloaded from http://dhamma.digital

**"यं किञ्चि वित्तं इध वा हुरं वा,**
**सग्गेसु वा यं रतनं पणितं,**
**न नो समं अत्थि तथागतेन,**
**इदम्पि बुद्धे रतनं पणितं ....**
**इदम्पि धम्मे रतनं पणितं ....**
**इदम्पि सङ्घे रतनं पणितं,**
**एतेन सच्चेन सुवत्थि होतु ।"**

अर्थात्, यस लोकमा, नागलोकमा, गरूडलोकमा र स्वर्गलोकमा पनि जति पनि लोकको चित्तलाई हर्षित, आकर्षित र प्रसन्न तुल्याउने रत्नहरू विद्यमान् छन् ती कुनै पनि रत्नहरू तथागत समानका रत्न होइनन् । बुद्धको यो रत्नको भाव पनि महोत्तम छ, धर्मको यो रत्नको भाव पनि महोत्तम छ, र सङ्घको यो रत्नको भाव पनि महोत्तम नै छ । यो सत्यको प्रभावबाट सुखानन्द प्राप्त होस् । *(हेर्नोस्- परित्राण, सं. भिक्षु बुद्धघोष महास्थविर)*

बाल, बृद्ध, वनितादेखि लिएर धनी गरीब, दु:खी दरिद्र, असहाय अनाथ जो सुकैले पनि जहाँ पनि जहिले पनि कुनै प्रकारको खर्च बेगर र कुनै किसिमको दु:ख कष्ट नगरीकनै जीवनभरका लागि ग्रहण गर्न र आजीवनका लागि नै अटूट् रूपमा पालन गर्न सकिने त्रिरत्नको शरण गमनबाट पनि सुगति लाभ गर्न सकिने कतिपय उदाहरणहरू बुद्धधर्ममा पाइन्छ । हो, त्रिरत्न शरण ग्रहण गर्दा निश्चल र अविचलित श्रद्धाकासाथ जन्मभरि नै अविच्छिन्न रूपमा कायम राख्ने मनोकामना र प्रणिधान सहित शरण ग्रहण गर्नु उत्तम र आवश्यक हुन्छ र यो शरण गमन कुशललाई जीवनको अन्तिम घडीसम्म पनि स्थिर राख्न सक्नु अपरिहार्य हुन्छ । अनि मात्र त्रिशरण गमनकै कारणले पनि सुगतिलाई लाभ गर्न मद्दत पुग्दछ । जीवनभरका लागि संकल्प गरी एक पटक त्रिरत्नको शरण परिसकेपछि त्रिशरण प्रतिको आफ्नो श्रद्धा, आस्था र विश्वासलाई कायमै राखी छोडेसम्म सो शरण गमन आजीवनका लागि स्थिर नै रहिरहन्छ । जति जति लामो अवधिसम्मका लागि त्रिशरण गइन्छ त्यसको फल पनि त्यति नै बढी महानिशंस फलयुक्त हुन्छ भन्ने कुरा श्रद्धालुहरूले बुझ्नु हितकर हुन्छ । त्यसैले बुद्धका जीवनकालदेखि नै श्रद्धालु उपासक उपासिकाहरूले बुद्ध समक्ष पनि त्रिशरण गमनका लागि याचना गर्दा आजीवन उपासकोपासिका बन्ने सत् संकल्प गरेर नै त्रिशरण ग्रहण गरेका उदाहरणहरूले बुद्धधर्मका ग्रन्थहरू भरिएका छन् ।

त्रिरत्नको शरणमा जांदा अपनाउनु पर्ने विधि निम्न प्रकारको हुन्छ ।

१) बुद्ध, धर्म र संघ नामक त्रिरत्नमा श्रद्धाले भरिपूर्ण भएको चित्तले आफ्नो देहलाई अर्पण गर्ने ।
२) बुद्ध, धर्म र संघमा आधार र भरोसा राख्ने ।
३) बुद्ध, धर्म र संघको उपासकत्व-शिष्यत्व ग्रहण गर्ने ।
४) बुद्ध, धर्म र संघप्रति निश्चल आदर गौरव राख्ने ।



Downloaded from http://dhamma.digital

उपर्युक्त चार प्रकारका अङ्गहरूमध्ये कुनै एक अङ्ग पनि पूर्ण गरी त्रिरत्नको शरण ग्रहण गर्ने व्यक्तिलाई रीतपूर्वक शरण गमन गर्ने व्यक्ति भनिन्छ। किन्तु उपर्युक्त चारैवटा अङ्गहरू परिपूर्ण गरी त्रिरत्नको शरणमा जाने व्यक्तिहरूको शरणगमन भने निश्चय नै महान् फलदायक हुने कुरा प्रष्ट हुन्छ।

जन्मभरिका लागि धारण गर्नका लागि गरिने शरण गमन विधि यस प्रकारको हुन्छ:-

१) अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि।
२) अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि॥
३) अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि॥
४) जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि।
५) जीवित परियन्तिकं धम्मं सरणं गच्छामि॥
६) जीवित परियन्तिकं सङ्घं सरणं गच्छामि॥

दुतियम्पि

१) अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि।
२) अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि॥
३) अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि॥
४) जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि।
५) जीवित परियन्तिकं धम्मं सरणं गच्छामि॥
६) जीवित परियन्तिकं संघं सरणं गच्छामि॥

ततियम्पि

१) अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि।
२) अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि॥
३) अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि॥
४) जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि।
५) जीवित परियन्तिकं धम्मं सरणं गच्छामि॥
६) जीवित परियन्तिकं सङ्घं सरणं गच्छामि॥

***अर्थ,***

१) अज्ज आदिं कत्वा=आजदेखि, अहं=म, अत्तानं=आफूलाई (आफ्नो देहलाई), बुद्धस्स=बुद्ध भगवान्लाई, निय्यादेमि=अर्पण गर्दछु।

यही रूपबाट धर्म र संघलाई अर्पण गर्दछु भन्ने अर्थ भयो।

४) जीवित परियन्तिकं=जीवनरहेसम्म, बुद्धं=बुद्ध भगवान्को, सरणं=शरण, गच्छामि=जान्छु।



Downloaded from http://dhamma.digital

यही रूपबाट धर्म र संघको शरणमा जान्छु भन्ने अर्थ भयो । *(हेर्नोस्-त्रिशरण गमन आनिशंस - मूल लेखक टाउंपुलु अरण्यिक विश्वशान्ति महास्थविर, मिथिला नगर, म्यानमार, सम्पादक तथा अनुवादक भिक्षु बुद्धघोष महास्थविर पुस्तक त्रिरत्नको गुण र आनिशंस (नेपाल भाषा) बु. सं. २५३६ पृष्ठ नं. ४४-५५)*

बुद्धधर्मको ग्रन्थमा पाइने शरण उपासकको कथाको उदाहरणबाट थाहा हुन्छ कि अन्य कुशल पुण्य कर्म केही गर्न नसके पनि केवल त्रिशरण गमनलाई मात्र जीवनको अन्तिम घडीसम्म पनि स्थिर राखी सोही त्रिशरण गमन कुशललाई मात्र आलम्वन गरी यस जन्मबाट च्यूत भई मृत्यु भएमा त्यस्तो व्यक्तिको पुनर्जन्म सुगतिलोक देवलोकमा हुंदोरहेछ । आफ्नो प्राण समेत त्रिरत्नलाई अर्पण गर्ने दृढ संकल्प सहित त्रिरत्नको शरणमा जाने शरण उपासक मृत्युपछि देवलोकमा उत्पत्ति भएको कथाको प्रसंग स्वयं भगवान् शास्ताले भिक्षु संघलाई बताउनु भएको थियो भन्ने कुरा संयुक्त निकाय अर्थ कथामा चर्चा गरिएको पाइन्छ । *(हेर्नोस्-केवल त्रिशरण गमन पुण्य कुशलको आधारमा सद्गति सुगति प्राप्त गर्ने दरिद्र कुष्ठरोगी याचकहरू र दमिल दायकको कथाको उदाहरणका लागि म्यानमारका भदन्त विश्वशान्ति महास्थविरको रचना-"त्रिरत्न गमन आनिशंस" को विस्तृत विवरणका लागि भिक्षु बुद्धघोष महास्थविरको पुस्तक (नेपाल भाषा) त्रिरत्नको गुण र आनिशंस (कथा, जप, पाठ र भावनाको संग्रह), मुद्रक नेपाल सहकारी प्रेस, ओमबहाल, पृष्ठ नं. ४७, ४८, ४९, ५० र ५१ ।)*

त्रिशरणमा स्थीर भएर बसिरहने व्यक्तिको जीवनमा आउन सक्ने जुन भय, अन्तराय, त्रास, शारीरिक एवं मानसिक दुःख दर्द छन् तिनीहरूलाई र पुनः तिर्यक, प्रेत, असुर, नर्क जस्ता चार अपाय दुर्गतिमा हुने पतनलाई पनि दमन गरी विनाश गरिदिने भएकोले ग्रन्थमा **"हिंसती ति सरणं"** भनी भनिएको छ। *(हेर्नोस्-त्रिरत्नको गुण र आनिशंस, सम्पादक तथा अनुवादक - भिक्षु बुद्धघोष महास्थविर (नेपाल भाषा), पृष्ठ नं. ४५ ।)*

संयुक्त निकाय, सलायतन वग्गो, सक्क सुत्तमा भगवान् बुद्धका अग्रश्रावक भिक्षु मौद्गल्यायन महास्थविरले देवराज इन्द्र सहित पाँचसय देवताहरूलाई त्रिशरण गमनका आनिशंसबारे दिनुभएको उपदेश र शक्रदेवले महास्थविरको अभिभाषणलाई अनुमोदन गर्दै आफ्नो अनुभव बताएको निम्न उत्तरको चर्चा गरिएको पाइन्छ:-

मौद्गल्यायनः- "साधु खो, देवानमिन्द ! बुद्ध सरण गमनं होति .........धम्म सरण गमनं होति ......... संघ सरण गमनं होति.......... एवमिधेकच्चे सत्ता कायस्स भेदा परं मरणा सुगतिं सग्गं लोकं उपपज्जन्ती ति ...... ।"

देवराज इन्द्रः- "साधु खो, मारिस मोग्गलान ! बुद्ध सरण गमनं होति ....... धम्म सरण गमनं होति ......... संघ सरण गमनं होति .........बुद्ध सरण गमन हेतु खो, मारिस मोग्गलान ! धम्म सरण गमन हेतु खो, .......... संघ सरण



Downloaded from http://dhamma.digital

गमन हेतु खो, मारिस मोग्गलान ! एवमिधेकच्चे सत्ता कायस्स भेदा परं मरणा सुगतिं सग्गं लोकं उपपज्जन्ती ति ......।"

*अर्थ*

हे देवेन्द्र ! बुद्धको शरण जानु असल, साधुकर छ .....धर्म शरण गमन असल, साधुकर छ ............सङ्घ शरण गमन असल, साधुकर छ बुद्धको शरण गएर ......... धर्मको शरणमा गएर..........संघको शरणमा गएर.......बहुत्तर मानिसहरू मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।

......... भो मारिष मौद्गल्यायन ! साँच्चिकै हो, बुद्धको शरण गमन ........ धर्मको शरण गमन ....... सङ्घको शरण गमन ....... असल छ, साधुकर छ । मारिष मौद्गल्यायन ! बुद्धका शरणमा गएका ......... धर्मको शरणमा गएका संघको शरणमा गएका बहुत्तर मानिसहरू मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन आउंछन् ....... ।

संयुक्त निकाय, सगाथा वग्गो, समय सुत्तमा भगवान् बुद्ध पाँच सय अरहन्त भिक्षुहरू सहित शाक्यहरूको कपिलवस्तुको महावनमा विहार गरिरहनु हुंदा शुद्धावास भूवनका देवताहरू बुद्ध समक्ष उपस्थित भई भगवान्को सम्मुखमा एक जना देवताले बुद्धको शरणमा जाने सत्वले प्राप्त गर्ने सुगतिका बारेमा आफ्नो अनुभव यसरी गाथाबाट सुनाउनु भएको कुरा सम्मुल्लेख गरिएको पाइन्छः-

**"ये केचि बुद्धं सरणं गतासे, न ते गमिस्सन्ति अपाय भूमिं ।**
**पहाय मानसं देहं, देवकायं परि पूरेस्सन्ती ती ॥**

*अर्थ*

जो व्यक्तिहरू बुद्धका शरणमा जान्छन् तिनीहरू अपाय भूमिमा जांदैनन् । मनुष्य शरीरका परित्यागपछि तिनीहरूले देवकाय प्राप्त गर्दछन् । *(हेर्नोस्-संयुक्त निकाय पालि, पालि प्रकाशन मण्डल, विहार, श्री नवनालन्दा महाविहारको सलायतन वग्गोको शक्र सूत्र र सगाथा वर्ग र समय सूत्रहरू ।)*

एक समयमा भगवान् सम्यक् सम्बुद्ध जेतवन महाविहारमा विराजमान भइरहंदा त्रिशरण ग्रहणको महत्फल रहने कुराको धर्मोपदेश दिंदै वेलाम सूत्रमा आज्ञा भएको छ कि परापूर्व कालमा बोधिसत्व वेलाम ब्राम्हणले दश धार्नी धानको विउ रोपिने जग्गाको क्षत्रफल बराबर हुने बिशाल क्षेत्रमा परिपूर्ण हुनेगरी अनेक प्रकारका .... ८४ हजार/८४ हजार अनमोल बस्तुहरू जम्मा गरी अनेक अनमोल बस्त्र आदि सुस्वादिष्ट खाद्यभोजन फलमूल पक्वान्न इत्यादि ८४ हजार/ ८४ हजारका हिसाबले ७ बर्ष ७ महिना ७ दिन सम्म नित्य अखण्ड दान प्रदान पुण्य सम्पन्न गरेका थिए । परन्तु उक्त बिशाल दानको फलभन्दा एकजना मात्र श्रोतापन्न पुद्गललाई दिइने दानको फल महान् हुने गर्दछ । त्योभन्दा बढी सकृदागामीलाई दिइने दानको महत्फल हुन्छ । तदधिक क्रमशः अनागामीलाई, अरहन्तलाई, प्रत्येक बुद्धलाई, सम्यक् सम्बुद्धलाई दिइने दानको महान् फल हुन्छ ।



Downloaded from http://dhamma.digital

त्योभन्दा बढी सम्यक् सम्बुद्ध सहित भिक्षु संघलाई दिइने दानको अत्यन्त महोत्फल हुने गर्दछ । किन्तु उक्त दानको महिमा भन्दा त्रिशरण ग्रहणको फलचाहिं अपरिमित फलदायक हुन्छ । ......... *(हेर्नोस् - संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरद्वारा अनुदित पुस्तक विशुद्धि ज्ञान दर्शन (नेपाल भाषा) मुद्रक सुभास प्रिन्टिङ्ग प्रेस, नकबहिल पृष्ठ नं. २ ।)*

धम्मपदमा भनिएको पनि छ :-

> **"एतं खो सरणं खेमं, एतं सरण मुत्तमं**
> **एतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति ॥ "**
>
> धम्मपद (१४, ६)

*अर्थ*

यही शरण (बुद्ध, धर्म र सङघको शरण) रक्षादायक शरण हो । यही उत्तम शरण हो । यही शरणलाई प्राप्त गरेर सबै दुःखबाट मुक्त हुन्छन् *। (हेर्नोस्- धम्मपद, बुद्धवर्ग (१४-६) । )*

बाल बृद्धा वनिता, धनी गरीब, राजा रंक, सनाथ अनाथ, दीन दुःखी असहाय, अशक्त, सवल दुर्वल जो सुकैले पनि केही पनि खर्च गरे बेगर नै र कुनै उल्लेख्य शारीरिक र मानसिक परिश्रम नगरीकनै सजिलैसित जहाँ पनि जहिले पनि प्राप्त गर्न सकिने रीतपूर्वकको त्रिरत्नको शरण गमन मात्रलाई स्थीरपूर्वक जीवनको अन्तिम घडीसम्म संगाल्न सकिएमा पनि यस लोकबाट च्यूत भएपछि सुगति सद्गतिमा पुग्न सकिने सरल आश्वासन उपलब्ध गराएर बुद्ध धर्मले मानव जातिलाई कम गुणोपकार गरेको छैन भन्दा अतिशयोक्ति नहोला ।

## अपाय गतिबाट बची सुगति प्राप्तिको निश्चितताको लागि अभिधर्मको उपादेयता

### दश प्रकारका क्लेशहरू

बुद्ध धर्मका अनुसार मनुष्य जातिलाई पाप कर्म अकुशल गर्न उत्प्रेरित र उत्साहित गर्ने क्लेशहरू जम्मा दश प्रकारका छन् । यथा- १) लोभ, २) द्वेष, ३) मोह, ४) मान, ५) दृष्टि, ६) विचिकित्सा, ७) स्त्यान (पालिमा थीन), ८) औद्धत्य (पालिमा उद्धच्च), ९) अन्हिकता (पालिमा अहिरिक) र १०) अनोतप्प । परन्तु ती सम्पूर्ण ल्केशमलहरूका पनि आधार रहेका तीन अकुशल धर्महरू पाइन्छन् । ती हुन् - १) लोभ, २) द्वेष र ३) मोह । यस लोकमा उत्पत्ति हुने सम्पूर्ण पाप कर्म, दुष्कर्म र अकुशल कर्महरूका मूल नै ती तीन अकुशल मूल हुन् । संयुक्त निकाय लोकसूत्रमा बुद्धले आज्ञा भएको छ कि यस लोकमा तीनवटा अकुशल धर्महरू उत्पन्न हुनासाथ सत्व प्राणीलाई अहित, दुःख र कष्ट हुन्छ । ती कुन् कुन् धर्महरू हुन् त - ती हुन- १) लोभ धर्म, २) द्वेष धर्म र ३) मोह धर्म । लोभ, द्वेष



Downloaded from http://dhamma.digital

र मोह नै ती तीन अकुशल मूल हुन् जसले यस लोकमा सम्पूर्ण पापकर्म, दुष्कर्म र क्लेश धर्महरूलाई प्रवृत्त र प्रोत्साहित गर्दछन् । सत्व प्राणीहरू यिनै तीन अकुशल मूलहरूका कारण पंच दुःशील कर्महरू गर्दछन् । दश अकुशल कर्महरूमा प्रवृत्त रहन्छन् । नराम्रा, गर्न नहुने, अवाञ्छित कुकृत्यहरू सम्पादन गर्दै पाप कमाउंछन्, कुसंस्कार जम्मा गर्दछन् र मनुष्य जीवनबाट च्यूत भएपछि यिनै अकुशल मूलहरूका कारण अपायगति, दुर्गति, विनिपात र नरक गतिमा पतीत हुन पुगी चिरकालसम्म अति दुःख भोग गर्न पुग्दछन् । अभिधर्मको अध्ययनबाट ज्ञात हुन्छ कि पापकर्मका आधार रहेका सम्पूर्ण दश अकुशल कर्महरू यिनै लोभ, द्वेष र मोह नामक तीन अकुशल मूलकै कारण उत्पन्न हुन्छन् । उदाहरणार्थ - प्राणातिपात, परूष वचन र व्यापाद जस्ता अकुशल धर्महरू प्रायः द्वेष र मोह मूलबाट उत्पत्ति हुन्छन् । प्रायः लोभ र मोह मूलका कारण काम मिथ्याचार, अभिध्या र मिथ्यादृष्टि नामक अकुशल धर्महरू उत्पन्न हुन्छन् । यसरी नै सामान्यतः लोभ, द्वेष र मोह मूलकै कारणबाट प्रायः अदत्ता दान, मृषावाद, पिशुन वचन र सम्प्रलाप जस्ता अकुशल धर्महरूलाई प्रवृत्त गरिन्छन् । *(हेर्नोस्-धम्म सङ्गणी अ. अग्गञाणी, अभिधर्म स्मारिका, पृष्ठ नं. १८ अभिधम्म अध्ययन समाज नेपालको प्रकाशन, २०६० बु. सं. २५४७ ।)* अभिधर्मले हामीलाई बताउंछ कि मोह प्रत्येक अकुशल चित्त साथै उत्पत्ति हुन्छ । मोहले गर्दा नै लोभ हुन्छ । मोहकै कारण द्वेष पनि हुन्छ । बुद्धकालीन् जगत्मा लोभ, द्वेष र मोहको अर्थ र ती शब्दहरूका वर्तमान प्रयोग अर्थ र परिभाषामा निकै भिन्नता पाइन्छ । हामीहरू अचेल माया मोहलाई मोह भन्दछौं । बुद्ध धर्मअनुसार ती माया मोह वास्तवमा मोह होइन लोभ हो । बुद्ध धर्मानुसार लोभ भन्नाले सबै किसिमको तृष्णा, अनुराग, वासना, आसक्ति र उपादानलाई जनाउंदछ । त्यस्तै द्वेष भन्नाले केवल रीस र क्रोधमात्र होइन ईर्ष्या, द्वेष, जलन, घृणा र क्रोधको भावनाबाट उत्पत्ति हुने सबै अकुशलहरूलाई द्वेषले समाहित गर्दछ । द्वेषकै लक्षण स्वरूप मानिसहरू भयभित हुन्छन्, चञ्चल हुन्छन्, खिन्न हुन्छन् र दिक्क हुन्छन् । बुद्धधर्मको भाषामा मोह भन्नाले अविद्यालाई जनाउंदछ । संसारको वास्तविक स्वभाव धर्म विषयका यावत् अन्धकार मोह नै हो । मोहकै कारण सबै प्रकारका मिथ्यादृष्टिहरू उत्पन्न हुन्छन् ।

अभिधर्मले मात्र हामीहरूलाई बताइदिन्छ कि लोभ, द्वेष र मोह जस्ता प्रत्येक अकुशलहरूको आ-आफ्नै तीन तीन वटा भूमिहरू हुन्छन् । लोभ, द्वेष र मोह अकुशल धर्महरूलाई तिनीहरूका स्वभाव, मात्रा र शक्तिका आधारमा बिभिन्न तीन तीन थरीमा वर्गीकरण गर्न सकिन्छ । ती हुन् - सूक्ष्म, मध्यम र स्थूल ।

स्थूल रूपका लोभ, द्वेष र मोह जस्ता ल्केश धर्महरूले मात्र अकुशल कर्मलाई प्रवृत्त गर्दछन् भने लोभ, द्वेष र मोह मध्यम रहंदा ती क्लेशहरूले अकुशल कर्मलाई प्रवृत्त गर्न सक्तैनन् । सूक्ष्म क्लेशहरू त चित्तमा अनुशयको



Downloaded from http://dhamma.digital

रूपमा मात्र टांस्सिएर रहीकन चित्तको प्रवाह साथै जन्मजन्मान्तरसम्म संसरण र प्रवाहित भइरहन्छन् । अभिधर्मको ज्ञान बेगर लोभ, द्वेष र मोहका अनुशयका रूपमा रहेका सूक्ष्म क्लेशहरूका बारेमा त मानिसहरू बिल्कुल्लै अनभिज्ञ रहन पुग्दछन् । लोभ, द्वेष र मोहका आ-आफ्नै लक्षणहरू हुन्छन् । अभिधर्मको गहन अध्ययन र अभ्यासबाट मात्र मानिसहरू ती अकुशलहरूलाई उत्पत्ति हुनासाथ समयमै पहिचान गरी सतर्क र सचेत बन्न समर्थ रहने हुन्छन् । दैनिक जीवनमा हेतु र कारण उत्पत्ति हुनासाथ एक दिनमै कैयन् पटक उत्पत्ति र विकास हुन सक्ने यी लोभ मूल चित्त वा द्वेष मूल चित्त वा मोह मूल चित्तहरू मध्यम क्लेशका रूपमा उत्पत्ति भएको लक्षण प्रकट हुनासाथै वा अनुभूति हुनासाथै अभिधर्मको ज्ञानको बलले मानिसहरूले तिनका लक्षणलाई बेलैमा पहिचान गरी सतर्क र सचेत बन्न सघाउंछ । यसरी अभिधर्मको ज्ञानले लोभ, द्वेष र मोह धर्महरूलाई स्थूल क्लेशको स्तरमा विकसित भएर दुष्कर्म गर्न प्रवृत्त गर्नबाट रोक्न सकिने अवस्थाको सिर्जना गर्न मद्दत पुऱ्याउंदछ । *द्रष्टव्यः- सविस्तार वर्णनका लागि हेर्नोस् - जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग, अनु. आर. बि. वन्द्य, पृष्ठ नं. ४३-८९) ।* पंच दुःशील कर्म र दश अकुशल कर्महरूबाट बच्नुको अर्थ हो अपाय गतिको सिर्जनाबाट बच्नु । दान शील भावना र शील समाधि प्रज्ञाको अभ्यास जस्ता कुशल कर्मको अभ्यास गर्दै मनुष्यलोक र सोभन्दा माथिको देवलोक र ब्रम्हलोकको प्राप्तिमा सततः क्रियाशील रहन चाहने पुद्गलहरूले तसर्थ कुनै पनि हालतमा अकुशल कर्मबाट बच्नु अत्यन्त आवश्यक हुन्छ । यसको लागि सम्पूर्ण क्लेशधर्महरूका मूल जराका रूपमा रहेका यी तीनवटै अकुशल मूलहरू - लोभ, द्वेष र मोहको बारेमा बढीभन्दा बढी मात्रामा विवेचना, विश्लेषण र वर्गीकरण गरी तिन्का सम्पूर्ण स्वरूपलाई सही रूपमा पहिचान गरी तिनलाई उत्पत्तिकै क्षणमै नियन्त्रण र निरोध गर्न सकिने ज्ञान र क्षमता हासिल गर्नु अपरिहार्य हुन्छ । बुद्ध धर्मको अभिधर्मले यही नै अत्यावश्यक ज्ञान र क्षमता मानिसलाई प्राप्त गर्न सघाउंदछ । *(हेर्नोस्-अभिधम्म स्मारिका, जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग - एक चर्चा, लेखक आर. बि. वन्द्य, पृष्ठ नं. २४३-२४८ ।)* बुद्ध धर्ममा भनिएको छ कि -

**"ये भुय्येन हि सत्ता तण्हाय पेत्तिविसयं उपपज्जति"** । अर्थात् जीवधारी सत्वहरू प्रायः तृष्णा, लोभबाट नै प्रेत योनिमा पुग्दछन् । - अट्ठ सालिनी ।

त्यस्तै,

**"दोसेन हि चण्ड जाति ताय दोष सदिसं निरयं उपपज्जन्ति"** । - अट्ठ सालिनी अर्थात् द्वेष चाहे जुनसुकै सत्व प्राणीमा किन नहोस् यसले निश्चित रूपमा नरक गतिमा पुऱ्याइदिन्छ ।

**"मोहेन हि निच्चं संमूल्हं तिरच्छान योनियं उपपज्जन्ति"** । - अट्ठ सालिनी अर्थात् मोहको कारणले अवश्यमेव स्वभावैले तिर्यक योनिमा पुगिन्छ । *(हेर्नोस् - जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग - आर. बि. वन्द्य) ।*



Downloaded from http://dhamma.digital

सर्वसाधारण लोकजनहरूमा सामान्यतः पञ्च काम गुणका आस्वादहरूमा दोष देख्न सक्ने ज्ञान, आलोक र चेतना प्रायशः विरलै मात्र उपलब्ध हुने भएकोले सामान्य सांसारिक मानिसहरू स्वभावतः सहज रूपमा नै लोभ, द्वेष र मोह सम्प्रयुक्त कामकार्वाहीमा भूलिरहने स्वभावका हुन्छन् । पहाड पर्वतमा ओरालो लाग्न सजिलो भएजस्तै पञ्च इन्द्रिय सुखहरूमा रमण गरिरहने लोकजनका चित्तमा अकुशल मूलहरू उत्पत्ति र बृद्धि हुने अवसरहरू प्रचूर मात्रामा बारम्बार सजिलैसंग विकसित भइरहन्छन् । परिणाम स्वरूप दुर्लभ मनुष्य जुनी प्राप्त भएका प्रमादी लोकजनहरूमा लोभ, द्वेष र मोहका वशिभूत रही मृत्युपछि सहजै अपाय गतिमा उत्पत्ति हुन पुग्ने सम्भावना बढी रहन्छ ।

## पुनर्जन्मका कारक कर्म, कर्म निमित्त र गति निमित्त

अभिधर्मको गहन अध्ययनबाट हामीलाई थाहा हुन्छ कि लोकजनहरू मृत्युपछि के कस्तो गतिमा वा के कस्तो लोक वा योनिमा उत्पत्ति हुन्छन् भन्ने कुराको अन्तिम निर्धारण अरू कसैले गर्ने होइन, बल्कि मर्नुभन्दा केही क्षण अगाडि जीवनको अन्तिम घडीतिर आफ्नै चित्त सन्ततिमा उत्पत्ति हुने ५ मरणासन्न जवनहरूले पाँच इन्द्रिय द्वारहरूमध्ये कुनै एक द्वार वा मनोद्वार मार्फत निजले आफैंले अनुभव गर्ने आलम्वनबाट नै व्यक्तिको भावी जन्मको लोक वा गतिलाई पूर्णतः निर्दिष्ट र निर्धारित गर्दछ । मनुष्यको जीवनको अन्तिम चित्त उत्पत्ति हुनुभन्दा केही क्षण अगाडि यसै जीवनको चित्त सन्ततिको अन्तिम प्रवाहको रूपमा उत्पत्ति हुने मरणासन्न जवनहरूको ती मरणासन्न व्यक्तिले संचित गरिराखेका असंख्य कुशलाकुशल संस्कारहरूमध्ये कुनै एक कर्मको स्वरूपमा कुनै नै कुनै कर्म, कर्म निमित्त वा गति निमित्त यी तीनमध्ये कुनै एउटा आलम्वन अवश्य उत्पत्ति हुने गर्दछ । यदि मरणासन्न जवनहरूले अनुभव गरेको त्यो आलम्वन कुशल भएमा उसले मृत्युपछि सुगति लोकमा प्रतिसन्धि ग्रहण गर्ने वा जन्मने हुन्छ भने त्यो मरणासन्न जवनहरूले भोग गरेको आलम्वन अकुशल भएमा उसले मृत्युपछि कुनै न कुनै एक अपाय दुर्गतिमा प्रतिसन्धि ग्रहण गर्ने हुन्छ । अर्थात् अपाय गतिमा जन्मने हुन्छ । जसरी अन्तिम परीक्षाका लागि तयारीमा लागेका विभिन्न विद्यार्थीहरूमध्ये आफ्ना सबै पाठलाई कण्ठस्थ हुनेगरी प्रशस्त मेहनत गरी पढाइमा लागेका विद्यार्थीहरूले परीक्षामा सोधिएका प्रश्नहरूलाई सजिलैसंग आफ्ना पाठलाई सम्झीकन उत्तर दिई जाँचमा उच्च सफलता प्राप्त गर्ने सम्भाव्यता बढी रहन्छ त्यसरी नै आफ्ना जीवनभरि अकुशल मूललाई दमन गरी कुशल कर्मका बढी से बढी संचय र सम्पादनमा अप्रमादीपूर्वक जीवन व्यतीत गरेका भद्र व्यक्तिहरूले मृत्युपूर्व आफैंले सम्पादन गरिआएका कुशल कर्महरूमध्येकै कुनै न कुनै एक कुशल कर्मलाई आलम्वनको रूपमा सजिलै ग्रहण गर्न सफल भई आफ्नो सुगतिलाई निश्चित गर्ने व्यवहारिक सम्भाव्यता बढी हुन्छ । अन्यथा मृत्यु हुन पूर्वका अन्तिम मरणासन्न जवनहरूले अकुशल कर्मका संचितिमध्येबाट कुनै एक अकुशल कर्मलाई आलम्वन ग्रहण



Downloaded from http://dhamma.digital

गरेमा च्यूति चित्तको उत्पत्ति पश्चात् अर्थात् मृत्यु पश्चात् अर्को जीवनको प्रतिसन्धि चित्त उत्पत्ति हुंदा त्यस जन्मको प्रतिसन्धि चित्तलाई पैदा गर्ने अकुशल कर्मको किसिमको आधारमा उसको पुनर्जन्म कुनै न कुनै अपाय गति दुर्गतिमा हुन जाने निश्चित हुन्छ।

## चार प्रकारका कर्महरू

सत्व प्राणीहरूलाई मरणासन्न कालमा फल दिने चार प्रकारका कर्महरू हुन्छन् भनी अभिधर्ममा भनिएको छ। ती कर्महरू हुन् - १) गरू कर्म, २) आसन्न कर्म, ३) आचिन्न कर्म र ४) कटत्ता कर्म । गरू कर्म भन्नाले कुशलाकुशलको आधारमा फल दिने ज्यादै भारी गह्रुंगो कर्मलाई जानिन्छ । अकुशल तर्फ पाँच महापापका कर्महरू जसलाई पाँच अनन्तरीय कर्महरू पनि भनिन्छ । जस्तै: १) मातृ हत्या, २) पितृ हत्या, ३) अरहन्त हत्या, ४) बुद्धको शरीरमा रगत निस्किने गरी आघात पुऱ्याउने कार्य-लोहितुपादक कर्म र ५) संघ भेद कर्मलाई गरू कर्म भनिन्छ। कुशल तर्फ प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पंचम ध्यान लाभ गरिएका रूप ध्यान अर्थात् रूपावचर कुशल कर्महरू पाँच, आकाशानन्त्यायतन, विज्ञानानन्त्ययतन, आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन ध्यान लाभ गरिएका अरूप ध्यान अर्थात् अरूपावचर कुशलकर्महरू चारलाई गरू कर्म भनिन्छ। गरू कर्मलाई अरू कुनै पनि कर्मबाट मरणासन्न कालमा उत्पत्ति भई फल दिनबाट रोक्न नसकिने भएकोले मरणासन्न कालमा उत्पत्ति हुने जवनहरूले तिनै कुशल वा अकुशल गरूकर्मलाई नै आलम्वनको रूपमा ग्रहण गर्ने हुन्छ र सोही अनुसार पंचमहापाप कर्म गरेका व्यक्तिले त्यसपछि जतिसुकै ठूलो दान पुण्य कर्म सम्पादन गरी आएतापनि मरणासन्न कालमा अन्य दान पुण्य कुशल कर्मलाई आलम्वन गर्न नसक्ने भएकोले मृत्युपछि निश्चित रूपमा दुर्गतिमा पतन हुन पुग्दछ। होइन, सो व्यक्तिले ध्यान भावनाको अभ्यासगरी रूप ध्यान वा अरूप ध्यान लाभ गर्न सफल भएको छ भने उक्त ध्यान कुशल लाभ गर्नुभन्दा अगाडि सो व्यक्तिले जे जस्तो अकुशल कर्महरू गरी आएको भए पनि ती अकुशल कर्महरूले निजलाई मरणासन्न कालमा फल दिन आउन नसक्ने गरी उक्त गरू कुशल कर्मले प्रभावकारी ढंगबाट रोकिदिने भएकोले त्यस्ता व्यक्तिको मरणासन्न जवनहरूले सोही रूप ध्यान वा अरूप ध्यान कुशल कर्मलाई नै आलम्वनको रूपमा ग्रहण गरी मृत्यु पश्चात् कुशल कर्मको सोही विपाक स्वरूप उक्त ध्यान लाभी पुद्गल भए कर्मको फल अनुसारको उपयुक्त रूप ब्रम्हलोक वा अरूप ब्रम्हलोक वा शुद्धावास भूमिका ब्रम्हलोकमा प्रतिसन्धि ग्रहण गरी सुगतिमा पुनर्जन्म ग्रहण गर्न पुग्दछन्।

आसन्न कर्म भन्नाले आफ्नो जीवनमा सम्पादन गरी आएका अनगिन्ति कर्महरू मध्ये मरणासन्नकालमा सम्झन पुगिने कुशल वा अकुशल कर्मलाई जनाउंदछ। यदि मरणासन्न व्यक्तिले कुनै प्रकारको गरू कुशल वा अकुशल कर्म सम्पादन गरेको रहेनछ भने निजले आफ्नो मृत्यु हुनुभन्दा तत्काल अगाडि



Downloaded from http://dhamma.digital

पूर्वकृत कर्महरू वा तत्काल अघि मात्र सम्पादन गरेका कर्ममध्ये कुनै एक कुशल वा अकुशल आसन्न कर्मलाई आलम्वनको रूपमा ग्रहण गर्न सकिने सम्भावना रहन्छ। जस्तो बर्षभरि नै अध्ययनमा ध्यान नदिने विद्यार्थीले अन्तिम परीक्षाको लागि परीक्षा भवनमा प्रवेश गर्नुभन्दा केही क्षण अघि मात्र केही पाठ हेर्न पुगेको रहेछ र सोही पाठको प्रश्न परीक्षामा पनि सोधिएको रहेछ भने एक पटक मात्र हेरेको सो पाठलाई पनि हुबहु सम्भना गरी कुनै कुनै विद्यार्थीले परीक्षामा राम्रोसंग उत्तर दिन सफल हुन सकिने केही सम्भाव्यता रहे भैं जीवनभरि कुशल वा अकुशल जे जस्ता कर्महरू गरिआएको भएतापनि पापी व्यक्तिले पनि मरणासन्न कालमा कुशल कर्म गरी वा कुशल कर्मलाई सम्भना गरी सोही आसन्न कुशल कर्मलाई नै आलम्वन ग्रहण गरी मृत्यु भएमा निजको पुनर्जन्म सुगति लोकमा हुन पुग्दछ भने जतिसुकै कुशल कर्म दान शीलादि पुण्य गर्दै आएका पुण्यात्मा व्यक्तिले पनि मरणासन्न कालमा अकुशल कर्मलाई सम्पादन गर्न पुगी सोही अकुशल आसन्न कर्मलाई आलम्वन ग्रहण गरी मृत्यु भएमा निजको पुनर्जन्म अकुशल कर्मको उपयुक्त विपाक अनुरूपको कुनै न कुनै अपाय गति दुर्गति लोकमा हुन पुग्ने सम्भावना प्रवल रहन्छ।

मरणासन्न जवनहरूले जीवनको अन्तिम घडीमा आलम्वन ग्रहण गर्ने तिनै कर्म, कर्म निमित्त वा गति निमित्तले मृत्युपछिको पुनर्जन्म हुने गति, लोक र योनिलाई निर्धारण गर्ने भएकोले सुगतिका इच्छा गर्ने लोकजनहरूले जीवनको अन्तिम घडीमा मरणासन्न कालमा लोभ, द्वेष मोहादि अकुशल मूललाई हटाई दान शील भावनादि कुशल कर्मलाई नै मात्र उत्पत्ति गराउन स्मृति सम्प्रजन्य भई सदैव सजग, सचेत र प्रयत्नशील रहनु आवश्यक हुन्छ। कुशल वा अकुशल आसन्न कर्महरूको विपाक स्वरूप पुण्यात्माहरूले दुर्गतिमा र पापीहरूले सुगतिमा प्रतिसन्धि ग्रहण गर्न पुगेका कैयौं उदाहरणहरू बुद्धधर्मका ग्रन्थहरूमा मनग्गे भेटिन्छन्। यसबाट अप्रमादको बुद्धोपदेशको महत्वलाई जान्न सकिन्छ।

आचिन्न कर्म भन्नाले जीवनभरि नै दैनिक रूपमा, नियमित रूपमा अभ्यास, आचरण र अनुशरण गरीआई मरणासन्न कालसम्म पनि सम्भना राख्ने गरिएका कुशल वा अकुशल कर्महरूलाई जनाउंदछ। मरणासन्न जवनहरूले आसन्न कर्मलाई आलम्वनको रूपमा ग्रहण नगरेमा मरणासन्न व्यक्तिले आफ्नो जीवनभरि नियमित रूपमा दैनिक रूपले आचरण, अभ्यास र अनुगमन गरी आएका कुशल वा अकुशल कर्महरूमध्ये नै कुनै न कुनै एक कर्मलाई आचिन्न कर्मको रूपमा सम्भना गरी सोही कर्मलाई आलम्वनको रूपमा ग्रहण गरी मृत्युपछि उक्त कर्मको विपाक अनुसारको लोकमा पुनर्जन्म ग्रहण गर्न पुग्दछ। जस्तो बर्षभरिनै अत्यन्त मेहनत गरी लेखपढ गरिआएका अध्ययनशील जेहेन्दार विद्यार्थीले आफ्ना सबै पाठहरूलाई कण्ठस्थ पारिराख्ने भएकोले अन्तिम परीक्षामा उपस्थित हुंदा आफूले कण्ठस्थ हुनेगरी घोकिराखेका पाठहरूलाई सजिलैसंग सम्भना राखी जुनसुकै प्रश्नको उत्तर पनि राम्रोसंग पूर्ण आत्मविश्वासका साथ



Downloaded from http://dhamma.digital

उत्तर पुस्तिकामा लेखी परीक्षामा सजिलै उत्तीर्ण हुने सम्भावना अत्यन्त बढी हुन्छ त्यसरी नै व्यवहारिक जीवनमा पनि कुनै पनि व्यक्तिले दैनिक रूपमा नियमित किसिमले जीवनको अभिन्न अंग र शैलीको रूपमा आफूले नित्य अभ्यास, आचरण र धारण र पालन गरिआएका कुशल वा अकुशल कर्महरूलाई नै मरणासन्न कालमा सजिलै सम्झना गरी निजका मरणासन्न जवनहरूले ती नै कुशलाकुशल आचिन्न कार्य कर्ममध्ये कुनै न कुनै कार्य कर्मलाई कर्म, कर्म निमित्त वा गति निमित्तको रूपमा आलम्वन ग्रहण गरी मृत्यु हुने व्यवहारिक सम्भावना ज्यादै नै बढी हुने भएकोले कुशल कर्महरू गरी पुण्यात्माको कुशलमंगल लोकोपकारी जीवन व्यतीत गरिआएका व्यक्तिले मृत्युपछि स्वाभाविक रूपमा सहजै सुगति लोकमा पुनर्जन्म ग्रहण गर्न पुग्ने सम्भाव्यता बढी हुन्छ भने अकुशल कर्महरू गरी पापी जीवन जिउने व्यक्ति मृत्युपछि अपाय गतिमै पतन हुन पुग्ने सम्भाव्यता अधिक हुने देखिन्छ। त्यसैले बुद्ध धर्ममा जीवनभर बढी से बढी कुशल कर्महरू सम्पादनमा निरालसी भई लाग्न प्रबल प्रेरणा र प्रोत्साहन दिइएको पाइन्छ। कटत्ता कर्म भनेको जीवनमा कहिलेकाहीं सम्पादन गरेका कुशलाकुशल कर्मलाई भनिन्छ जसलाई व्यक्तिले बिर्सी पनि सकेको हुन्छ। अन्य कर्मले फल नदिएमामात्र कटत्ता कर्मले मरणासन्न कालमा फल दिन आइपुग्ने सम्भावना रहन्छ। *(हेर्नोस् - The Buddha and His Teachings by Narada Thera, 4th Edition, 1998, Buddhist Missionary Society, Malaysia, Chapter 28 र सङ्खार भाजनी, अनु. भिक्षु प्रज्ञानन्द महास्थविर, वि.सं. २०४० पृष्ठ ८१-९० र महाजयमंगल पाठ, अनु. ऊ प्रज्ञानन्द भिक्खु, वि.सं. २००३ पृष्ठ २१-३०।)*

बुद्धधर्मको अवलम्वन गरिआएका मुलुकहरूका श्रद्धालु बुद्ध धर्मावलम्बीहरूमा यसैकारणले आफ्ना प्रिय ज्ञाति बन्धुहरू अशक्त बिरामी भई मरणासन्न कालमा आइपुग्दा अकुशल कर्महरू उत्पत्ति भई दुष्फल दिन नसकोस् भन्नका खातिर मरणासन्न व्यक्तिलाई त्रिरत्नको गुणानुस्मरण गराइरहने, कुशल कर्महरूको सम्झना गरिराख्न प्रेरित गरिरहने र भिक्षु संघलाई आमन्त्रण गरी दान पुण्य पाठ गराईराख्ने प्रचलनले व्यापकता प्राप्त गरेको देखिन्छ।

प्राकृतिक स्वभावकै कारण सामान्यतः सत्व प्राणीहरूलाई कुशल कर्म गर्नुभन्दा अकुशल कर्म गर्न सजिलो पर्ने भएकोले पनि आ-आफ्ना जीवनमा अकुशल मूललाई दमन गरी कुशल मूलको संग्रह गर्नका लागि अप्रमादी भई कुशल र अकुशल कर्मका विपाकलाई आफ्नै ज्ञान, आचरण र अभ्यासबाट राम्ररी जानी, बुझी, अनुभव गरी दुर्लभ रहेको मनुष्य जुनीलाई बढीभन्दा बढी सत्कर्म, पुण्य कार्य र कुशल कर्मको सम्पादन, संकलन र संचयमा सदैव प्रवृत्त र प्रोत्साहित गरी राख्नु उत्तम हुन्छ, बुद्धिमानी हुन्छ र सार्थक हुन्छ। यस लोकको जीवनपछि पनि सुगतिलोकमा पुनर्जन्म गराउने हेतुको निश्चितताको लागि यही नै एक अनुपम उपाय र मार्ग हुन जान्छ। शाक्यमुनि तथागतको गम्भीर धर्म र दर्शनको उपदेशलाई संग्रह गरिएको अभिधर्मको ज्ञान र आलोकले नै लोकजनको



Downloaded from http://dhamma.digital

प्रज्ञा ज्ञानलाई प्रवल, परिपक्व र परिपूर्ण बनाई सुगतिको निश्चिततताका लागि मानिसहरूलाई निकै सघाउ पुऱ्याउन मद्दत पुऱ्याउंदछ । धम्मपदमा भगवान् बुद्धले आज्ञा भएको पनि छः-

**"अभित्थरेथ कल्याणे पापा चितं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं पापस्मिं रमतीमनो ॥"**

धम्मपद, पाप वग्गो (९-१)

*अर्थात्*

चाँडै चाँडै कुशल कर्महरू सम्पादन गर । पापबाट चित्तलाई हटाऊ । ढीलो गरी पुण्य गर्दा पापमा मन आशक्त हुन सक्दछ ॥

**"पापञ्चे पुरिसो कयिरा, न तं कयिरा पुनप्पुनं ।**
**न तम्हि छन्दं कयिराथ, दुक्खो पापस्स उच्चयो ॥"**

धम्मपद, पाप वग्गो (९-२)

*अर्थ*

मानिसबाट यदि पाप भएको छ भने पनि त्यस्तो (पाप) लाई बारबार नगरोस् । पापमा अभिरत नरहोस् । किनभने पापका संचय अत्यन्त दुःखदायक हुन्छ ।

सामान्य लोकजनहरूमा प्रज्ञा ज्ञान भएका मानिसहरू अल्प मात्र हुने भएकोले सुगति स्वर्गलोकमा पुग्ने व्यक्तिहरू पनि थोरै मात्र हुने सत्यलाई प्रकाश पार्दै धम्मपद, लोक वग्गोमा भगवान् बुद्धले भन्नु भएको छः-

**"अन्ध भूतो अयं लोको तनुकेत्थ विपस्सति ।**
**सकुन्तो जालमुत्तो' व अप्पो सग्गाय गच्छति ॥"**

धम्मपद, लोक वग्गो (१३-७)

*अर्थात्*

अन्धा भईरहेका यी लोकजनहरूमध्ये ज्ञान रूपी चक्षु भएका पुद्‌गलहरू थोरै मात्र हुन्छन् । एक पटक शिकारीको जालमा परिसके पनि उक्त जालबाट फुत्केर मुक्त भएर जान सक्ने पंक्षीहरू थोरै मात्र रहेझैं थोरै मात्र व्यक्तिहरू स्वर्गलोकमा जाने हुन्छन् ।

कुशलाकुशल कर्महरूलाई संगाल्दै बारंबार भवचक्रमा घुम्दै रहंदा बेला बेलामा अपाय दुर्गति विनिपात र नरक गतिसम्ममा पनि उत्पत्ति हुनुपर्ने र हुन सकिने दुःखको सम्भाव्यता संसार सागरमा तैरिरहेका सत्व प्राणीहरूको जीवनमा सदैव अन्तरनिहित नै रहिरहने हुन्छ । तसर्थ दुःखलाई सांच्चिकै मन नपराउने हो भने सत्व प्राणीहरूले जतिसक्यो चाँडो सांसारिक मार्गलाई परित्याग गरी अप्रमादीपूर्वक निर्वाण धर्मलाई प्राप्त गराउने आर्य मार्ग र पथलाई अनुकरण, अनुशरण र अभ्यास गर्नुमा नै आफ्नो लाभ र हित रहेको सत्य तथ्यलाई हृदयङ्गम गर्नु आवश्यक हुन्छ ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले आज्ञा भएको छ:-

**"मत्तासुख परिच्चागा पस्से चे विपुलं सुखं ।**
**चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ॥"**

धम्मपद, पकिण्णक वग्गो (२१-१)

*अर्थात्*

महान् विपुल सुखका लागि अल्प सुखलाई परित्याग गर्नु पर्दछ । तसर्थ धैर्यवान् ज्ञानी पण्डितजनहरूले निर्वाणमै परम सुख शान्ति, विपुल सुखशान्तिलाई देखेर सांसारिक सुखरूपी अल्प सुख, थोरै सुखलाई त्याग गर्दछन् ।

बुद्धधर्मको सार नै हो:-

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियो दपनं, एतम् बुद्धानुसासनं ॥"**

धम्मपद, बुद्धवग्गो (१४-४)

*अर्थात्*

सबै प्रकारका अकुशल पापबाट विरत रहनु, कुशल कार्य पुण्य जति सबैलाई संचित गर्नु एवम् आफ्ना चित्तलाई दर्पण सरह निर्मल र परिशुद्ध राख्नु यही नै बुद्धहरूका शिक्षा हुन् ।

अभिधर्मको गहिरो अध्ययन, आचरण र अभ्यासबाट उपर्युक्त जीवनोपयोगी बुद्धको शिक्षालाई आफ्नो जीवनको प्रत्येक घडीमा उतार्न प्रशस्त वल र प्रोत्साहन मिल्ने गरेको अनुभव ज्ञानी पण्डित विज्ञहरूको छ । - अस्तु ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# परिशिष्टहरू

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

भाग–२

# पञ्चशील प्रार्थना सहित त्रिरत्न वन्दना

त्रिरत्नलाई सश्रद्धा आफ्नो देहलाई अर्पण गरी जीवनभरका लागि शरण ग्रहण गर्ने विधिः-

१) अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ॥
३) अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि ।
५) जीवित परियन्तिकं धम्मं सरणं गच्छामि ॥
६) जीवित परियन्तिकं सङ्घं सरणं गच्छामि ॥

१) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ।
३) दुतियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) दुतियम्पि जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि ।
५) दुतियम्पि जीवित परियन्तिकं धम्मं सरणं गच्छामि ।
६) दुतियम्पि जीवित परियन्तिकं सङ्घं सरणं गच्छामि ॥

१) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं बुद्धस्स निय्यादेमि ।
२) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं धम्मस्स निय्यादेमि ।
३) ततियम्पि अज्ज आदिं कत्वा अहं अत्तानं सङ्घस्स निय्यादेमि ॥
४) ततियम्पि जीवित परियन्तिकं बुद्धं सरणं गच्छामि ।
५) ततियम्पि जीवित परियन्तिकं धम्मं सरणं गच्छामि ।
६) ततियम्पि जीवित परियन्तिकं सङ्घं सरणं गच्छामि ॥

*अर्थ*

१) आजदेखि म आफ्नो देहलाई बुद्ध समक्ष अर्पण गर्दछु ।
२) आजदेखि म आफ्नो देहलाई धर्म समक्ष अर्पण गर्दछु ।
३) आजदेखि म आफ्नो देहलाई सङ्घ समक्ष अर्पण गर्दछु ॥
४) जीवन रहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) जीवन रहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) जीवन रहेसम्मको लागि म सङ्घको शरणमा जान्छु ॥

१) द्वितीयवार आजदेखि म आफ्नो कायलाई बुद्धलाई अर्पण गर्दछु ।
२) द्वितीयवार आजदेखि म आफ्नो कायलाई धर्मलाई अर्पण गर्दछु ।
३) द्वितीयवार आजदेखि म आफ्नो कायलाई सङ्घलाई अर्पण गर्दछु ॥



Downloaded from http://dhamma.digital

४) द्वितीयवार जीवन रहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) द्वितीयवार जीवन रहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) द्वितीयवार जीवन रहेसम्मको लागि म सङ्घको शरणमा जान्छु ॥

१) तृतीयवार आजदेखि म आफ्नो शरीरलाई बुद्धसमक्ष अर्पण गर्दछु ।
२) तृतीयवार आजदेखि म आफ्नो शरीरलाई धर्मसमक्ष अर्पण गर्दछु ।
३) तृतीयवार आजदेखि म आफ्नो शरीरलाई सङ्घसमक्ष अर्पण गर्दछु ॥
४) तृतीयवार जीवनरहेसम्मको लागि म बुद्धको शरणमा जान्छु ।
५) तृतीयवार जीवनरहेसम्मको लागि म धर्मको शरणमा जान्छु ।
६) तृतीयवार जीवनरहेसम्मको लागि म सङ्घको शरणमा जान्छु ॥

*द्रष्टव्य :-*

*१) एक पटक जीवनभरका लागि बुद्ध, धर्म र सङ्घको शरण ग्रहण गरी आजीवन उपासकत्व/उपासिकात्व ग्रहण गरिसकेपछि आफैंले त्रिरत्न शरणगमनलाई परित्याग नगरेसम्मका लागि सो त्रिरत्न शरणगमन जीवन कालसम्मका लागि नै स्थिर भएर रहन्छ ।*
*२) जति जति लामा अवधिसम्मका लागि शरणगमन कायम रहन्छ त्यति त्यति नै त्रिशरण गमनको महानिशंस फल प्राप्त हुन्छ ।*
*३) अतः सुगतिका अभिलाषी लोकजनले जीवनमा जति सक्यो उति चाडो त्रिरत्न प्रति निश्चल अटल श्रद्धाका साथ जीवनभरिका लागि नै शरण ग्रहण गर्नु परम हितकारी हुन्छ । यही नै बौद्ध विश्वास हो ।*

# त्रि-शरण सहित पंचशील प्रार्थना गर्ने विधि

## सर्वप्रथम पापदेशना र क्षमा प्रार्थना

उपासक/उपासिका : "ओकासद्वार तयेन कत्तं सव्वं अपराधं खमथ मे भन्ते !"
*(तीन पटक प्रार्थना गर्ने)*
*अर्थ*
भन्ते ! काय, वाक्य र चित्त- तीनैद्वार मार्फत मैले गरेका सम्पूर्ण मेरा अपराधहरूलाई क्षमा गरिदिनुहोस् ।
भिक्षु : *(भन्ते भएमा उहाँले भन्नुहुनेछ)* "खमामि, खमामि, खमामि ।"
*अर्थ*
क्षमा भयो ! क्षमा भयो ! क्षमा भयो !
*(भन्तेले आशीर्वाद दिनुहुनेछ)* : "आयु आरोग्य सम्पत्ति, सग्ग सम्पत्ति मेव च ।
अथ निब्बान सम्पत्ति, इमिना ते समिज्झतु ॥
*अर्थ*
आयु आरोग्य सम्पत्ति, स्वर्गको सम्पत्ति र निर्वाण सम्पत्ति समेत तिमीलाई प्राप्तहोस् ।



Downloaded from http://dhamma.digital

# पञ्चशील प्रार्थना

उपासक/उपासिका : "अहं भन्ते ! तिसरणेन सह पञ्चसीलं धम्मं याचामि, अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"

*द्रष्टव्य : अष्टशील प्रार्थना गर्ने उपासक/उपासिकाले निम्नानुसार प्रार्थना गर्नु पर्ने हुन्छ* - "अहं भन्ते ! तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ सीलं धम्मं याचामि, अनुग्गहं कत्वा सीलं देथ मे, भन्ते ।"

दुतियम्पि ................. ततियम्पि ...................।
"दुतियम्पि अहं भन्ते ! तिसरणेन सह पञ्चसीलं धम्मं याचामि, अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"
"ततियम्पि अहं भन्ते ! तिसरणेन सह पञ्चसीलं धम्मं याचामि, अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"

*अर्थ*

भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शील प्रदान गर्नुहोस् ।
द्वितीयवार पनि भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शील प्रदान गर्नुहोस् ।
तृतीयवार पनि भन्ते ! म त्रिशरणसहित पञ्चशील धर्मलाई माग्दछु । अनुकम्पापूर्वक मलाई शील प्रदान गर्नुहोस् ।

भिक्षु - "यमहं वदामि तं वदेथ" ।

*अर्थ*

मैले भनेजस्तै तिमीले पनि भन ।

उपासक/उपासिका - "आम भन्ते" ।

*अर्थ*

हवस् भन्ते ।

भिक्षु - "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

*अर्थ*

उहाँ भगवान् अर्हन्त सम्यक् सम्बुद्धलाई नमस्कार ।

*(उपासक/उपासिकाले तीन पटकसम्म दोहो-याएर भन्नुपर्दछ । )*

# त्रिशरण गमन

"बुद्धं सरणं गच्छामि । धम्मं सरणं गच्छामि । सङ्घं सरणं गच्छामि । दुतियम्पि बुद्धं सरणं गच्छामि । दुतियम्पि धम्मं सरणं गच्छामि । दुतियम्पि सङ्घं सरणं गच्छामि ।



Downloaded from http://dhamma.digital

ततियम्पि बुद्धं सरणं गच्छामि । ततियम्पि धम्मं सरणं गच्छामि । ततियम्पि सङ्घं सरणं गच्छामि ।"

*अर्थ*

बुद्धको शरणमा जान्छु । धर्मको शरणमा जान्छु । सङ्घको शरणमा जान्छु ।

दोश्रोवार पनि बुद्धको शरणमा जान्छु । दोश्रोवार पनि धर्मको शरणमा जान्छु । दोश्रोवार पनि सङ्घको शरणमा जान्छु ।

तेश्रोवार पनि बुद्धको शरणमा जान्छु । तेश्रोवार पनि धर्मको शरणमा जान्छु । तेश्रोवार पनि सङ्घको शरणमा जान्छु ।

भिक्षु : "तिसरणगमनं परिपुण्णं ।"

*अर्थ*

त्रिशरण गमन पूर्ण भयो ।

उपासक/उपासिका : "आम भन्ते "

*अर्थ*

हवस् भन्ते ।

१) "पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ*- प्राणी हिंसा नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

२) "अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* - नदिइकन नलिने अर्थात् चोरी गरी नलिने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

३) "कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* - काम मिथ्याचार (अर्थात् पर स्त्री/परपुरूष गमन=व्यभिचार) नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

४) "मुसावादा वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* - झुठो कुरो, असत्य वचन नबोल्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

५) "सुरामेरय मज्ज पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* - जाँड रक्सी आदि लाग्ने कुनै पनि मादक पदार्थ र लागू पदार्थलाई सेवन नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

भिक्षु : "तिसरणेन सह पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।"

*अर्थ*

त्रिशरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित राखी अप्रमादीपूर्वक पालन गर ।

उपासक/उपासिका : साधु ! साधु !! साधु !!!

*(पञ्चशील ग्रहण गर्ने विधि समाप्त भयो)*



Downloaded from http://dhamma.digital

**अष्टशील प्रार्थना गर्ने उपासक/उपासिकाले प्रार्थना गर्नु पर्ने थप शिक्षापदहरू:-**

३) "अब्रम्हचरिया वेरमणी सिक्खापदं समादियामि ।"

*(यो पञ्चशीलको शिक्षापद नं. ३ को ठाउँमा अष्टशील ग्रहण गर्ने व्यक्तिले प्रार्थना गर्ने शिक्षापद हो ।)*

*अर्थ* : अब्रम्हचर्य छाड्ने (अर्थात् ब्रम्हचर्य धर्मलाई नबिगार्ने शील पालन गर्ने) शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

६) "विकाल भोजना वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* : विकालमा (अर्थात् अपरान्ह १२ बजेभन्दा पछि) भोजन नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

७) "नच्च-गीत-वादित-विसूकदस्सना-माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* : नृत्य, गीत, वाद्यवादन, अकुशल विविध दृष्य दर्शन (अर्थात् नाच्ने, गाउने, बाजा बजाउने, बाजा फुक्ने, नराम्रा उत्तेजनात्मक अकुशल विविध दृष्यहरू हेर्ने) माला-सुगन्ध-विलेपन-विभूषणादि श्रृङ्गार पदार्थहरू आदि प्रयोग नगर्ने (अर्थात् माला लगाउने, टिका लगाउने, अत्तर आदि पाउडर हाल्ने, गहना आदि श्रृङ्गारपटारका सामानहरू प्रयोग नगर्ने) शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

८) "उच्चासयन महासयना वेरमणी सिक्खापदं समादियामि ।"

*अर्थ* : उँचो, ठूलो र विलासतापूर्ण शयनासन (अर्थात् भव्य ओढ्ने ओछ्याउने अति कोमल डसना पलंगादि विलासिताका सामानहरू) प्रयोग नगर्ने शिक्षापदलाई राम्ररी पालन गर्दछु ।

भिक्षु : "तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ सीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।"

*अर्थ* : त्रिशरण सहित आठ अङ्गबाट सम्पन्न भएको अष्टशील धर्मलाई राम्ररी सुरक्षित राखी अप्रमादीपूर्वक पालन गर ।

उपासक/उपासिका : साधु ! साधु !! साधु !!!

*(अष्टशील ग्रहण विधि समाप्त)*

*द्रष्टव्यः*

*१) पालि वाङमयमा "धन्य छ, राम्रो छ, वेश छ, असल छ, बढिया छ, हुन्छ सोही अनुसार गर्छु, स्यावास" भन्ने इत्यादि भाव र उद्गार व्यक्त गर्नका लागि, सहर्ष "समर्थन" र "अनुमोदन" गर्न र "बधाइ" ज्ञापन र तारीफ र प्रशंसा आदि गर्नुपर्ने ठाउँमा समेत "साधु" "साधु" "साधु" भन्ने शब्दहरूको प्रयोग गरिन्छ ।*

*२) साधुकार दिंदा ३ पटक साधुकार दिने प्रचलन छ ।*



Downloaded from http://dhamma.digital

# त्रिरत्न वन्दना

## बुद्ध वन्दना

*(बुद्धका गुणहरूलाई अनुस्मरण गरी तथागतलाई गरिने वन्दना)*

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स" ।**

*अर्थ*

**उहाँ भगवान् अरहन्त सम्यक् सम्बुद्धलाई नमस्कार ।**

**"इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी, सत्था-देव-मनुस्सानं, बुद्धो, भगवा'ति ।"**

*अर्थ*

उहाँ तथागत गौतम बुद्ध भगवान् अरहन्त, सम्यक् सम्बुद्ध, विद्या र आचरणबाट सम्पन्न, राम्ररी निर्वाण प्राप्त सुगत, सत्व, संस्कार र ओकास तीनै लोकका ज्ञाता=विज्ञ, लोक दमन गर्न अनुत्तर अनुपम पुरूषदम्य सारथी, ब्रम्हा-देव-मनुष्यहरूका गुरु शास्ता, चतुरार्य सत्यको राम्ररी ज्ञान प्राप्त बुद्ध, ६ थरी नै भाग्य र अनन्त गुणबाट सम्पूर्ण भगवान् हुनुहुन्छ ।

**"नमो तस्स सम्मासम्बुद्धस्स"**

*अर्थ*

**नवाङ्ग गुणहरूबाट सम्पन्न हुनु भएका उहाँ सम्यक् सम्बुद्धलाई नमस्कार ।**

**"ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।**
**पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥"**

*अर्थ*

पहिलेका अतीत बुद्धहरूलाई, भविष्यमा उदय हुने बुद्धहरूलाई र अहिले वर्तमान कालमा हुनुभएका बुद्धहरूलाई पनि म सदैव वन्दना गर्दछु ।

**"नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।**
**एतेन सच्च वज्जेन, होतु मे जयमङ्गलं ॥"**

*अर्थ*

अरू कसैको शरण छैन मलाई, बुद्धको शरण नै मात्र उत्तम छ मलाई । यो सत्य वचनको आनुभावबाट, जय मंगल होस् मलाई ॥

**"उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं ।**
**बुद्धे यो खलितो दोसो, बुद्धो खमतु तं ममं ।**
**बुद्धं जीवित परियन्तं सरणं गच्छामि ॥"**

*अर्थ*



Downloaded from http://dhamma.digital

सम्यक् सम्बुद्ध उहाँको पैतालाको धूलोलाई पनि उत्तम सम्भी शिरबाट वन्दना गर्दछु । बुद्धका प्रति मैले केही अपराध गरिराखेका भएमा बुद्धले त्यसलाई क्षमा गर्नुहोस् । म आजीवन बुद्धको शरणमा जान्छु ।

## धर्म वन्दना

*(धर्मका गुणहरूलाई अनुस्मरण गरी गरिने धर्म वन्दना)*

**"स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञूही'ति ।"**

*अर्थ*

भगवान् बुद्धले अतीतकाल, अनागत काल र वर्तमान् कालमा समेत कल्याण हुने किसिमले देशना गर्नुभएको दश धर्मलाई अर्थ र व्यञ्जन समेत प्रष्ट हुने गरी राम्ररी व्याख्यान गर्नुभएको हुंदा सुआख्यात छ, बुद्धोपदेशित नव (९) लोकोत्तर धर्महरूले यहाँको यहीं फल दिने भएकोले सांद्रिष्टिक छ, समय नबित्दैमा फल दिने भएकोले अकालिक छ, यहाँ आएर हेर्न आऊ भनी बोलाएर देखाउन योग्य भएकोले एहिपश्यिक छ, निर्वाणसम्म राम्ररी पुऱ्याइदिने भएकोले ओपनयिक छ, र प्रज्ञावान्हरूले स्वयं आ-आफैले अनुभव गरी जान्न बुझ्न योग्य धर्म हुंदा पच्चत्तं वेदितब्बो विञ्ञूहि हो ।

**"नमो तस्स निय्यानिकस्स धम्मस्स ।"**

*अर्थ*

त्यस्तो निर्वाणसम्म पुऱ्याइदिने नव (९) लोकोत्तर धर्मलाई नमस्कार ।

**"ये च धम्मा अतीता च, ये च धम्मा अनागता,**
**पचुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ।"**

*अर्थ*

पहिले भएका जिनधर्मलाई पनि, पछि भविष्यमा हुने धर्मलाई पनि, अहिले विद्यमान रहेको धर्मलाई पनि, म सदैव वन्दना गर्दछु ।

**"नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं,**
**एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ।"**

*अर्थ*

अरू केही शरण छैन मलाई, धर्मको शरण मात्र उत्तम छ मलाई,
यो सत्य वचनको आनुभावबाट, जय मंगल होस् मलाई ।

**"उत्तमङ्गेन वन्देहं, धम्मञ्च दुविधं वरं,**
**धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ।**
**धम्मं जीवितपरियन्तं सरणं गच्छामि ॥"**

*अर्थ*



Downloaded from http://dhamma.digital

लौकिक र लोकोत्तर दुइटै धर्मलाई पनि म शिरबाट वन्दना गर्दछु। धर्मका प्रति मेरा केही अपराध भएमा धर्मले त्यसलाई क्षमा गरोस्। म आजीवन धर्मको शरणमा जान्छु।

## संघ वन्दना

*(संघका गुणहरूलाई अनुस्मरण गरी संघलाई गरिने वन्दना)*

**"सुपटिपन्नो भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावकसंघो, सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठ पुरिसपुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेतं लोकस्सा'ति।"**

*अर्थ*

भगवान् बुद्धका श्रावक संघहरू बुद्धले उपदेश गर्नुभएजस्तै राम्ररी आचरण गर्नुहुने हुंदा सुप्रतिपन्न छन्। भगवान् बुद्धका श्रावक संघहरूले आर्य अष्टाङ्गिक मार्गमा सोझो आचरण गर्नुहुने भएकोले ऋजुप्रतिपन्न छन्। भगवान् बुद्धका श्रावक संघहरूले निर्वाणको हेतु योग्य रूपले आचरण गर्नुहुने भएकोले न्याय प्रतिपन्न छन्। भगवान् बुद्धका श्रावक संघहरूले आदर सत्कार गर्न योग्य किसिमले आचरण गर्नुहुने भएकोले सामीचिप्रतिपन्न छन्। मार्ग चार र फल चारका हिसाबले जम्मा चार जोडा वा व्यक्तिका हिसाबले आठ उत्तम पुद्गलहरूले युक्त भगवान् बुद्धका श्रावक संघहरू छन्। बुद्धका यी श्रावक संघहरू सश्रद्धा निमन्त्रणा गर्न योग्य छन्। अतिथिका रूपमा सत्कार गरी पूजा गर्न योग्य छन्। निर्वाणसम्मको कामना गरी दान दक्षिणा दिन योग्य छन्, दशाञ्जली जोडी नमस्कार गर्न योग्य छन् र लोकजनहरूका लागि निर्वाणसम्मको कामना गरी पुण्य बीज रोप्न हुने अनुपम पुण्य क्षेत्र हुन्।

**"नमो तस्स अट्ठारिय पुग्गल महासंघस्स।"**

*अर्थ*

यस्ता अष्ट आर्य पुद्गलहरूको महासंघहरूलाई नमस्कार।

**"ये च संघा अतीता च, ये च संघा अनागता,**
**पच्चुप्पना च ये संघा, अहं वन्दामि सब्बदा।"**

*अर्थ*

अतीतकालका श्रावक संघहरूलाई पनि, भविष्य कालका श्रावक संघहरू-लाई पनि, वर्तमान कालका श्रावक संघहरूलाई पनि, म सदैव वन्दना गर्दछु।

**"नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं,**
**एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं।"**

*अर्थ*

अरू केही शरण छैन मलाई, संघकै शरण मात्र उत्तम छ मलाई, यो सत्य वचनको आनुभावबाट जयमंगल होस् मलाई।



Downloaded from http://dhamma.digital

**उत्तमङ्गेन वन्देहं, संघञ्च तिविधुत्तमं,**
**संघे यो खलितो दोसो, संघो खमतु तं ममं,**
**संघं जीवित परियन्तं सरणं गच्छामि ॥**

*अर्थ*

तीनै प्रकारका उत्तम श्रावक संघहरूलाई पनि म शिरबाट वन्दना गर्दछु । श्रावक संघहरूप्रति मेरा केही अपराध भएमा संघहरूबाट त्यसलाई क्षमा रहोस् । म आजीवन संघको शरणमा जान्छु ।

# विविध आमिस पूजा विधि

## जल पूजा

**"अधिवासेतु नो भन्ते, पानीयं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥१॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई परिशुद्ध जल अर्पण गर्दैछु । स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ॥१॥

## पुष्प पूजा

**"वण्णगन्ध गुणोपेतं, एतं कुसुम सन्ततिं ।**
**पूजयामि मुनिन्दस्स, सिरिपाद सरोरुहे ॥२॥**

*अर्थ*

राम्रा वर्ण र सुगन्धले युक्त यी फूलहरूबाट शाक्य मुनिन्द्र तथागतका श्री चरणमा पूजा गर्दै छु ।

**"पूजेमि बुद्धं कुसुमेन नेन, पुञ्ञेन मेतेन च होतु मोक्खं ।**
**पुप्फं मिलायाति यथा इदम्मे, कायो तथा याति विनासभावं ॥२॥"**

*अर्थ*

यी फूलहरूबाट बुद्धलाई पूजा गर्दैछु । यसको पुण्यबाट मलाई मोक्ष प्राप्त होस् । यी फूलहरू ओइलाएर गए जस्तै मेरो यो शरीर पनि विनाश भएर जानेछ ।

## धूप पूजा

**गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।**
**पूजये पूजनेय्यानं, पूजाभाजन मुत्तमं ॥३॥"**

*अर्थ*

पूजाका लागि उत्तम पात्र हुनुभएका पूजनीय श्रेष्ठोत्तम भगवान् बुद्धलाई यो सुगन्धयुक्त धूपबाट पूजा गर्दैछु ॥३॥



Downloaded from http://dhamma.digital

## प्रदीप पूजा

**"घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।**
**तिलोक दीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥४॥"**

*अर्थ*

त्रिलोकका प्रकाश हुनुभएका सम्यक् सम्बुद्धलाई अन्धकार नाश गर्ने चन्दनादि प्रदीपबाट पूजा गर्दैछु ।

## भोजन पूजा◆◆

**"अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥५॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई प्रणित भोजन अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ॥५॥

## व्यञ्जन पूजा◆

**"अधिवासेतु नो भन्ते, व्यञ्जनं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥६॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई अनेक प्रकारका व्यञ्जन अर्पण गर्दैछु । स्वीकार गर्नुहोस । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस ।

## खाद्य पूजा◆

**"अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥७॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई अनेक प्रकारका खाद्यवस्तुहरू अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ।

## स्कन्धमूल पूजा (फलफूल पूजा)◆

**"अधिवासेतु नो भन्ते, फलानि उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ॥८॥"**

*अर्थ*

हे भगवान् ! हजूरलाई अनेक प्रकारका फलफूल अर्पण गर्दैछु, स्वीकार गर्नुहोस् । हामीहरूका उपरमा अनुकम्पा राख्नुभई ग्रहण गर्नुहोस् ।

---

◆◆ दिवा पूजामा भोजन चढाउंदा अर्पण गर्ने गाथा हो । अपरान्ह १२ बजेभन्दा अगाडि मात्र यो गाथा पढ्ने हो ।

◆ विहानको पूजामा यो पूजा सामाग्री पनि चढाएर पूजा गरिएको भए सो अर्पण गर्न यो गाथा पढ्ने हो ।



Downloaded from http://dhamma.digital

## चैत्य वन्दना

*(विश्वभरका चैत्यहरूको वन्दना)*

**"वन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।**
**सारीरिक धातु महाबोधिं, बुद्ध रूपं सकलं सदा ॥१॥"**

*अर्थ*

विश्वमा सर्वत्र स्थानमा प्रतिष्ठित भइरहेका सम्पूर्ण चैत्यहरूलाई पनि, बुद्धको पवित्र अस्थि धातुलाई पनि, महाबोधि बृक्षलाई पनि र सम्पूर्ण बुद्धरूपलाई पनि म सदैव वन्दना गर्दछु ।

## क्षमा याचना

**"कायेन वाचा चित्तेन, पमादेन मया कतं ।**
**अच्चयं खम मे भन्ते, भूरि पञ्ञो तथागत ॥"**

*अर्थ*

हे भगवान् ! मेरो काय (शरीर), वाक्य (बोली), र चित्त (मन) द्वारा प्रमादवश बेहोशी भएर म बाट केही भूल अपराध दोष भएका भए गम्भीराति गम्भीर प्रज्ञा भएका हजूर-तथागतले मलाई क्षमा गर्नुहोस् ।

## आशिका

**"इमाय बुद्ध पूजाय, कताय शुद्ध चेतसा ।**
**चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ॥"**

*अर्थ*

शुद्ध चित्तले गरिएको यो बुद्ध पूजाबाट प्राप्त सम्पूर्ण पुण्यको आनुभावले तथागतको सद्धर्म चिरस्थायी रहोस् ! सम्पूर्ण सत्व प्राणीहरू सुखी रहुन् ।

**"इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।**
**सब्बं तं अनुमोदित्वा, सब्बेपि तुट्ठ मानसा ॥"**

*अर्थ*

यो बुद्ध पूजाबाट मलाई जे जति पुण्य प्राप्त भएको छ, ती सम्पूर्ण पुण्यलाई देखेर सन्तुष्ट रही सबैले अनुमोदन गरून् ।

**"पूरेत्वा दान सीलादि, सब्बापि दसपारमि ।**
**पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ॥"**

*अर्थ*

दान शीलादि दश पारमिता सम्पूर्ण पूर्ण गरी, आफ्नो इच्छानुसार उत्तम बोधिज्ञान प्राप्त गरी अमृत रूपी निर्वाण सुख अनुभव गर्ने बनून् ।



Downloaded from http://dhamma.digital

## प्रतिपत्ति पूजा

**"इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दछु ।

*(वन्दना गर्ने)*

**"इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा धर्मलाई पूजा गर्दछु ।

*(वन्दना गर्ने)*

**"इमाय धम्मानुधम्म पटिपत्तिया संघं पूजेमि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा सङ्घलाई पूजा गर्दछु ।

*(वन्दना गर्ने)*

**"अद्धा इमाय पटिपत्तिया जाति जरा व्याधि मरणम्हा, परिमुच्चिस्सामि ।"**

*अर्थ*

यो धर्मानुकूलको धर्माचरणद्वारा अवश्य पनि म जन्म जरा व्याधि मृत्युबाट मुक्त हुनेछु ।

## कामना

**"इमिना पुञ्ञकम्मेन, मा मे बालसमागमो ।**
**सतं समागमो होतु, याव निब्बाण पत्तिया ॥"**

*अर्थ*

यस पुण्यको प्रभावले मलाई बालजनहरूको संगत गर्न नपरोस् ! निर्वाणमा नपुगुञ्जेलसम्म नै सत्पुरूषहरू (कल्याण मित्रहरू) को संगत गर्न पाइयोस् ‼

**'इदम्मे पुञ्ञं आसवक्खया वहं होतु ।"**

*अर्थ*

यो मेरो पुण्यद्वारा सम्पूर्ण आश्रव (क्लेशमलहरू) को क्षय (विनाश) होस् ।

**"इदम्मे पुञ्ञं निब्बाणस्स पच्चयो होतु ।"**

*अर्थ*

यी सम्पूर्ण मेरा पुण्यहरू निर्वाण प्राप्तिका लागि हेतु बनोस् ‼

**"इदम्मे पुञ्ञं सब्बेसत्ता अनुमोदन्तु ।"**

*अर्थ*

यो मेरो पुण्य कार्यलाई यावत् सत्व प्राणीहरूले अनुमोदन गरून् ‼



Downloaded from http://dhamma.digital

**"इदम्मे पुञ्ञं सब्बेसत्ता सुखिता भवन्तु ।"**

*अर्थ*

योे मेरो पुण्य कर्मद्वारा सम्पूर्ण सत्वप्राणीहरू सुखी होऊन् !!!

## पुण्यानुमोदन
## (पुण्य दान)

**"इदं मे/वो*/नो* ञाति नं होतु, सुखिता होन्तु ञातयो ।"**- *(तीन पटक)*

*अर्थ*

योे मेरो/तिम्रो*/हामी सबैको** पुण्य मेरा/तिम्रा/हामी सबैका ज्ञाति बन्धुहरूलाई प्राप्त होस् ! यो पुण्यको प्रभावबाट मेरा/तिम्रा/हामी सबैका ज्ञातिहरू (बन्धु बान्धव इष्टजनहरू) सुखी रहून् !!

**"एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

*अर्थ*

अहिलेसम्ममा प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण देवताहरूले अनुमोदन गरून् ! सम्पूर्ण देवतागणहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

**"एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

*अर्थ*

अहिलेसम्ममा प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण सत्वहरूले अनुमोदन गरून् ! उनीहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

**"एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।**
**सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ॥"**

*अर्थ*

अहिलेसम्ममा प्राप्त पुण्य सम्पत्तिलाई सम्पूर्ण प्राणीहरूले अनुमोदन गरून् ! उनीहरूलाई सर्व सम्पत्ति सिद्ध होस् !!

साधुकार

**साधु ! साधु !! साधु !!!**

*(त्रिरत्न शरण र शील प्रार्थना सहितको बुद्ध पूजा समाप्त)*



Downloaded from http://dhamma.digital

भाग–३

# त्रिरत्न वन्दनाका गीतहरू र भक्ति रचनाहरू

## बुद्ध वन्दना

(नवाङ्ग गुणको अर्थ सहित बुद्ध वन्दना)

– आर. बि. वन्द्य

यावत् क्लेशलाई नाश गरी
निष्पाप भई पूज्य भएका ।
अरहन्त हे भगवान् ।
शाष्टाङ्ग मेरो वन्दना ॥१॥

संसारका सम्पूर्ण धर्मलाई
स्वयं आफैले बोध गरी ।
सम्यक् सम्बुद्ध कहलिएका
तथागतलाई मेरो वन्दना ॥२॥

तीन विद्या र आठ अभिज्ञा,
अभ्र पन्ध्र आचरणले संयुक्त, विभो !
निर्वाण मार्गमा सुप्रतिष्ठित
हे सुगत ! मेरो वन्दना ॥३॥

सत्व, संस्कार र ओकास
तीनै लोकका विशिष्ट ज्ञाता ।
प्राणी दमनको अनुपम सारथी !
भो गुरु ! मेरो वन्दना ॥४॥

ब्रम्हा, देव, मनुष्य जति छन्
सबका पूज्य हे गुरु शास्ता !
आर्य सत्य चारैलाई जानी
बुद्ध भयौ, मेरो वन्दना ॥५॥

भाग्य ६ र गुण अनन्तले
सम्पूर्ण रहेका हे भगवान् !
नवाङ्ग गुणबाट सुशोभित भो !
बुद्धमा सविनय वन्दना ॥६॥

शील संगाली शरणमा आएं,
बुद्ध गुण सम्झना गरें !
यसै सत्यको पुण्यानुभावले
सत्व सबै सुखी रहून् ! ॥७॥

*(आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म पुस्तकबाट साभार)*



Downloaded from http://dhamma.digital

# धर्म वन्दना

**(निर्वाणमा पुऱ्याउने ६ गुणले युक्त धर्मका अर्थ सहित धर्म वन्दना)**

**-आर. बि. वन्द्य**

आफू र अरूलाई त्रिकाल सधैं नै
जुनसुकै लोकमा पनि हित हुने ।
नव लोकोत्तर धर्मलाई बुद्धले
राम्ररी बोध हुने गरी व्याख्या गरे ।
सुआख्यात यो धर्मलाई धर्माचरणबाट वन्दना ॥१॥

बुद्ध धर्म हेर कति महोत्तम छ,
यहींको यहीं फल दायक छ ।
आर्यजनले स्वयं आफैं बुझी
राम्ररी आचरण गर्न सकिन्छ ।
सांद्रिष्टिक यो धर्मलाई शीलाचरणबाट वन्दना ॥२॥

महाकारूणिक तथागतले
लोकको दुःखमा करूणा जगाई ।
काल नबित्दै नै फल दिने
चतुरार्य धर्म उपदेश गर्नु भो ।
अकालिक यो धर्मलाई शरणागत मेरो वन्दना ॥३॥

गोप्य होइन प्रमाण नै दिएर
यहाँ आऊ र हेर भन्न सकिने ।
निर्वाणसम्म पनि राम्ररी नै
निश्चित रूपमै पुऱ्याइदिने ।
एहिपस्सिक र ओपनयिको दश धर्मलाई वन्दना ॥४॥

प्रज्ञाको बल्दो अग्निमा पोली
विवेक कसीमा बारम्बार घोटी ।
विज्ञजनले स्वअनुभवबाटै
जांची हेरी बुझ्न सकिने ।
महाश्रमणको दश धर्मलाई, श्रद्धाचरणबाट वन्दना ॥५॥

शीलाचरणले शरणमा आएं
धर्मका गुण संझि रहें ।
धर्मका अतुल्य शक्ति प्रभावले
सम्पूर्ण प्राणी सुखी रहून् ॥६॥

*(आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म पुस्तकबाट साभार)*



Downloaded from http://dhamma.digital

# संघ वन्दना

**(निर्वाणका पथप्रदर्शक अष्ट महोत्तम पुद्‌गलबाट युक्त संघको अर्थ सहित संघ वन्दना)**

**– आर. बि. वन्द्य**

बुद्धले जसरी धर्मको उपदेश,
गर्नु भा'थ्यो यस जगतलाई ।
आचरण त्यस्तै श्रावक संघले
गर्नु भा'छ निरन्तरै ।
सुप्रतिपन्न हे श्रावक संघ ! शाष्टाङ्ग मेरो वन्दना ॥१॥

भोग विलास र देहलाई पीडा,
अति दुइटैलाई गरी वर्जित ।
अति महोत्तम मध्यम मार्गलाई
आचरण विशुद्ध गर्नु भा'छ ।
ऋजुप्रतिपन्न हे श्रावक संघ ! सादर गौरव वन्दना ॥२॥

तथागतकै अनुशासन सरि,
निर्वाण केवल लक्ष साधी ।
निर्वाणकै मात्र हेतु गरी
अभ्यास कार्यमा संलग्न यिनी ।
न्याय प्रतिपन्न हे श्रावक संघ ! श्रद्धा विनीतले वन्दना ॥३॥

अष्टलोक धर्मको स्पर्श भयले,
गृह जंजालबाट मुक्त रही ।
आदर सत्कार योग्य हुनेगरी
केवल आचरणमा रत यिनी ।
सामीचिप्रतिपन्न हे संघ ! सविनय मेरो वन्दना ॥४॥

मार्ग चार  र फल चार गरी,
जोडा चार वा आठ पुद्‌गल भई ।
भगवान् बुद्धका श्रावक संघ
छन् है अत्यन्त सुशोभित ।
आव्हान योग्य श्रावकहरूका प्रणित संघलाई वन्दना ॥५॥

अतिथि रूपले सत्कार गरी,
श्रद्धा दानको योग्य जो छन् ।
दुवै हात जोडी बिन्ति गरी
पूजा योग्य जो पात्र हुन् ।
सुगत संघ हे महानुभाव हो ! नवाङ्ग गुणलाई वन्दना ॥६॥



Downloaded from http://dhamma.digital

सुख ऐश्वर्य र वैभव होइन,
स्वर्ग र निर्वाणकै कामना गरी ।
पुण्य अनुत्तर रोप्नका लागि
उत्तम खेत छन् श्रेष्ठ सरि ।
अनुत्तर हे पुण्य क्षेत्र ! जिन संघलाई वन्दना ॥७॥

शीलमा रही शरणमा आएं,
संघका गुण सम्झिरहें ।
संघका शीतल तेजानुभावले
लोकजन सबै सुखी रहून् ! ॥८॥

*(आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म पुस्तकबाट साभार)*

# संसार नित्य होइन

नेपाल भाषाका मूल रचनाकार - **भिक्षु प्रज्ञानन्द**
नेपाली अनुवाद - **आर. बि. वन्द्य**

बुद्धं शरणं गच्छामि । धम्मं शरणं गच्छामि । सङ्घं शरणं गच्छामि ।
स्वप्न नै होइन र यो संसार, हिजो देख्या पनि आज देखिन्न ॥धु॥

बाजे बज्यै मेरा ज्ञातिगण, देहान्तमा जल अग्नि भए ।
धन रत्न र भएका सम्पत्ति, लगेनन् साथमा छाडिगए ॥१॥
स्वप्न नै होइन र.........

हिजो अस्ति देख्ने आँखा र कानले, आज मैले देख्न र सुन्न सकिंन ।
त्राहिमाम् हे तथागत ! कति दिन बाँच्ने हो र यो जीवन ॥२॥
स्वप्न नै होइन र ...........

निलौंला कि संसार भनेभैं चलेका, कता गए कता गए विलीन भए ।
दृष्टान्त यस्ता देख्दा देख्दै, अभिमान फेरि काहाँबाट आए ॥३॥
स्वप्न नै होइन र ............

थाहा भएन सार असार के हुन्, पित्तललाई सुन सम्झन थाले ।
निवास लायक नै संसार भएन, नरकाग्नि मै परिणत भए ॥४॥
स्वप्न नै होइन र ............

बुद्धं शरणं गच्छामि । धम्मं शरणं गच्छामि । सङ्घं शरणं गच्छामि ॥

*(साभार - ज्ञानमाला भजन पुस्तकबाट)*



Downloaded from http://dhamma.digital

# पञ्चशील प्रणिधान

नेपाल भाषाका रचनाकार - **भिक्षु महाप्रज्ञा**
भावानुवादक - **आर. बि. वन्द्य**

गर्दिंन हिंसा प्राणीको कहिल्यै, गर्दिंन चोरी काम पनि ॥१॥
गर्दिंन कहिल्यै व्यभिचार प्रभु ! कामेच्छाको अति पनि ॥२॥
बोल्दिन अब असत्य कहिल्यै, गर्दिंन मद्यसुरापान'नि ॥३॥
हे शास्ता ! यति म अवश्य त्यागी, पालन गर्छु शील पनि ॥४॥

*(ज्ञानमाला भजनबाट साभार)*

# बुद्ध दर्शन गर्न जाउँ

नेपाल भाषाका रचनाकार - **भिक्षु सुबोधानन्द**
अनुवादक - **आर. बि. वन्द्य**

आऔं, हामी पनि जाउँ, बुद्धको दर्शन गरौं, आऔं ॥धु॥
भगवान् बुद्धको सत् उपदेश
हामी पनि पालन गरौं, आऔं ।
बुद्धको धर्म दुर्लभ छ लोकमा,
जानेर शरण लिउँ, आऔं ॥१॥
आऔं हामी पनि...........

अहिंसा सत्य शान्ति र शील,
बृद्धि गर्न मदत पुऱ्याऔं ।
लोकमा यस्तो धर्म नभइकन,
शान्ति हुदैन, शान्ति बनाऔं ॥२॥
आऔं हामी पनि ...........

बुद्धले प्राणीमात्र सबलाई,
देखाएको धर्म पालन गरौं ।
विश्व मैत्री र भ्रातृ प्रेम,
दयापूर्ण जीवन जिऔं, आऔं ॥३॥
आऔं, हामी पनि ...........

*(ज्ञानमाला भजनबाट साभार)*



Downloaded from http://dhamma.digital

# परिशुद्ध कामना

नेपाल भाषाका रचनाकार - **धर्म रत्न उपासक**
अनुवादक - **आर. बि. वन्द्य**

त्रिरत्नकै शरणागत हामी, निर्वाण छिट्टै प्राप्त होस् हामीलाई ॥१॥

दानको पुण्यले लोभ नरहोस्, शीलको पुण्यले द्वेष नरहोस् ।
भावनाको जोडले मोह नरहोस्, दानशील भावना बृद्धि गर्न सकियोस् ॥२॥
त्रिरत्नकै .........

यो संसार भनेकै दु:खको खानी, दु:ख सक्नालाई हुनुपर्छ ज्ञानी ।
संसार चक्रबाट मुक्त भएर जान, चतुरार्य सत्यलाई जान्न सकियोस् ॥३॥
त्रिरत्नकै .........

मिथ्यादृष्टिजनको संगत नरहोस्, सम्यक्दृष्टि कुलमा मात्र जन्म होस् ।
जहाँ जन्म भएपनि जे जुनी पाए पनि, बुद्ध धर्ममै दृढ चित्त रहोस् ॥४॥
त्रिरत्नकै .........

अन्ध विश्वासमा कहिल्यै नपरोस्, परिशुद्ध मार्गमै कुदिरहन पाइयोस् ।
जहाँ जन्म भए पनि धर्म मित्र सबै, मिली बस्न पाऔं, छुट्टिन नपरोस् ॥५॥
त्रिरत्नकै .........

अत्याचार बृद्धि हुँदै जाने बेलामा, पापीका समूहमा जन्मिन नपरोस् ।
यही नै बुद्धको शासन रहँदै, विशुद्ध मार्गफल प्राप्त गर्न सकियोस् ॥६॥
त्रिरत्नकै .........

नभए मैत्री बुद्धको पालामा, मनुष्य भएरै जन्मिन पाइयोस् ।
उहाँकै धर्मलाई पालन गर्दै, त्यही जुनीमै निर्वाण पाइयोस् ॥७॥
त्रिरत्नकै .........

त्रिरत्नकै शरणागत हामी, निर्वाण छिट्टै प्राप्त होस् हामीलाई ।
त्रिरत्नकै शरणागत हामी, निर्वाण छिट्टै प्राप्त होस् हामीलाई ॥८॥

*(ज्ञानमाला भजनबाट साभार)*



Downloaded from http://dhamma.digital

# लिनोस् मलाई आफ्नो शरणमा

नेपाल भाषाका रचनाकार - **दुर्गालाल श्रेष्ठ**
अनुवादक - **आर. बि. वन्द्य**

बुद्ध चाहिन्छ मलाई, धर्म चाहिन्छ मलाई ।
संघ बेगर अरू छैन कोही मलाई ।
यत्ति नै मात्र हो धन भन्नु मेरा ।
चाहिन्न भगवान् ! अरू रत्न मलाई ॥१॥

मन रहोस् मेरो बुद्धबाटै सिंचित ।
धर्मबाटै हुन्छ म शुद्ध मानव ।
संघलाई प्रभु ! संकु म समाउन ।
यत्ति नै मलाई छ याचना गर्नु ॥२॥

आशा - निराशा सुख दुःख भन्ने ।
दिन र रात सरि संधै आइरहने ।
मार्गिदन सुख बरु, देऊ त्यो आँखा मलाई ।
दुःखमै सुखलाई देख्न मैले सक्ने ॥३॥

आरतिको क्षीण शिथील यो प्रकाश ।
हेर्नुहोस् प्रभु ! फिर् फिर् चल्या ।
हेर मन कति मेरो चञ्चल चञ्चल ।
लिनोस् मलाई प्रभु ! आफ्नै चरणमा ॥

*(ज्ञानमाला भजनबाट साभार)*

# शरण आएँ बुद्ध कहाँ

(नेपाल भाषामा रचना प्रकाशन - २०१९ साल)

भावानुवादक - **आर. बि. वन्द्य**

भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ सुगतको ॥धु॥

विश्वमा दुःख बृद्धि भयो, अत्याचारको संख्या सहित ।
दुःख निरोध गर्ने इच्छाले, शरण आएँ बुद्धको ॥१॥
भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ सुगतको ॥धु॥

सत्य धर्म सकिन थाले, कुमार्गमा लोक कुद्न थाले ।
निर्वाण मार्ग देख्न छाडे, मिथ्यादृष्टिले व्याप्त हुंदा ॥२॥

भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ धर्मको ।
भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ सुगतको ॥धु॥



Downloaded from http://dhamma.digital

सम्यक् दृष्टि शून्य हुन लाग्यो, पापीले जगत् निल्न लाग्यो ।
सत्प्रचार कार्य गर्न सक्न, प्रज्ञा चक्षुको आशाले आएँ ॥३॥

भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ संघको ।
भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ सुगतको ॥धु॥

विश्वमा दुःख बृद्धि भयो, अत्याचारको संख्या सहित ।
दुःख निरोध गर्ने इच्छाले, शरण आएँ बुद्धको ॥४॥

भवचक्रबाट उन्मुक्त हुन, शरण आएँ सुगतको ।
शरण आएँ सुगतको ।
शरण आएँ सुगतको ॥

*(भिक्षु प्रज्ञानन्द महास्थविरज्यूको पुस्तक अनन्तोपकारक बुद्धबाट साभार)*

## शरण आएँ बुद्धको

**– आर. बि. वन्द्य**

सुखको आशै आशामा, दुःखै दुःखमात्र भोग्नु पर्ने ।
भवचक्रबाट मुक्ति पाउन, शरण आएँ* /आयौं बुद्धको ।
बुद्धं शरणं गच्छामि ।बुद्धं शरणं गच्छामि ।

क्लेशै क्लेश बढ्दो छ, मैत्री त्याग हराउंदो छ ।
प्रज्ञा चक्षुको आशाले, शरण आएँ* /आयौं धर्मको ।
बुद्धं शरणं गच्छामि । धर्मं शरणं गच्छामि ।

सेवा उपकार शान्तिका बदला, हिंसा र त्रासको आतङ्क छ ।
निर्वाण पथको तारण लाउन, शरण आएँ* /आयौं संघको ।
धर्मं शरणं गच्छामि । संघं शरणं गच्छामि ।

सुखको आशै आशामा, दुःखै दुःख मात्र भोग्नु पर्ने ।
भवचक्रबाट मुक्ति पाउन, शरण आएँ* /आयौं बुद्धको ।

बुद्धं शरणं गच्छामि । धर्मं शराणं गच्छामि ।
धर्मं शरणं गच्छामि । संघं शरणं गच्छामि ।

*द्रष्टव्यः- * एक जनाले भजन गर्दा "आएँ" र समूह मिली भजन गर्दा "आयौं" शब्दको प्रयोग गर्नु पर्दछ ।*



Downloaded from http://dhamma.digital

# पूजा गर्न आयौं हामी

– आर. बि. वन्द्य

बुद्ध तिमी हौ जगत् उद्धारक,
धर्म तिम्रै छ संसार पालक ।
संघ तिम्रै सही पथ प्रदर्शक,
त्रिरत्नकै केवल छ शरण उत्तम ॥१॥
पूजा गर्न आयौं हामी, त्यागको पूजा सामाग्री लिई ॥२॥

शान्ति अहिंसा र जगत् कल्याण नै,
बुद्धको शिक्षामा सार प्रभु ! पायौं ।
अनित्य दुःख र अनात्म बुझ्न,
धर्मकै ज्ञान नै अपरिहार्य जान्यौं ॥३॥
पूजा गर्न आयौं हामी, शीलको पूजा सामाग्री लिई ॥४॥

संसार चक्रमा घुमिरहन परून्जेल,
दुःखबाट चिरस्थायी मुक्ति देखेनौं ।
अविद्या, तृष्णा र संस्कारै नहटाई,
निर्वाणपुर नपुगिने, विभो ! जान्यौं ॥५॥

पूजा गर्न आयौं हामी, ध्यान भावनाका सामाग्री लिई ॥
पूजा गर्न आयौं हामी, त्यागको पूजा सामाग्री लिई ॥
पूजा गर्न आयौं हामी, शीलको पूजा सामाग्री लिई ॥ ६॥

बुद्धं शरणं गच्छामि ! धर्मं शरणं गच्छामि ! संघं शरणं गच्छामि !!

Dhamma.Digital

# आरति

– आर. बि. वन्द्य

नित्य गरौं आरति, प्रभु ! बुद्ध भगवान्लाई ॥धु॥

श्रद्धाको पूजाथालीमा, मैत्रीको फूल सजाई ।
करूणाको टिका सहित, शीलको धूप जलाई ॥१॥
नित्य गरौं आरति, प्रभु ! बुद्ध भगवान्लाई ॥धु॥

स्मृति-सम्प्रजन्य-मिठाई सहित, विश्वासको नैवेद्य राखी ।
वीर्य उत्साह कन्दमुल साथै, क्षान्तिको पञ्चामृत चढाई ॥२॥
नित्य गरौं आरति, प्रभु ! बुद्ध भगवानलाई ॥धु॥



Downloaded from http://dhamma.digital

सत्यको कोमल बत्ति काटी, अधिष्ठानको तेलमा भिजाई ।
मोह भ्रमको पर्दा हटाई, प्रज्ञाको आरति जलाई ॥३॥

नित्य गरौं आरति, प्रभु ! बुद्ध शाक्यमुनिलाई ।
नित्य गरौं आरति, प्रभु ! बुद्ध भगवान्‌लाई ‼

# आरति

– आर. बि. वन्द्य

बुद्ध धर्म र संघका चरणमा ।
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥

लोभ द्वेष र मोहलाई फाली ।
मैत्री करूणा र प्रज्ञालाई बाली ।
गर्छौं आरति प्रदीप जलाई ॥१॥

बुद्ध, धर्म र संघका चरणमा ।
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥

दान शील र भावना संगाली ।
श्रद्धा, विश्वास र भक्ति जलाई ।
गर्छौं आरति प्रदीप जलाई ॥२॥

बुद्ध, धर्म र संघका चरणमा ।
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥

शान्ति अहिंसा र सद्‌भाव समेटी ।
जगत् कल्याणको कामना राखी ।
गर्छौं आरति प्रदीप जलाई ॥३॥

बुद्ध, धर्म र संघका चरणमा ।
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥

चतुरार्य सत्यको मार्गमा चली ।
निर्वाण पथमा अविचलित रही ।
गर्छौं आरति प्रदीप जलाई ॥४॥

बुद्ध, धर्म र संघका चरणमा ।
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥
गर्छौं आरति नित्य प्रदीप जलाई ॥धु॥



Downloaded from http://dhamma.digital

भाग–४

# प्रातः स्मरणीय बुद्ध वचनहरू

"बहुं वे सरणं यन्ति पब्बतानि वनानि च ।
आराम रूक्खचेत्यानि मनुस्सा भयतज्जिता ॥१॥

नेतं खो सरणं खेमं नेतं सरणमुत्तमं ।
नेतं सरणमागम्म सब्ब दुक्खा पमुच्चति ॥२॥

यो च बुद्धञ्च धम्मञ्च संघञ्च सरणं गतो ।
चत्तारि अरियसच्चानि सम्मप्पञ्ञाय पस्सति ॥३॥

दुक्खं दुक्खसमुप्पादं दुक्खस्स च अतिक्कमं ।
अरियञ्चट्ठङ्गिकं मग्गं दुक्खूपसमगामिनं ॥४॥

एतं खो सरणं खेमं एतं सरणमुत्तमं ।
एतं सरणमागम्म सब्ब दुक्खा पमुच्चति ॥५॥

बुद्ध - धम्मपद १४-६ (१०-१४)

*अर्थ*

मानिसहरू भयको कारण पर्वत, वन, उद्यान, बृक्ष, चौतारी आदिका शरणमा जान्छन् ॥१॥ किन्तु यिनीहरूका शरणमा गएर मानिसहरू भयबाट मुक्त हुदैनन् । यिनीहरूका शरण उत्तम पनि होइनन् । किनभने यिनीहरूको शरणमा गएर सबै दुःखबाट मुक्ति पनि मिल्दैनन् ॥२॥

जो बुद्ध, धर्म, र संघका शरणमा जान्छन् जसले दुःख सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोध गामिनी आर्य अष्टाङ्गिक मार्ग सत्य कहलिएका यी चार आर्य सत्यहरूलाई प्रज्ञा ज्ञानबाट देख्न सक्तछन् ॥३-४॥ उनीहरूका यही शरण कल्याणप्रद र भयबाट मुक्त भइरहेका शरण मध्येमा उत्तम शरण हुन् । यही शरणमा गएर मात्र सम्पूर्ण दुःखबाट मुक्त भएर जान्छन् ॥५॥

**"अनिच्चावत सङ्खारा, उप्पादवय धम्मिनो ।**
**उप्पज्जित्वा निरूज्झन्ति, तेसं वूपसमोसुखो ॥"**

बुद्ध, वेपुल्ल पब्बत सुत्त, संयुक्त निकाय

*अर्थ*

सम्पूर्ण संस्कार अनित्य छन् । उत्पत्ति र विनाश हुने स्वभावका छन् । उत्पत्ति भएजति सबै नै निरूद्ध भएर पनि जान्छन् । त्यसैले संस्कारको क्रम शान्त भएर निर्वाण प्राप्त हुनु नै साँच्चिकैको सुख हो ।



Downloaded from http://dhamma.digital

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं, एतम् बुद्धानुसासनं ॥"**

- बुद्ध, धम्मपद १४,४ (५)

*अर्थ*

सम्पूर्ण पापबाट विरत रहनु, पुण्य जति सबै संचय गर्नु । आफ्नो चित्तलाई ऐनाझैं परिशुद्ध पार्नु, यही नै बुद्धहरूको शिक्षा हो ।

**"यथा बुब्बुलकं पस्से, यथा पस्से मरीचिकं ।**
**एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सति ॥"**

- बुद्ध, धम्मपद १३-३ (४)

*अर्थ*

जलका फोकाहरूलाई हेरे झैं, मृगजललाई हेरेझैं नै यस लोकलाई हेरिरहने पुद्‌गललाई मृत्युराजा-कालले देख्न सक्तैन ।

**"एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।**
**वितिण्णा परलोकस्स, नत्थि पापं अकारियं ॥"**

- बुद्ध, धम्मपद १३, ९ (१०)

*अर्थ*

एउटा धर्म सत्यलाई नाघेर गई झुठो कुरा बोल्ने र परलोकमा
विश्वास नगर्ने व्यक्तिले यस संसारमा नगर्ने पाप भनेको केही हुदैन ।

**"अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति ।**
**सकुन्तो जालमुत्तोव अप्पो सग्गाय गच्छति ॥"**

- बुद्ध, धम्मपद १३, ७ (८)

*अर्थ*

अन्धा भइरहेका यी लोकजनहरूमध्ये ज्ञान रूपी चक्षु भएका पुद्‌गलहरू थोरै मात्र हुन्छन् । एक पटक शिकारीको जालमा परिसकेर पनि उक्त जालबाट मुक्त भएर जान सक्ने पंक्षीहरू थोरै मात्र रहे झैं थोरै मात्र व्यक्तिहरू स्वर्गलोकमा जाने हुन्छन् ।

**"मत्तासुख परिच्चागा पस्से चे विपुलं सुखं ।**
**चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ।"**

बुद्ध, धम्मपद २१, १ (१)

*अर्थ*

महान् विपुल सुखका लागि अल्प सुखलाई परित्याग गर्नु पर्दछ । तसर्थ धैर्यवान् ज्ञानी पण्डितजनहरूले निर्वाणमै परम सुख शान्ति, विपुल सुख शान्तिलाई देखेर सांसारिक सुखरूपी अल्प सुख, थोरै सुखलाई त्याग गर्दछन् ।



Downloaded from http://dhamma.digital

**मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।**
**मनसा चे पदुट्ठेन भासति वा करोति वा ।**
**ततो नं दुक्ख मन्वेति चक्कं'व वहतो पदं ॥**

– बुद्ध, धम्मपद १,१(१)

*अर्थ*

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा प्रमुख हो । सबै मनबाट नै उत्पत्ति हुन्छन् । यदि कसैले दूषित मनले कुरा गरेमा वा काम गरेमा दु:खले उसको अनुशरण उसै प्रकारले गर्दछ जसरी गाडाको चक्काले बयलको गोडाको अनुशरण गर्दछ ।

**मनो पुब्बङ्गमा धम्मा मनो सेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन भासति वा करोति वा ।**
**ततो नं सुख मन्वेति छाया'व अनपायिनी ॥**

– बुद्ध, धम्मपद १,२(२)

*अर्थ*

मन सम्पूर्ण प्रवृत्तिका अग्रगामी हो । मन नै यिनीहरूमा मुख्य हो । सम्पूर्ण प्रवृत्तिहरू मनबाट नै उत्पन्न हुन्छन् । यदि कसैले प्रसन्न (स्वच्छ) मनले कुरा गरेमा वा काम गरेमा सुख उसको पछि पछि त्यसरी नै लाग्छ जसरी सदैव प्रतिविम्वले व्यक्तिलाई पछ्याउने हुन्छ ।

**नहि वेरेन वेरानि सम्मन्ती'ध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ॥**

– बुद्ध, धम्मपद १,४(५)

*अर्थ*

यस संसारमा वैरीहरू वैरभावबाट कदापि शान्त हुदैनन् । अवैर ( मैत्री) भावले मात्र वैर शान्त हुन्छन् । यही नै सनातन कालदेखि चलेर आइरहेको धर्म (= नियम) हो ।

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये च त उपनह्यन्ति वेरं तेसं न सम्मति ॥**

– बुद्ध, धम्मपद १,३(३)

*अर्थ*

मलाई गाली गर्‍यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा राखिरहन्छ, त्यसको शत्रु कहिल्यै पनि शान्त हुदैन ।

**अक्कोच्छि मं अवधि मं अजिनि मं अहासि मे ।**
**ये तं न उपनह्यन्ति वेरं ते सूप सम्मति ॥**

– बुद्ध, धम्मपद १,३(४)

*अर्थ*



Downloaded from http://dhamma.digital

मलाई गाली गऱ्यो, मलाई पिट्यो, मलाई हरायो, मेरो लुटेर लियो भनी जसले मनमा लिइरहँदैन, त्यसको शत्रु शान्त हुन्छ ।

**मुहूर्तमपि चे विञ्ञू पण्डितं पयिरूपासति ।**
**खिप्पं धम्मं विजानाति जिव्हा सूप रसं यथा ॥**

**– बुद्ध, धम्मपद ५,६(६)**

*अर्थ*

तीक्ष्ण बुद्धि भएका विज्ञ पुरुषले क्षणभरि नै मात्र पण्डितको सेवा (संगत) गरे पनि चांडै नै धर्मलाई त्यसरी नै अवबोध गर्दछ जसरी जिब्रोले दालको रसास्वादन तत्कालै गर्दछ ।

**यथागारं दुच्छन्नं वुट्ठी समतिविज्झति ।**
**एवं अभावितं चित्तं रागो समतिविज्झति ॥**

**– बुद्ध, धम्मपद १,९(१३)**

*अर्थ*

राम्ररी छाना नछाएको घरमा वर्षात्मा पानी चुहिए जस्तै ध्यान भावना नगरिएको चित्तमा राग, द्वेष, मोह रूपी पानी पनि चुहिने गर्दछ ।

**पापो'पि पस्सति भद्रं याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं अथ पापो पापानि पस्सति ॥**

**– बुद्ध, धम्मपद ९,४(४)**

*अर्थ*

जतिञ्जेल पापको फल आउँदैन त्यतिञ्जेल पापीले पापलाई पनि असल (भद्र) नै हो भनी सम्झिराख्तछ । किन्तु जब पापको फल आउंछ, अनि मात्र उसलाई आफ्नो पाप (कुकर्म) देखिन थाल्छ ।

**फेणुपमं कायमिमं विदित्वा धम्मं अभि सम्बुधानो ।**
**छेत्वान मारस्स पपुप्फकानि अदस्सनं मच्चुराजस्स गच्छे ॥**

**– बुद्ध, धम्मपद ४,२(३)**

*अर्थ*

फींजको पिण्ड समानका रूप स्कन्ध वा मृगतृष्णा समानका नाम स्कन्धले युक्त यो देह हो भनी प्रज्ञा ज्ञानले देख्न सक्ने व्यक्ति मारको बन्धनलाई तोडेर मृत्युराज (काल) ले देख्न नसक्ने स्थान निर्वाणमा पुग्दछ ।

**यथापि पुप्फरासिम्हा कयिरा मालागुणे बहु ।**
**एवं जातेन मच्चेन कत्तब्बं कुशलं बहुं ॥**

**– बुद्ध, धम्मपद ४,८(१०)**



Downloaded from http://dhamma.digital

*अर्थ*

जसरी दक्ष मालाकारनीले पुष्प राशीबाट राम्रा राम्रा फूलहरू चुनी धेरै फूलका मालाहरू गुथ्दछे, त्यसरी नै संसारमा जन्म भएका मनुष्यहरूले धेरै पुण्य गर्नु पर्दछ ।

**ये धम्मा हेतुप्पभावा तेसं हेतु तथागतो आह ।**
**तेसं च यो निरोधो एवं वादी महासमणो ॥**

– पंचभद्रवर्गीय भिक्षु अस्सजीत

*अर्थ*

(यस संसारमा) हेतुबाट उत्पन्न हुने जति पनि धर्महरू छन् ती सबैको कारण तथागत बताउनु हुन्छ र तिनको निरोध पनि बताउनु हुन्छ । यही नै महाश्रमण (तथागत) को वाद हो ।

**यो च वस्स सतं जीवे अपस्सं धम्ममुत्तमं ।**
**एकाहं जीवितं सेय्यो पस्सतो धम्ममुत्तमं ॥**

– बुद्ध, धम्मपद ८,९(११)

*अर्थ*

उत्तम धर्म नदेख्नेको एक सय बर्षको आयुको जीवनभन्दा उत्तम धर्म (बुद्धोपदेशित धर्म) लाई देख्ने व्यक्तिको एक दिन मात्रको जीवन श्रेष्ठोत्तम (सार्थक) हुन्छ ।

**पुप्फानि हेव पचिनन्तं व्यासत्तमनसं नरं ।**
**सुत्तं गामं महोघोव मच्चु आदाय गच्छति ॥**

– बुद्ध, धम्मपद ४,३(४)

*अर्थ*

काम भोगरूपी पुष्पलाई रोज्ने आशक्तियुक्त व्यक्तिहरूलाई मृत्यु (काल) ले उही प्रकारले पक्रेर लान्छ जसरी कि आकस्मिक रूपमा आएको ठूलो बाढीले सुतिरहेको गाउंलाई बगाएर लान्छ ।

**अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मता ॥**

– बुद्ध, धम्मपद २,१(१)

*अर्थ*

अप्रमादी हुनु अमृत पदको साधना गर्नु हो भने प्रमादी हुनु मृत्यु पदको साधना गर्नु हो । प्रमादी व्यक्ति सदैव जीवित रहे पनि मरेतुल्य नै हो । किन्तु अप्रमादी व्यक्ति मरेर गए पनि अमर हुन्छ ।

**सब्बे सङ्खारा अनिच्चा'ति यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

– बुद्ध, धम्मपद २०,२(५)



Downloaded from http://dhamma.digital

*अर्थ*

"सम्पूर्ण संस्कार अनित्य हुन्" भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट विराग प्राप्त हुन्छ। यही निर्वाणको मार्ग हो।

**सब्बे सङ्खारा दुक्खा'ति यदा पञ्ञाय पस्सति।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया॥**

— बुद्ध, धम्मपद २०,३(६)

*अर्थ*

सम्पूर्ण संस्कार दु:ख हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट निर्वेद (विराग) प्राप्त हुन्छ, यही विशुद्धि (निर्वाण) को मार्ग हो।

**सब्बे धम्मा अनत्ता'ति यदा पञ्ञाय पस्सति।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया॥**

— बुद्ध, धम्मपद २०,४(७)

*अर्थ*

सम्पूर्ण धर्म (पञ्चस्कन्ध) अनात्मा हुन् भनी जब प्रज्ञाले देख्तछ, अनि मात्र सम्पूर्ण दु:खबाट विराग प्राप्त हुन्छ, यही निर्वाणको मार्ग हो।

**अभिवादन सीलिस्स निच्चं वुड्ढा'पचायिनो।**
**चतारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं॥**

— बुद्ध, धम्मपद ८,८(१०)

*अर्थ*

त्रिरत्नलाई पूजा र अभिवादन गर्ने, वय:बृद्ध, शीलबृद्ध र ज्ञानबृद्धहरूलाई आदर सत्कार गर्ने सज्जनको आयु, वर्ण, सुख र बल, यी चारै प्रकारका धर्मफलको बृद्धि हुन्छ।

**सील दस्सन सम्पन्नं धम्मट्ठं सच्चवादिनं।**
**अत्तनो कम्म कुब्बानं तं जनो कुरुते पियं॥**

— बुद्ध, धम्मपद १६,७(९)

*अर्थ*

शीलवान्, सद्धर्ममा प्रतिष्ठित, सत्यवादी र धर्म कार्यमा संलग्न रहने पुद्गललाई लोकजनले मन पराउंछन्।

**सब्ब दानं धम्मदानं जीनाति, सब्बं रसं धम्मरसो जीनाति।**
**सब्बं रतिं धम्मरतिं जीनाति, तण्हक्खयो सब्ब दुक्खं जीनाति॥**

— बुद्ध, धम्मपद २४,१०(२१)

*अर्थ*



Downloaded from http://dhamma.digital

यावत् दानलाई धर्मदानले जितेको हुन्छ । यावत् रसलाई धर्मरसले जितेको हुन्छ । यावत् प्रेमलाई धर्मप्रेमले जितेको हुन्छ । तृष्णा क्षय (निर्वाण) ले सम्पूर्ण दु:खलाई जितेको हुन्छ । अर्थात् दानमध्येमा धर्मदान श्रेष्ठोत्तम छ, रसमध्येमा धर्मरस श्रेष्ठोत्तम छ । प्रेममध्येमा धर्मप्रेम श्रेष्ठोत्तम छ । तृष्णा क्षयले सम्पूर्ण दु:खलाई विनाश गर्दछ ।

**यो सहस्सं सहस्सेन सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्य अत्तानं स बे सङ्गाम जुत्तमो ॥**

**– बुद्ध, धम्मपद ८,३(४)**

*अर्थ*

संग्राममा गई हजारौं हजार सैनिकहरूलाई जित्न सक्ने व्यक्तिभन्दा आफ्नो मन एउटालाई जित्न सक्नेलाई संग्राम जीत भनिन्छ ।

**"चरथ भिक्खवे, चारिकं बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय, देवमनुस्सानं । देसेथ भिक्खवे, धम्मं आदि कल्याणं, मज्झे कल्याणं, परियोसाने कल्याणं, सात्थं, सब्यञ्जनं, केवल परिपुण्णं, परिसुद्धं ब्रम्हचर्य पकासेथ ।"**

**– बुद्ध**

*अर्थ*

"भिक्षुहरू ! बहुजन हितका लागि, बहुजन सुखका लागि, लोकमाथि दया गर्नका लागि, देवताहरू र मनुष्यहरूका प्रयोजनका लागि, हितका लागि, सुखका लागि, चारिका (भ्रमण) गर । आदि (अतीत काल) मा कल्याणकारक, मध्य (वर्तमान काल) मा कल्याणकारक, अन्त (पर्यवसान=भविष्य काल) मा पनि कल्याणकारक यस धर्मको उपदेश गर । अर्थयुक्त (कुशल अर्थ सहितको) व्यञ्जनयुक्त (कुशल व्यञ्जन=व्याख्यान सहितको), धर्मले भरिपूर्ण रहेको परिपूर्ण परिशुद्ध ब्रम्हचर्य धर्मलाई प्रकाश गर ।"

# अन्तिम जिन बचन

**"हन्ददानि भिक्खवे, आमन्तयामि वो, वय धम्मा संखारा, अप्पमादेन सम्पादेथ ।"**

*अर्थ*

हे भिक्षुहरू ! तिमीहरूलाई पुन: आमन्त्रण गर्दैछु । यस लोकमा सम्पूर्ण संस्कारहरू नाशवान् छन् । त्यसैले राम्ररी अप्रमादी (स्मृतिवान्) भएर निर्वाण धर्मलाई सम्पादन गर ।



Downloaded from http://dhamma.digital

# पुण्यानुमोदन

इदं मे/वो/नो ञाति नं होतु, सुखिता होन्तु ञातयो।
इदं मे/वो/नो ञाति नं होतु, सुखिता होन्तु ञातयो।
इदं मे/वो/नो ञाति नं होतु, सुखिता होन्तु ञातयो।

एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं।
सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया।
एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं।
सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया।
एतावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं।
सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया।

द्रष्टव्य: आफ्नो लागि प्रार्थना गर्दा "इदं मे", अरूको लागि प्रार्थना गर्दा "इदं वो" र हामी सबैको लागि भनी प्रार्थना गर्दा "इदं नो" भन्ने बोली राखी प्रार्थना गर्नुपर्छ।



Downloaded from http://dhamma.digital

# BIBLIOGRAPHY
## सहायक ग्रन्थहरू


1. Gorkam, N. V. : Abhidhamma in Daily Life, Dhamma Study Group, Bangkok, 1975.
2. Davids, T. W. Rhys : The Questions of King Milinda, Part I & II, Motilal Banerasidass, Reprint 1969.
3. NU, U. Maung : Buddhism : Theory and Practice, Mahachulalongkorn Buddhist University, Bangkok, B.E. 2526.
4. Narada, M. T. : The Buddha and His Teachings, Buddhist Missionary Society, Malaysia, Fourth Edition, 1988, Reprint, 1998.
5. Narada, M. T. : A Manual of Abhidhamma, yangon, 1992, 2nd Edition, Malaysia .
6. Radha krishnan, S. : The Dhammapada, Oxford University Press, Fifth Impression, 1977 Madras .
7. Maharathi, U. : Dhammapada, The Wisdom Eyed Printworks, Bodha, 1973.
8. Santina, P. D. : The Tree of Enlightenment, Chico Dharma Study Foundation, 1997, Reprint, Taipei, 1998.
9. Sanitna, Peter Della : The Tree of Enlightenment, Chico Dharma Study Foundation, 1997,
10. Sutra Translation Commitee : The Seeker's Glossary: Buddhism, 2nd Edition 1998.

११. वन्द्य, आर. बि. : पञ्च आलोक (अनुवाद), नन्दसिद्धि गुभाजु/कयो मयजु, वि.सं. २०४२

१२. वन्द्य, आर. बि. : जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग (अनुवाद), मूल लेखिका एन. भी. गोरकम, नन्दसिद्धि गुभाजु/कयो मय्जु, मखन टोल, काठमाडौं, २०४१, पुनर्मुद्रण : दि कर्पोरेट वडी अफ द बुद्ध, एजुकेशन फाउन्डेशन, टाइवान, ई. सन् २००२।

१३ वन्द्य, आर. बि. : बुद्धधर्म र आधुनिक विज्ञान, नन्दसिद्धि गुभाजु/कयो मयजु, वि.सं. २०४४।

१४. वन्द्य, आर. बि. : आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म, प्रकाशक ज्ञानज्योति कंसाकार, लक्ष्मी प्रभा कंसाकार, काठमाडौं द्वितीय संस्करण, २०५९।

१५. मानन्धर, नानि मैत्रा : नियाम दीपनी (अनुवाद), मूल लेखक अग्गमहापण्डित डा. लेडि सयादो, प्र.स. प्रथम संस्करण २०४२।

१६. मानन्धर, मदन रत्न : बौद्ध विश्वास (अनुवाद), मूल लेखक श्री के. श्री. धम्मानन्द, धर्मकीर्ति अध्ययन गोष्ठी, २०५१।

१७. प्राणपुत्र, भिक्षु सम्यक् सम्बोधि : बिशुद्धि मार्ग (नेपाली) (अनुवाद), मुद्रण: दि कर्पोरेट वडी अफ द बुद्ध एजुकेशन फाउण्डेशन टाइवान, सन्२००१।




Downloaded from http://dhamma.digital

१८. अभिधम्म अध्ययन समाजः अभिधम्म स्मारिका, वि.सं. २०६० ।
१९. बज्राचार्य, दुण्डबहादुर : दीघ निकाय, वीरपूर्ण पुस्तक संग्राहलय, २०५६ ।
२०. बज्राचार्य, दुण्डबहादुर : मज्झिम निकाय, वीरपूर्ण पुस्तक संग्राहलय २०५७ ।
२१. संघ रक्षित, भिक्षु : अनागतवंश, वेतिमाया शाक्य परिवार, वि.सं.२०५८ ।
२२. सांस्कृत्यायन, राहुल : बुद्ध चर्या, महाबोधि सभा, बनारस, ई.सन् १९५२ ।
२३. रक्षित, भिक्षु धर्म : धम्मपद, संस्कृत पुस्तकालय, वाराणसी, चतुर्थ संस्करण, सन् १९७१ ।
२४. काश्यप, भिक्षु जगदीश : मिलिन्द प्रश्न, जेतवन महाविहार पालि संस्थान, श्रावस्ती, द्वितीय संस्करण , सन् १९७२ ।
२५. प्रज्ञानन्द, भिक्षु : अनागतवंश, योगवीर सिंह, प्रथमावृति, २००९ ।
२६. प्रज्ञानन्द, भिक्षु : महा जयमंगल पाठ, अर्कणी शरणार्थीपि, नाछिपुर, दिनाजपुर, वि.सं. २००३ ।
२७. प्रज्ञानन्द, भिक्षु : विशुद्धि ज्ञान दर्शन, रत्नमाया, चन्द्रमाया। द्वितीय संस्करण वि.सं. २०२३ ।
२८. प्रज्ञानन्द, भिक्षु : अनन्तोपकारक बुद्ध, कान्छा शाक्य/सानुमान शाक्य, वि.सं. २०१९ ।
२९. प्रज्ञानन्द, भिक्षु : संखार भाजनी, शाक्य सिंह विहार, वि.सं. २०४० ।
३०. प्रज्ञानन्द, भिक्षु : परित्त सुत्त, षष्ठमं संस्करण, हेराकाजी सुजिका बु.सं. २५१७ ।
३१. बुद्धघोष, भिक्षु : अभिधर्मार्थ संग्रह (नेपाल भाषा), अनुवादक तथा सम्पादक, सुभाष प्रिण्टिङ्ग प्रेस, वि.सं. २०४८ ।
३२. बुद्धघोष, भिक्षु : त्रिरत्नया गुण व आनिशंस, रत्नदेवी शाक्य प्यूखा, वि.सं. २०४९ ।
३३. बुद्धघोष, भिक्षु : परित्राण (अर्थ व निदान सहित), हेराकाजी सुइका, बु.सं. २५२७ ।
३४. वज्राचार्य, दुण्डबहादुर : दीघ निकाय (अनुवाद), वीरपूर्ण पुस्तक संग्रहालय, २०४६ ।
३५. बज्राचार्य, दुण्डबहादुर : मज्झिम निकाय (अनुवाद), वीरपूर्ण पुस्तक संग्रहालय, २०५४ ।
३६. बज्राचार्य, दुण्डबहादुर : संयुक्त निकाय (अनुवाद), वीरपूर्ण पुस्तक संग्रहालय, २०५५ ।
३७. पालि प्रकाशन मण्डल, विहार : अभिधम्म पिटके, विभंग पालि, बु.सं. २५०४ ई.सन् १९६० ।
३८. पालि प्रकाशन मण्डल, विहार : संयुक्त निकाय पालि, बु.सं. २५०३ ई. सन् १९५९ ।
३९. पालि प्रकाशन मण्डल, विहार : अंगुत्तर निकाय पालि, बु.सं. २५०४ ई. सन् १९६० ।
४०. अमृतानन्द, भिक्षु : धम्मपद, धर्मोदय सभा, द्वितीय संस्करण, सन् १९४९ ।




Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# लेखकका प्रकाशित पुस्तकहरू

| पुस्तकको नाम | प्रकाशन वर्ष | |
|---|---|---|
| | वि.सं. | ई.सं. |
| १. संघनायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी (नेपाल भाषा) | २०३२ | १९७५ |
| २. काकबलीय महाजनहरूको कथा (नेपाली भाषामा अनुवाद) | २०३२ पौष | १९७६ |
| ३. Sanghanayaka Ven. Pragnananda Mahasthabir (A concise Biography) | २०३५ | १९७८ |
| ४. क) जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग (एक प्रारम्भिक विवेचना) – नेपाली भाषामा अनुवाद (प्रथम संस्करण) | २०४१ | १९८४ |
| ख) ऐ. (द्वितीय संस्करण) | २०५९ | २००२ |
| ५. पञ्चआलोक (नेपाली भाषामा अनुवाद) | २०४२ | १९८५ |
| ६. अखिल नेपाल भिक्षु महासंघया आजीवन धर्मानुशासक अरिय धम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरया जीवनी (नेपाल भाषा) | २०४३ | १९८६ |
| ७. A Brief Biographical Account of Ariya Dhamma Rakkhita Nepal Buddha Sasana Vansalankar Siri Sangha Maha Nayak Most Venerable Pragnananda Mahasthabir, The Life Long Dharmanushasaka of All Nepal Bhikshu Mahasangha, Nepal. | २०४३ | १९८६ |
| ८. धातु भेदानुपस्सना (नेपाली भाषामा अनुवाद) | २०४४ | १९८७ |
| ९. बुद्ध धर्म र आधुनिक विज्ञान (नेपाली) | २०४४ | १९८७ |
| १०. नेपालमा बुद्ध धर्मको आधुनिक इतिहासको अनुपम व्यक्तित्व संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर (नेपाली) | २०५६ | १९९९ |
| ११. क) आधुनिक विज्ञानको दृष्टिमा बुद्ध धर्म (नेपाली) प्र.संस्करण | २०५८ | २००१ |
| ख) ऐ. (द्वितीय संस्करण) | २०५९ | २००२ |
| १२. स्थविरवादी बौद्ध परम्पराय् बुद्ध पूजा (नेपाल भाषा) | २०५८ | २००१ |
| १३. सुगतिको निश्चितताको लागि अभिधर्म (नेपाली भाषा) | २०६० | २००४ |

# लेखकका अप्रकाशित साहित्यिक कृतिहरू

१. मतिना (कथा संग्रह, २०१८) – नेपाल भाषा
२. ल्हायेम्व पाहाँ (कथा संग्रह, २०१९) – नेपाल भाषा
३. म आउने छु (कथा तथा कविता संग्रह, २०१८–२०१९) – नेपाली भाषा
४. ए मानव छ्व दं (कविता संग्रह, २०१८–२०१९) – नेपाल भाषा
५. मालाच्वना जिं नं (गीत संग्रह, २०१८–२०२०) – नेपाल भाषा

Downloaded from http://dhamma.digital



आर. बि. वन्द्य

# लेखक परिचय

२०१९ मा बौद्ध भक्ति गीतको रचना प्रकाशित गरी बुद्ध धर्मको क्षेत्रमा कलम चलाउन थाल्नु भएका बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर. बि. वन्द्यज्यूको प्रस्तुत पुस्तक बुद्ध धर्मको क्षेत्रमा तेन्हौं प्रकाशित पुस्तक हो । बुद्ध धर्मका विषयमा ग्रन्थहरू लेख्न शुरू गर्नुभन्दा अगाडि उहाँ साहित्यमा अभिरूची लिनुहुन्थ्यो । उहांका नेपाली साहित्यिक रचनाहरू विभिन्न मासिक पत्रिकाहरूमा प्रकाशित हुने गर्दथ्यो । उहाँका अन्य विषयका अंग्रेजी, नेपाली र नेपाल भाषाका रचनाहरू पनि समय समयमा विभिन्न पुस्तक पुस्तिका तथा पत्रिकाहरूमा प्रकाशित भएका छन् । साहित्य, परोपकार र धर्म र दर्शनको सेवा उहाँका अतिरिक्त रूचीका विषय हुन् ।

किशोरावस्थादेखि बुद्ध धर्मको साधनामा लाग्नु भएका श्री वन्द्यज्यूले बुद्ध धर्मका सूक्ष्म पक्षहरू र वैज्ञानिक पक्षहरूका सम्बन्धमा विभिन्न संघ संस्थाहरूमा अनेकौंबार रोचक तथा गहन प्रवचनहरू दिनु भएको छ । उहांको प्रचलित नाम हो राजा भाइ शाक्य । उहांले त्रि.वि.वि. बाट एम.ए. (अर्थशास्त्र) मा सर्बोत्कृष्ट स्थान हासिल गर्नु भएको थियो ।

३५ बर्षसम्म लामो श्री ५ को सरकारको सेबामा रहंदा उहाँले काठमाडौं उपत्यकामा भूमि प्रशासक, सप्तरीमा प्रमुख जिल्ला अधिकारी र भूमि सुधार मन्त्रालय तथा वाणिज्य मन्त्रालयमा विभिन्न पदमा रही नेपालको भूमि व्यवस्थाको सुधार र विकासमा र देशको वाणिज्य तथा पारवहन क्षेत्रको सुधारमा अनुपम ऐतिहासिक योगदान पुऱ्याउनु भएको छ ।

उहाँले आफ्नो कूटनैतिक जीवनमा नेपाल–भारत सम्बन्धमा शिथीलता आउंदाको समयमा भारतको कोलकातामा नायव महावाणिज्यदूतको पदमा रही महत्वपूर्ण सेवा पुऱ्याउनु भएको थियो भने उहाँ सरकारी सेवाको आखिरी दिनसम्म पनि भारतको नयां दिल्लीमा इकोनोमिक मिनिष्टरको पदमा क्रियाशील रहनु भयो ।

उहाँ विख्यात त्रिशक्तिपट्ट, सुप्रवल गोरखा दक्षिणबाहु र प्रवल गोरखा दक्षिणबाहुबाट विभूषित हुनुहुन्छ र श्री ५ महाराजाधिराज सरकार र श्री ५ को सरकारबाट प्राप्त समेत गरी ५ अलंकार पदकहरूबाट सुशोभित हुनुहुन्छ । निजी क्षेत्रबाट उहाँले नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्रशंसापत्र र प्रशंसा पदक, श्रीशाक्यसिंह विहारबाट आदरपत्र र फिलिपिन्सको बागियोको "वाइजमेन्स क्लव" बाट प्रथम मानार्थ सदस्यता प्राप्त गर्नु भएको छ ।

उहाँले भारत, चीन, बंगलादेश, श्रीलंका, माल्दीभ्स, थाइल्याण्ड, फिलिपिन्स, इण्डोनेशिया, हंगकंग, सिंगापुर, अष्ट्रेलिया, पपुआ न्यूगिनी, इटाली, फ्रान्स, संयुक्त अधिराज्य, इराक, कुवेत, युगोस्लाभिया, संयुक्त अरव एमिरेट्स आदि देशहरूको भ्रमण गर्नु भएको छ ।

धार्मिक सहिष्णुता र सहअस्तित्वमा गहिरो आस्था राख्नु हुने श्री वन्द्यज्यू धर्म र दर्शनको क्षेत्रमा उदारवादी दृष्टिकोण राख्नुहुन्छ । मानव मात्रको व्यक्तिगत सुख, शान्ति र कल्याणको साथै आर्य मार्ग ज्ञान र फलले चिरस्थायी विश्व शान्ति कायम गर्नमा पनि अनुपम भूमिका खेल्न सक्ने कुरामा विश्वस्त हुनुहुन्छ । उहाँ धर्मोदय सभाका सदस्य, श्रीशाक्यसिंह विहार, श्री सुमंगल विहार, श्री गण महाविहार, श्री अशोक चारुमती स्तुप विहार, श्री नगरमण्डप श्रीकीर्ति विहार र श्री प्रणिधिपूर्ण विहारका आजीवन सदस्य हुनुहुन्छ । उहां प्रज्ञानन्द स्मृति चिकित्सालयमा सल्लाहकार हुनुहुन्छ ।

सरकारी सेवाको व्यस्त जीवनमै दश वटा बुद्ध धर्म सम्बन्धी ग्रन्थ लेख्न भ्याउनु भएका श्री वन्द्यज्यूबाट बुद्ध धर्म क्षेत्रले आगामी दिनहरूमा अमूल्य ग्रन्थरत्नहरू लाभ गर्न सकिने अपेक्षा गर्न सकिन्छ । तेन्हौं पुस्तकको रूपमा प्रकाशित उहाँको यस गम्भीर प्रकृतिको प्रस्तुत पुस्तकबाट नेपालका सद्धर्मप्रेमीहरू निकै लाभान्वित हुने आशा गरेको छु । हालसम्ममा उहाँका नेपालीमा ८, अंग्रेजीमा २ र नेपाल भाषाका ३ वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

– प्रा. डा. तेज बहादुर के.सी.
डीन

कृषि र पशु विज्ञान अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय, काठमाडौं, नेपाल

ISBN No. 99933-876-8-1

Downloaded from http://dhamma.digital